सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ पुस २०८१, मंगलबार (17 Dec 2024, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २४० ■ पृष्ठ १२+४ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कम्प्युटर अधिकृतको व्यवस्थापनबारे सर्वोच्चको फैसलाले अन्योल

अध्ययनका लागि सामान्य प्रशासन मन्त्रालयले गठन गऱ्यो कार्यदल



प्रशासन सेवामा उपसचिव बढुवा दाबी गर्दै कम्प्युटर अधिकृतहरूले हालेको रिटमाथि सर्वोच्च अदालतले गरेको फैसलाले अन्योल सिर्जना गरेको छ। रिट निवेदनकर्ताको मागबमोजिम सर्वोच्चले फैसला गरिदिएपछि त्यसको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा द्विविधा उत्पन्न भएको हो।

(विस्तृत पृष्ठ ३)

इन्जिनियरिङको नयाँ जनादेश



अग्रलेख

● इ. डा. शंकर ढकाल

बाढी प्रतिकार रणनीति र बाढीप्रतिरोधी पुल र सडक संरचनाका निम्ति नवीन वा परिवर्तित प्रविधि, डिजाइन, नीति तथा मापदण्ड आवश्यक छ

(पृष्ठ ६)

अर्थ पत्रिका

माथिल्लो अरुणमा विश्व बैंक पछि हटे स्वदेशी लगानी जुटाइने

एक हजार ६३ मेगावाटको माथिल्लो अरुणमा विश्व बैंकले ऋण लगानी गर्न भारतको लिखित सहमति मागेपछि पछिल्लो समय थप वार्ता अघि बढ्न सकेको छैन

राजस्वभन्दा एक खर्ब ५६ अर्ब बढी सरकारी खर्च

एक रुपैयाँ राजस्व उठाउँदा सरकारी खर्च एक रुपैयाँ ३९ पैसा छ

पुँजीगत खर्चमा सुधार आएको छ : अर्थमन्त्री पौडेल

(पृष्ठ १३)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ संसदीय छानबिन विशेष समितिले तीन महिनाभित्र सहकारी प्राधिकरण गठन गरेर पाँच लाखभन्दा कम बचत गर्नेको रकम फिर्ता गर्न सरकारलाई दिएको समयावधि सकियो

तर सरकार रविको पछि मात्रै, सहकारीपीडितले एक रुपैयाँ पनि पाएनन्

६० दिनदेखि अनुसन्धानका नाममा रविलाई जिल्ला-जिल्ला दौडाइरहेको सरकारले सहकारीपीडितको वास्तविक तथ्यांकसमेत संकलन गरेको छैन

● **पीताम्बर घिमिरे,** महानिर्देशक, सहकारी विभाग



समितिले पाँच लाखभन्दा कम बचत गर्ने बचतकर्ताको रकम फिर्ता गर्न त भन्यो। तर, हामीसँग पीडितको यकिन तथ्यांक नै आइसकेको छैन। तथ्यांक नहुँदा सरकारसँग ऋणबापत माग गर्नुपर्ने रकम पहिल्याउन सकिएको छैन। प्रक्रिया निकै जटिलजस्तो देखिन्छ।

टेकराज थामी/नयाँ पत्रिका

सूर्य थापा नेतृत्वको संसदीय छानबिन विशेष समितिले तीन महिनाभित्र सहकारी प्राधिकरण गठन गरेर पाँच लाख रुपैयाँसम्मका साना बचतकर्ताको रकम तत्काल फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्न सरकारलाई निर्देशन दिएको थियो। आइतबार तीन महिना पूरा भएको छ। तर, ६० दिनदेखि 'प्रतिशोध'सहित रास्वपा सभापति रवि लामिछानेमाथि अनुसन्धान गरिरहेको सरकारले न प्राधिकरण गठन गरेको छ, न एकजना बचतकर्ताको एक रुपैयाँ फिर्ता दिन सकेको छ।

सरकारले गत १५ जेठमा थापाको नेतृत्वमा सहकारी

» पृष्ठ १५ मा क्रमशः

■ 'प्रतिशोध'सहित रविमाथि अनुसन्धान : 'हदम्याद नाघेर मुद्दा दायर गरिँदै'

पोखरामा **रोहितराज पराजुली**

रास्वपा सभापति रवि लामिछानेविरुद्धको अनुसन्धानमा राजनीतिक प्रतिशोधको आरोपसँगै हदम्यादको प्रश्नसमेत उठेको छ। सहकारी ठगीसम्बन्धी पूरक जाहेरी परेको अवस्थामा ९० दिनभित्र मुद्दा दायर गरिसक्नुपर्नेमा संसदीय समितिको प्रतिवेदन कार्यान्वयन भन्दै हदम्याद नाघेर मुद्दा दायर गर्न खोजिएको लामिछानेका कानुन व्यवसायीले बताएका छन्। लामिछानेविरुद्ध गत वर्ष माघमा कास्की प्रहरीमा पूरक जाहेरी परेको थियो।

'अनुसन्धान र अभियोजनमा हकदैया, क्षेत्राधिकार र हदम्याद एकदमै महत्त्वपूर्ण हुन्छ,' एक कानुन व्यवसायी भन्छन्, 'लामिछानेविरुद्धको मुद्दामा तीनै विषयको ख्याल गरिएको छैन। जसका कारण यो मुद्दा कानुनअनुसार दायर नै हुन सक्दैन।'

सहकारी ऐनअन्तर्गतको कसुरमा ९० दिनभित्र अदालतमा पूरक अभियोग पेस गरिसक्नु हदम्याद हुन्छ। ती कानुन व्यवसायी भन्छन्, 'कानुनमा तोकिएको हदम्याद नाघी मुद्दा दर्ता गर्नु देवानी र फौजदारी कानुनको मान्य सिद्धान्तविपरीत हो भने विशिष्टीकृत कानुन (सहकारी ऐन)मा हदम्यादको व्यवस्था हुँदाहुँदै सामान्य कानुनमा (मुलुकी अपराधसंहिता २०७४ को दफा २४९) अनुसारको हदम्यादअनुसार मुद्दा चलाउन खोज्नु व्याख्यात्मक कानुनको सिद्धान्तविपरीत हो।'

प्रहरी अधिकारीले भने संसदीय छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णयका आधारमा यो

» पृष्ठ १५ मा क्रमशः

कास्की प्रहरीको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेस

रविसहित ५१ जनाविरुद्ध मुद्दा चलाउन राय



पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा कास्की प्रहरीले रास्वपा सभापति रवि लामिछानेसहित ५१ लाई प्रतिवादी बनाएर मुद्दा चलाउन सरकारी वकिलको कार्यालयलाई रायसहितको प्रतिवेदन बुझाएको छ। उनीहरूविरुद्ध एक अर्ब ५१ करोड ४० लाख १९ हजार बिगो मागदाबीका लागि सिफारिस पनि गरिएको छ।

■ सहकारी ठगीमा प्रत्यक्ष जोडिएका 'सत्तारूढ आरोपी' अनुसन्धानबाहिरै



■ मितेरी सहकारीको १५ करोड हिनामिनामा प्रत्यक्ष जोडिएका काग्रेस उपसभापति धनराज गुरुङको अनुसन्धान सत्ताको छायामा। सामान्य सोधपुछ मात्रै गरियो। अनुसन्धानको नेतृत्व गरेका सिआइबीका डिएसपी नै कारबाहीमा।



■ मोरङको उमागौरी सहकारीको साढे २२ करोड हिनामिनामा प्रत्यक्ष संलग्न एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जलालाई निरन्तर सत्ताको 'आशीर्वाद'। घरमै रहेकी उनलाई सोधपुछसमेत गरिएन। उल्टै सजिलो बनाउन फरार सूचीमा राखेर मुद्दा दायर गरियो।



■ नेसनल नमोबुद्ध सहकारीका ११ हजार बचतकर्ताको रकम अपचलनमा मुछिएका एमाले प्रदेश सांसद ज्ञानबहादुर तामाङविरुद्ध पीडितहरूले सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी नै दिए। तर, उनीमाथि अनुसन्धान नै भएन।

■ राष्ट्रको झन्डामुनि राष्ट्रप्रेमी



संयुक्त राष्ट्र संघमा नेपालको राष्ट्रिय झन्डालाई विश्वव्यापी रूपमा अंगीकृत गरेको ६२ वर्ष भयो। १ पुस २०१९ (१६ डिसेम्बर १९६२) मा प्राप्त उक्त उपलब्धिको सम्झनामा यसपालि पनि राष्ट्रिय झन्डा दिवस मनाइएको छ। सोमबार राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठान नेपालको अगुवाइमा वसन्तपुर दरबार स्क्वायरमा राष्ट्रिय झन्डा बोकेर च्याली गरियो।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

संक्रमणकालीन न्यायमा फेरि राजनीति





● प्रधानमन्त्री ओली र काग्रेस सभापति देउवाबिच सहमति नहुँदा बेपत्ता छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोगमा पदाधिकारी सिफारिस हुन सकेनन्

● पदाधिकारी नियुक्तिको सिफारिस गर्न गठित समिति निर्णय गर्न नसकेपछि विघटन

● १८ वर्षदेखि थाती संक्रमणकालीन न्याय फेरि धकेलियो

कमलराज भट्ट/नयाँ पत्रिका

सत्तारूढ दलकै शीर्ष नेताबिचको असमझदारीले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी चयन अलपत्र परेको छ। आयोग अध्यक्षमा प्रधानमन्त्री केपी ओली र काग्रेस सभापति शेरबहादुर देउवाबिच सहमति नबनेपछि दुवै आयोगमा पदाधिकारी नियुक्तिको सिफारिस गर्न गठित सिफारिस समिति नै विघटन भएको छ। समिति विघटन हुँदा तत्कालका लागि आयोग पदाधिकारी चयन रोकिएको मात्र छैन, १८ वर्षदेखि थाती संक्रमणकालीन न्याय फेरि पछाडि धकेलिएको छ।

सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिवको सरुवा

६० दिनको कार्यावधि पाएको सिफारिस समितिले अन्तिम समयसम्म पदाधिकारी छनोट गर्न प्रयास गरे पनि राजनीतिक तहमा साझा धारणा बन्न नसक्दा असफल भएको हो। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग अध्यक्ष तथा सदस्य नियुक्ति गर्न गठित सिफारिस समितिले राजनीतिक सहमति जुटाउन नसकिएको प्रस्ट संकेत दिएको छ। 'शान्ति प्रक्रियाका काम टुंगोमा नपुग्नुको पछाडि रहेका अन्तरनिहित कारणको समीक्षा तथा त्यसको वस्तुनिष्ठ विश्लेषण गरेर मात्र आयोगका पदाधिकारी चयन गर्दा शान्ति प्रक्रिया निष्कर्षमा पुग्छ

» पृष्ठ १५ मा क्रमशः

रहेनन् काठमाडौं महानगरका पहिलो मेयर पिएल

०४९ को निर्वाचनमा काठमाडौं नगरपालिकाको मेयर भएका पिएलकै पहलमा ०५२ मा गरिएको थियो काठमाडौंलाई महानगर घोषणा

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

काठमाडौंलाई महानगरपालिका बनाउन महत्त्वपूर्ण भूमिका खेलेका प्रेमलाल (पिएल) सिंहको सोमबार निधन भएको छ। लोकतान्त्रिक आन्दोलनका लौहपुरुष गणेशमान सिंहको विश्वासिलो पात्रका रूपमा निकट भएर काम गरेका सिंहको ८८ वर्षको उमेरमा काठमाडौंमै निधन भएको हो।


सिंहको निधनमा काग्रेसले तीन दिन झन्डा झुकाउने

काग्रेसको आन्तरिक कलह होस् वा नेताहरूको शक्ति संघर्ष, जहाँबाट हेर्दा पनि सिंहको राजनीतिक जीवन उतारचढावपूर्ण छ। पिएल काठमाडौं नगरपालिका पूर्वनगर प्रमुख मात्र थिएनन्, काग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेका पात्र पनि थिए।

पिएललाई नजिकबाट जान्नेहरूका अनुसार गणेशमानका हरेक निर्णय र अनुकूलता-प्रतिकूलतामा उनले साथ दिएका थिए। काग्रेस नेता एवं पूर्वमन्त्री भीमसेनदास प्रधानका अनुसार ०१५ सालदेखि नै पिएलले गणेशमानलाई साथ दिएका थिए। उनले आफ्नो मृत्युअघिसम्म पनि गणेशमानप्रतिको आस्था टुटाएनन्। पिएलको जन्म जन्म १९९३ सालमा काठमाडौंको ताम्सिपाखामा भएको थियो।

०१५ मा निर्वाचनपछि बिपी कोइराला प्रधानमन्त्री र गणेशमान मन्त्री

» पृष्ठ १५ मा क्रमशः





सिंहको पार्थिव शरीरमा राष्ट्रिय झन्डा ओढाउँदै प्रधानमन्त्री केपी ओली

पिएल सिंह काठमाडौं नगरपालिका पूर्वनगरप्रमुख मात्र थिएनन्, काग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा भूमिका खेलेका पात्र पनि थिए, तर ०६२-०६३ को जनआन्दोलनपछि काग्रेसले गणतन्त्रको वैचारिक-राजनीतिक बाटो समात्दा पिएल त्यो राजमार्गमा हिँड्न चाहेनन्, गणेशमानकै नेतृत्वमा भएको ०४६ को आन्दोलनपछि बनेको संविधान मास्नुहुन्न भन्ने मान्यता पिएलले राखे।

एकीकृत समाजवादीले तत्काल कुनै पार्टीसँग एकता नगर्ने



● **जगन्नाथ खतिवडा,** उपाध्यक्ष

अहिलेकै अवस्थामा अन्य कुनै पनि कम्युनिस्ट पार्टीहरूसँग एकीकरण हुँदैन। तर, सहकार्यको सम्भावना भने सधैं जीवितै रहेको हुँदा विभिन्न राष्ट्रिय एजेन्डामा सहकार्य गर्न तयार छौं।

काठमाडौं/ एकीकृत समाजवादीले 'आन्दोलनद्वारा पार्टी निर्माण' कार्ययोजना पारित गरेको छ। पार्टी कार्यालय मीनभवनमा सोमबार बसेको स्थायी कमिटी बैठकले कार्ययोजना पारित गरेको हो। आन्दोलनकै बिचबाट पार्टी निर्माण गर्नुपर्नेमा जोड दिएर महासचिव घनश्याम भुसालले कार्ययोजना प्रस्तुत गरेका थिए। जनताको घरघरबाटै जनसंघर्षको माध्यमबाट पार्टी निर्माण गर्ने निष्कर्षमा पुगेको उपाध्यक्ष जगन्नाथ खतिवडाले बताए। आगामी निर्वाचनमा पार्टीलाई सशक्त रूपमा उभ्याउने र गठबन्धन नगरी निर्वाचनमा जाने गरी तयारी गर्ने उनले बताए।

बैठकले तत्काल कुनै पनि पार्टीसँग एकता नगर्ने निष्कर्ष निकालेको पनि खतिवडाले बताए। 'आगामी निर्वाचनमा एकीकृत समाजवादीलाई सशक्त प्रतिस्पर्धी पार्टीको रूपमा उभ्याउने र कलम चिह्नका उम्मेदवारलाई देशभर स्थापित गर्ने गरी छलफल भयो। हालको अवस्थामा अन्य कुनै पनि कम्युनिस्ट पार्टीहरूसँग एकीकरण हुँदैन। तर, सहकार्यको सम्भावना भने सधैं जीवितै रहेको हुँदा विभिन्न राष्ट्रिय एजेन्डामा सहकार्य गर्न तयार छौं,' खतिवडाले भने। गत शुक्रबारदेखि बैठक जारी छ।

कुपन्डोलदेखि जावलाखेलसम्म इन्टेलिजेन्स ट्राफिक लाइट

नयाँ पत्रिका

ललितपुर महानगरपालिकाले डेढ महिनाअघि नै जडान गरेको इन्टेलिजेन्स ट्राफिक लाइट सोमबारदेखि औपचारिक रुपमा सञ्चालनमा ल्याइएको छ। १०६औँ महानगर दिवसको अवसरमा ललितपुर महानगर प्रमुख चिरिबाबु महर्जन र बागमती प्रदेशका श्रम रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले सोमबार बिहान पुल्चोकस्थित महानगरपालिका अगाडिको चोकमा राखिएको लाइटको स्विच अन गरेर उद्घाटन गरे।



इन्टेलिजेन्स प्रणालीमा आधारित यी लाइटले जता धेरै सवारीसाधनको चाप छ, त्यतैतिर हरियो बत्ती बाल्छन्। ललितपुर महानगरपालिकाले डेढ महिनाअघि मात्रै कुपन्डोलदेखि जावलाखेलसम्म पाँच स्थानमा यस्ता लाइट जडान गरेको थियो। जडानको सबै प्रक्रिया सकिएपछि सोमबारदेखि नियमित सञ्चालनमा ल्याइएको हो। पहिलो चरणमा पुल्चोकमा दुई, कानदेवता स्थानमा एक, दमकल चोकमा एक र जावलाखेलमा एक गरी पाँचवटा लाइट जडान गरिएको छ। लाइटसँगै राखिएको भेइकल डिटेक्टर मेसिनले सडकमा सवारीसाधनको संख्या तत्काल रिड गरेर तत्कालै ट्राफिक लाइटको चिप तथा सर्भरलाई जानकारी गराउँछ। सोही आधारमा सिस्टमले जता धेरै सवारीसाधन छन्, त्यतातिर हरियो बत्ती बाल्छ। काठमाडौंतर्फका ट्राफिक लाइटमा यात्रुले धेरै समय कुर्नुपर्ने भए पनि ललितपुरमा धेरैमा ३०-५० सेकेन्ड मात्रै पर्खे पुग्छ।



● **चिरिबाबु महर्जन**, मेयर, ललितपुर महानगरपालिका

हाम्रो उद्देश्य काठमाडौंतर्फको ट्राफिक जाम र लाइट पार गरेर थापाथली पुल हुँदै ललितपुरतर्फ आएकालाई केही समय पनि रोक्न नपरोस् र ट्राफिक लाइटले सहजता प्रदान गरोस् भन्ने हो। यो लाइट निकै प्रभावकारी छ, अन्य देशमा पनि उपयोगी मानिएकाले ललितपुरमा जडान गरेका हौं।

महानगर प्रमुख चिरिबाबु महर्जनले प्राविधिक अध्ययन गरेर ट्राफिक व्यवस्थापन गर्ने लाइट जोडिएको बताए। 'हाम्रो उद्देश्य काठमाडौंतर्फको ट्राफिक जाम र लाइट पार गरेर थापाथली पुल हुँदै ललितपुरतर्फ आएकालाई केही समय पनि रोक्न नपरोस् र ट्राफिक लाइटले सहजता प्रदान गरोस् भन्ने हो,' उनले भने, 'यो लाइट निकै प्रभावकारी छ, अन्य देशमा पनि उपयोगी मानिएकाले ललितपुरमा जडान गरेका हौं।'

यो लाइट स्वचालित भएकाले अन्य परम्परागत ट्राफिक लाइटभन्दा फरक र सहज पनि छ। यससँगै राखिएको भेइकल डिटेक्टरले सवारीसाधनको नम्बर तथा विवरण रिड गर्छ। सिस्टमले नै कुन दिशातर्फ कति टाइमिङ चाहिने हो आफैँ सेट गर्छ। हाल यसको मनिटरिङ सिस्टम ट्राफिक कार्यालयमा राखिएको छ।

यो लाइट फिक्स, पुलिस म्यानुअल, सिंक्रोनाइजेसन, एटिसिएसलगायत आवश्यकताअनुसारको मोडमा प्रयोग गर्न सकिने प्राविधिक सुयोशभक्त माथेमाले बताए। उनका अनुसार यसमा पाँच वर्षसम्म डेटा स्टोर हुन्छ भने सवारीसाधनको र दुर्घटनाको रेकर्डसमेत रहन्छ। लाइट जडान गरेको नमुना पावर ग्रेड जेभीले सुरुमा ११७ स्थानमा सम्भाव्यता अध्ययन गरे पनि अतिआवश्यक पर्ने पाँच स्थानमा जडान गरिएको हो। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसपी सञ्जयबहादुर राउतले पूर्ण रूपमा प्रविधि नहुँदा ट्राफिस व्यवस्थापनमा समस्या भएको बताए। उनका अनुसार हाल उपत्यकामा ६४ स्थानमा ट्राफिक लाइट राखिए पनि ३५ स्थानमा मात्र ट्राफिक लाइटले काम गरेको छ।

सोमबार नै ललितपुर महानगर प्रहरीले एक वर्षभरि गरेका कामकारबाहीबारे भिडियो सामग्री प्रस्तुत गरेको छ। महानगरवासी, विभिन्न निकायका व्यक्तिलगायतको उपस्थितिमा नगर प्रहरीले एक वर्षभरिमा गरेका गतिविधि सार्वजनिक गरेको हो।

■ खाल्डाखुल्डी र धुलो भएको भन्दै हेल्लो सरकारमा स्थानीयको उजुरी

वसुन्धरा–सामाखुसी सडकको केही भाग गरियो कालोपत्रे



शिवहरि घिमिरे/नयाँ पत्रिका

अत्यधिक खाल्डाखुल्डी र धुलाम्मे भएको भन्दै स्थानीयले हेल्लो सरकारमा एक महिनाअघि गुनासो गरेपछि वसुन्धरा-सामाखुसी सडकको दायाँबायाँको केही भाग कालोपत्रे गर्न थालिएको छ। सर्भिस लेन बनाउन तयार पारिएको कच्ची सडकबाट सवारीसाधन गुद्दा अत्यधिक धुलो उड्ने समस्या देखिएपछि स्थानीयले गुनासो गरेका थिए। सोही आधारमा सडक विभाग चक्रपथ सुधार आयोजनालाई उक्त क्षेत्रमा कालोपत्रे गर्न निर्देशन दिएको थियो।

सरकारले सो खण्ड चिनियाँ कम्पनीलाई विस्तार गर्न जिम्मा दिए पनि चिनियाँ पक्षले काम सुरु गरेको छैन। सडकखण्डमा भएका अवरोध हटाउने काम नेपाल पक्षले ६ महिनाअघि नै सकाएको छ। तर, चिनियाँ पक्षले काम अझै सुरु नै गरेको छैन। चक्रपथ सुधार आयोजनाका इन्जिनियर सुरेन्द्रकुमार सिंहले अत्यधिक धुलो भएको भन्दै हेल्लो सरकारका उजुरी परेपछि कालोपत्रे गर्न थालिएको बताए। 'गोंगबुमा साह्रै धुलो भयो भनेर स्थानीयवासीले हेल्लो सरकारमा उजुरी हाल्नुभएको थियो, सोही आधारमा मन्त्रालयको निर्देशनअनुसार कालोपत्रे गरेका हौं,' उनले भने, 'यो पिच कलंकीसम्म नै हुन्छ, तर बालाजुदेखि स्वयम्भूसम्म भने काठमाडौं महानगरपालिकाले दायाँबायाँ पिच गरिदिने सहमति गरेको छ।' उनका अनुसार महानगरपालिकाले धुलोरहित बनाउन रिङरोड तथा भित्री सडक कालोपत्रे गर्न सडक विभागलाई आग्रह गरेको थियो। तर, विभागले केही ठाउँमा महानगरले पनि लगानी गर्नुपर्छ भनेपछि महानगरपालिका भित्री सडक, फिनिसिङ गर्ने, रिङरोड जोड्ने केही पुल र सडकमा पिच तथा मर्मत गर्न सहमति भएको हो।

आयोजनाले बिचको भागमा केही कालोपत्रे भएको र दायाँबायाँ कच्ची भएको भन्दै हाललाई धुलोमुक्त र मर्मत-सम्भार योजनाअनुसार कालोपत्रे गर्न लागेको हो। दायाँबायाँ गरेर करिब तीन-तीन मिटर कालोपत्रे गरिएको आयोजनाले जनाएको छ। तर, यो अस्थायी तथा चिनियाँ पक्षले काम सुरु नगर्दासम्मका लागि मात्र हो। हालसम्म वसुन्धरादेखि सामाखुसीसम्म दुई किमी दायाँबायाँ पिच गरिएको छ। अब आयोजनाले स्वयम्भूदेखि कलंकीसम्म पनि दायाँबायाँ यसैगरी पिच गर्नेछ। यसो गर्दा उक्त खण्डमा केही हदसम्म धुलो कम भएको छ भने स्थानीयवासीलाई पनि राहत मिलेको छ। उक्त कार्यका लागि आयोजनाले साढे चार करोड बजेट विनियोजन गरेको छ।

हालसम्म करिब एक करोड बजेट खर्च भएको छ भने मुख्य धुलो उड्ने क्षेत्र गोंगबुमा काम गर्न बाँकी नै छ। 'अहिले सबैभन्दा बढी खाल्डाखुल्डी र धुलो गोंगबु क्षेत्रमा छ, यो क्षेत्रका बासिन्दाले धेरैपटक गुनासो पनि गर्नुभएकाले अहिलेलाई अस्थायी रूपमा पिच गर्ने कार्य भएको हो,' इन्जिनियर सिंहले भने, 'बालाजुमा पनि धेरै खाल्डाखुल्डी छन्, यस क्षेत्रमा महानगरले पिच गर्ने सहमति गरेको छ।' उनका अनुसार यस क्षेत्रमा चिनियाँ पक्षले काम कहिलेदेखि सुरु गर्ने हो भन्ने यकिन छैन। हाल नेपाल पक्षसँग चिनियाँ पक्ष सम्पर्कमै नभएकाले काम कहिलेदेखि सुरु हुने हो आयोजनालाईसमेत पत्तो छैन।

■ बेखबर छ चिनियाँ पक्ष

चिनियाँ ठेकेदार कम्पनीले रिङरोड सडकखण्ड कालोपत्रे गर्ने ठेक्का लिने प्रतिबद्धता जनाएको थियो। तर, अहिलेसम्म ठेकेदार कम्पनी सम्पर्कमै छैन। प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा यो विषयमा केही कुरा नै उठेन। चिनियाँ कम्पनीकै कारण अघि बढ्न नसकेको रिङरोडको यो खण्डबारे छलफल गर्न भौतिक पूर्वाधार मन्त्रालय तथा सडक विभाग कुनै पनि प्रतिनिधिलाई लगिएको थिएन। सडक विभागका महानिर्देशक रामहरि पोखरेलले यो विषयमा सरकारले चीन भ्रमणका क्रममा छलफल गरेको भए काम अघि बढ्न सक्ने बताए। 'चीन भ्रमणमा हाम्रो विभाग तथा सडकसँग सम्बन्धित प्रतिनिधिहरू गएनौं, यसबारेमा जानकारी गराएको भए राम्रो हुने थियो,' उनले भने।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८१/०९/०२ गते।

यस बैंकको तपसिलका कार्यालयहरूबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेनारकम असूलउपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित शाखा कार्यालय : शाखा चापागाउँ, ललितपुर

क्र.स.	कर्जा ग्राहकको नाम	ठेगाना	बाजे/ससुराको नाम	पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु	मिति २०८१।०८।२६ सम्मको व्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम
१.	राम सुमारा कृषि तथा भैसी फर्म प्रो. राम प्रसाद तिमल्सीना	गोटीखेल-२, सुमारा, ललितपुर	धर्मदत्त तिमल्सीना	सोमनाथ तिमल्सीना	सरल कृषि कर्जा	१४,५०,०००/-	१,०१७१२/-	१५,५१७१२/-	-
२.	रिमझिम फास्टफुड एण्ड भोजनालय प्रो. सीता सञ्जेल	गोदावरी-११, प्याङगाउँ, ललितपुर	चेतनाथ सञ्जेल	रामचन्द्र सञ्जेल	सेवा कर्जा	३०,००,०००/-	३,४७,०००/-	३३,३७,०५०/-	रामचन्द्र सञ्जेल अनिल सञ्जेल
३.	सीता सञ्जेल	चापागाउँ-६, चापागाउँ, ललितपुर	चेतनाथ सञ्जेल	रामचन्द्र सञ्जेल	घरायसी कर्जा	१५,००,०००/-	६४,०००/-	१५,७०,९००/-	रामचन्द्र सञ्जेल अनिल सञ्जेल
४.	ओजस निर्माण सेवा प्रो. हरिधर श्रेष्ठ	गोदावरी-११, चापागाउँ, ललितपुर	जित बहादुर श्रेष्ठ	दयाराम श्रेष्ठ	हायर पर्चेज कर्जा हायर पर्चेज कर्जा जमानत दावी कर्जा	१०७२६६८/- १२०३५००/- १०,००,०००/-	२०४३३७/- १,७०७७५/- ५५,३००/-	१२७७००५/- १३७४२७५/- १ ५५,३००/-	उर्मिला श्रेष्ठ श्रीधर श्रेष्ठ गंगाधर श्रेष्ठ विमला महत कल्याणी श्रेष्ठ
५.	हरिधर श्रेष्ठ	गोदावरी-११, चापागाउँ, ललितपुर	जित बहादुर श्रेष्ठ	दयाराम श्रेष्ठ	घरायसी कर्जा	२०,००,०००/-	९१६००/-	२०९१६००/-	उर्मिला श्रेष्ठ श्रीधर श्रेष्ठ गंगाधर श्रेष्ठ विमला महत
६	अजम्बरी निर्माण कम्पनी प्रा.लि.अ.सं. ऋषिकुमार आचार्य	गोदावरी-१०, चापागाउँ, ललितपुर	गोविन्द प्रसाद आचार्य	भिमनाथ आचार्य	सरल ठेक्कापट्टा कर्जा	३०,००,०००/-	१२१६००/-	३१२१६००/-	ऋषिकेश आचार्य दिवाकर थापा भाष्कर थापा
७	कमला कृषि फर्म प्रो. कमला महत	बुखेल-४, कतुवन भञ्ज्याङ	अच्छाबहादुर महत	भीम बहादुर महत	सहुलियपुर्ण कर्जा	१३५६००/-	५,९७,०००/-	७,३२६००/-	भीम बहादुर महत
८	ला माउन्टेन ८८४८ रेष्टुरेन्ट प्रो. दिप थापा	गोदावरी-१३, भरुवारासी, ललितपुर	जित बहादुर थापा	विष्णु बहादुर थापा	सेवा कर्जा	२०,००,०००/-	३,४४७००/-	२३,४४,७००/-	लेखा थापा विल्टु थापा
९	दिप थापा	गोदावरी-१३, भरुवारासी, ललितपुर	जित बहादुर थापा	विष्णु बहादुर थापा	घरायसी कर्जा	१०,००,०००/-	१,३५७००/-	१ १,३५७००/-	लेखा थापा विल्टु थापा
१०.	हाम्रो खाजाघर एण्ड क्याफे प्रो. सन्तोष तामाङ	गोदावरी-१०, चारघरे, ललितपुर	गज बहादुर तामाङ	सुर्य बहादुर तामाङ	व्यापार कर्जा	२०,००,०००/-	२,०५,७००/-	२२,०५,७००/-	उमा तामाङ (शाही)
११.	सन्तोष तामाङ	गोदावरी-१०, चारघरे, ललितपुर	गज बहादुर तामाङ	सुर्य बहादुर तामाङ	घरायसी कर्जा	१०,००,०००/-	८६२२६/-	१०,८६२२६/-	उमा तामाङ (शाही)
१२.	तारा के.सी.	गोदावरी-८, डुकुछाप, ललितपुर	मिन बहादुर के.सी.	ध्रुव के.सी.	सरल कृषि कर्जा	९,५०,०००/-	२७२००/-	९,७७,२००/-	ध्रुव के.सी.
१३.	ईश्वरी वस्नेत	गोदावरी-८, डुकुछाप, ललितपुर	भिमसेन बहादुर के.सी.	विनोद कुमार बस्नेत। दिनेश के.सी.	सरल कृषि कर्जा	१५१२७१२।-	१०२८३४।-	१६१५५४६।-	दिनेश के.सी.
१४.	राज कुमार घर्ती क्षेत्री	गोदावरी-८, डुकुछाप, ललितपुर	ईन्द्र बहादुर घर्ती क्षेत्री	भिम बहादुर घर्ती क्षेत्री	सरल कृषि कर्जा	६,००,०००/-	३७,८७१/-	६,३७,८७१/-	भगवती घर्ती क्षेत्री राजिव जिसी
१५.	छविन्द्र प्रसाद घिमिरे	ईकुडोल ९, तिनघरे ललितपुर	बल भद्र घिमिरे	हरि प्रसाद घिमिरे	सरल कृषि	५००००।-	११५४२।-	५११५४२।-	
१६	न्यू चम्पापुर हार्डवेयर एण्ड पेन्टस सेन्टर (प्रो.प्रेमदेवी देशार)	गोदावरी ११ ललितपुर	हारनचा देशार	बुद्धि लाल देशार। भिम लाल देशार	ब्यापार कर्जा	२०००००।-	८७६०३।-	२०८७६०३।-	भिमलाल देशार निरोज देशार
१७	अमर पोल्ट्री फर्म (प्रो.श्याम बहादुर महर्जन)	ठेचो ४,ललितपुर	धन वीर महर्जन	न्हुछेलाल महर्जन	लाईभ स्टक कर्जा	२०००००।-	१३७३२६।-	२१३७३२६।-	हिरा कुमारी महर्जन
१८	प्रेम वहादुर खड्का	भट्टेडाँडा ५, ललितपुर	दल बहादुर खड्का	भक्त बहादुर खड्का	सरल कृषि कर्जा	५००००।-	९९३१।-	५०९९३१।-	गोमा खड्का
१९	सविना व्यूटी पार्लर (प्रो.सविना नेपाली)	गोदावरी १०,ललितपुर	लक्ष्मण नेपाली	देवराज नेपाली	वागमती प्रदेश अनुदान कर्जा	१८००४५।-	५८७३१।-	२३८७७६।-	सानु नेपाली सरोज नेपाली
२०	लोक प्रसाद संजेल	बागमती ६ आश्राङ	झंक नाथ संजेल	भगीरथ संजेल	सरल कृषि कर्जा	६००००।-	१३२००।	६१३२००।-	सीता कुमारी संजेल सुमन संजेल

सम्बन्धित कार्यालयको नामः शाखा कार्यालय नयाँ सडक, काठमाडौं।

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	पिताको नाम	बाजे/ पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।०८।३० गतेसम्मको व्याज रकम रू.	जम्मा तिर्नुपर्ने रकम रू.	धितो मञ्जूरीनामा/ व्यक्तिगत जमानत दिने
१.	मनिषा गिरी बखेल	बुढानिलकण्ठ न.पा.१०, काठमाडौं	अर्जुन गिरी	चन्द्र प्रसाद बखेल/ सुदिप चन्द्र बखेल	आवास कर्जा	२२६६६६६.६३	२९१२८.०९	२२९५७९४.७२	१. सुदिपचन्द्र बखेल २. अर्जुन गिरी ३. सन्तोष चन्द्र बखेल ४. चन्द्र प्रसाद बखेल
					ओभरड्राफ्ट कर्जा	५००००००	३६६९८.६३	५०३६६९८.६३	
					घर खरिद कर्जा	१०४४६४२८.६२	७८०४५.५०	१०५२४४७४.१२	
					घडेरी खरिद कर्जा	३८१२५६३२.६४	२५९०९०६.८७	४०७१६५३९.५०	

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

'संस्थागत हुन सकेन स्थानीय तहमा विपत् व्यवस्थापन'

काठमाडौं/ पश्चिम नेपालमा हालै गरिएको एक अध्ययनले स्थानीय तहमा विपत् व्यवस्थापन कार्य संस्थागत हुन नसकेको औंल्याएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सोमबार सार्वजनिक प्रतिवेदनले स्थानीय तहलाई विपत् व्यवस्थापनमा थप प्रभावकारी बनाउन स्रोत, साधन, दक्ष जनशक्ति बढाउनुपर्ने आवश्यकता औंल्याएको छ।

'आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य लेखाजोखा अध्ययन प्रतिवेदन'को निष्कर्षबारे प्राधिकरणका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख सहसचिव रामबन्धु सुवेदीले भने, 'विपत् व्यवस्थापन कति संस्थागत भएको छ कि छैन भनेर अध्ययन भएको थियो, यसले स्थानीय तहमा विपत् व्यवस्थापन संस्थागत हुन नसकेको देखाएको यस्तै केही स्थानीय तहबाहेक धेरै विपत्को मापदण्डभन्दा तल रहेको छ।'

सुवेदीले ठुलो विपत् भएको अवस्थामा स्थानीय तहले रेस्पोन्स गर्न नसक्ने अवस्था देखिएको जानकारी दिँदै सबै हिसाबले क्षमता विकास गर्न आवश्यक देखिएको बताए। उनले विपत् व्यवस्थापन कोषको रकम प्रशासनिकलगायतमा बढी खर्च हुने गरेकोसमेत पाइएको बताए। पालिकाहरूमा उपकरण दक्ष जनशक्तिको समेत अभाव रहेको पाइएको उनको भनाइ छ। प्राधिकरणको नेतृत्वमा विभिन्न सहयोगी संघसंस्थाको सहभागितामा भूकम्पको पूर्वतयारी, प्रतिकार्य र सिकाइको विषयमा केन्द्रित भएर अध्ययन गरिएको थियो। कानुनले स्थानीयतहलाई पहिलो र प्रमुख रेस्पोन्स गर्ने निकायका रूपमा भूमिका दिएको छ। तर, त्यही पालिका कमजोर हुँदा विपत् प्रतिकार्य नै कमजोर हुने र त्यसले विपत्बाट क्षति बढ्नेतर्फ ध्यान दिनुपर्नेमा जोड दिइएको छ।

हिउँदमा पनि हटेन बागमती करिडोरको पुलमुनि पानी जम्ने समस्या

ललितपुर/ ललितपुरको सानेपास्थित बागमती करिडोरअन्तर्गत कालोपुलमा सवारी प्रयोगकर्तालाई सचेत गराउन एक सूचना टाँस गरिएको छ। 'यो पुलमुनि बर्सातको समयमा पानी जम्ने भएकाले वैकल्पिक बाटो प्रयोग गरी सुरक्षित यात्रा गर्नुहुन अनुरोध छ,' सूचनामा भनिएको छ।

काठमाडौं उपत्यकामा अत्यधिक ट्राफिक जामको समस्या झेलिरहेका यात्रुहरूलाई बागमती करिडोरले ठुलो राहत त दिएको छ। तर, कुपन्डोल-सानेपा खण्डअन्तर्गत कालोपुलमुनि बागमती नदीको देब्रेपट्टिको लेनमा बर्खादेखि नै पानी जम्ने समस्याले सवारी आवागमनमा समस्या थपेको छ। पुलमुनिको एकतर्फी सडकमा हिँउद-बर्खे पानी जमेपछि सवारीचालक र पैदलयात्रीले सास्ती व्यहोर्दै आइरहेका छन्। बर्खाका वेला जमेको पानी अझै हटेको छैन। दुईतर्फी सडकको एकातर्फ पोखरी जमेको छ।

कम्प्युटर अधिकृतको व्यवस्थापनबारे सर्वोच्चको फैसलाले अन्योल

अध्ययनका लागि सामान्य प्रशासन मन्त्रालयले गठन गऱ्यो कार्यदल

● **कालीप्रसाद पराजुली**
प्रवक्ता, सामान्य प्रशासन मन्त्रालय



फैसला कार्यान्वयनको उचित विकल्पसहितको सिफारिस कार्यदलले दिनेछ। कार्यदलले आफ्नो काम सुरु गरिसकेको छ। एक महिनाभित्र प्रतिवेदन मन्त्रालयलाई बुझाउनेछ।



सुवास भट्ट/नयाँ पत्रिका

प्रशासन सेवामा उपसचिव बढुवा दाबी गर्दै कम्प्युटर अधिकृतहरूले हालेको रिटमाथि सर्वोच्च अदालतले गरेको फैसलाले अन्योल सिर्जना गरेको छ। रिट निवेदनकर्ताको मागबमोजिम सर्वोच्चले फैसला गरिदिएपछि त्यसको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा द्विविधा उत्पन्न भएको हो।

फैसला कार्यान्वयनको जटिलता फुकाउने गरी उपयुक्त सिफारिस गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कार्यदल नै गठन गरेको छ। मन्त्रालयकी प्रशासन सुधार महाशाखाकी प्रमुख सहसचिव मीरा आचार्यको संयोजकत्वमा गत साता कार्यदल गठन गरिएको हो। कार्यदलमा लोकसेवा आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन मन्त्रालयसहित सेवा सञ्चालन गर्ने मन्त्रालय तथा निकायहरू सामान्य प्रशासन, अर्थ, परराष्ट्र मन्त्रालय, महालेखा नियन्त्रक र महालेखापरीक्षक कार्यालयलगायतका प्रतिनिधि छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीका अनुसार सर्वोच्चको फैसलाबमोजिम कार्यान्वयनका लागि कार्यदल गठन गरिएको हो। 'फैसला कार्यान्वयनको उचित विकल्पसहितको सिफारिस कार्यदलले दिनेछ,' उनले भने, 'कार्यदलले आफ्नो काम सुरु गरिसकेको छ। एक महिनाभित्र प्रतिवेदन मन्त्रालयलाई बुझाउनेछ।'

■ यस्तो छ जटिलता

प्रशासनको उपसचिवमा बढुवा हुनुपर्ने आशयको प्रमुख दाबीसहित ८७ कम्प्युटर अधिकृतले १८ चैत ०७५ मा सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोकसेवा आयोगलगायतलाई विपक्षी बनाएर आदेशको माग गरेका थिए। पटक-पटकको सुनुवाइपछि १२औँपटकमा २ असोजमा न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले निवेदकको मागमा रिट जारी हुने ठहर गरेको थियो।

फैसलामा सर्वोच्चले 'रिट निवेदकहरूलाई निजहरूको शैक्षिक योग्यता, प्राप्त तालिम, दक्षता र क्षमताअनुकूल वृत्तिविकास हुने गरी समायोजन तथा पदस्थापन गर्दा उचित हुने देखिएकाले सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा परामर्श गरी निवेदकहरूको वृत्तिविकासमा असर नपर्ने गरी उचित सेवा समूहमा समायोजन तथा पदस्थापन गर्नू' भनेको छ। फैसलाले रिट निवेदक कम्प्युटर अधिकृतहरूलाई अप्राविधिक सेवामा समायोजन तथा पदस्थापन गर्नुपर्ने भनेको छ। तर, उनीहरूलाई फरक सेवा समूहमा लगेर समायोजन र पदस्थापन गर्ने विषय जटिल छ। अप्राविधिक सेवामा समायोजन र पदस्थापन गर्दा कुन समयलाई आधार बनाउने, पहिल्यै त्यस सेवामा रहेकामाथि पर्न जाने असर, फरक सेवा समूहमा जाँदा आवश्यक पर्ने ज्ञान, क्षमता र अनुभवको अन्तरले सेवा सञ्चालन तथा सेवाप्रवाहमा पर्न जाने असर, भविष्यमा अन्य सेवाकाले यसरी नै दाबी गर्न सक्ने अवस्थामा के गर्नेलगायतका विषय पेचिला छन्।

सर्वोच्चले कम्प्युटर अधिकृतहरूलाई अप्राविधिक पदमा समायोजन तथा पदस्थापन गर्दा पहिल्यै त्यस सेवासमूहमा रहेकाको वृत्तिविकासमा असर नगर्ने गरी व्यवस्थापन गर्नुपर्ने आशय पनि फैसलामा व्यक्त गरेको छ। तर, अहिले नै प्रशासन र लेखा समूहमा १५ देखि १७ वर्षसम्म बढुवा कुरेर बसिरहेका कर्मचारीको संख्या उल्लेख्य छ। यसैमा नयाँ थपिँदा आफूहरूको बढुवा संकुचित हुने चिन्ता ती समूहका कर्मचारीको छ। अनौपचारिक तथ्यांकअनुसार अहिले करिब-करिब पाँच सय कम्प्युटर अधिकृत छन्। ती कम्प्युटर अधिकृतहरू प्रशासन समूहमा छिर्दा त्यसले ठुलो हलचल ल्याउनेछ।

सर्वोच्चको फैसलाले 'उचित सेवा समूहमा समायोजन तथा पदस्थापन गर्नू' भनेकाले त्यो उचित सेवा समूह भनेको के हो यसको उपयुक्त व्याख्यासहित राय-परामर्श सुझाउने प्रमुख कार्यभार कार्यदललाई दिइएको छ। यसपछि तिनको व्यवस्थापनको विकल्पसहितको सुझाव तथा सिफारिस कार्यदलले दिनेछ। सर्वोच्चको फैसलाको व्याख्या र कार्यान्वयनको सहजताका लागि अहिले समितिले छलफल गरिरहेको छ। कार्यदलले सेवा सञ्चालन गर्ने मन्त्रालय तथा निकायसँग राय-परामर्शको काम गरिरहेको छ। यसक्रममा अन्य सरोकारवाला, विज्ञसँग पनि कार्यदलले छलफल चलाएको छ।

■ प्रशासनका कर्मचारी आन्दोलित

फरक सेवा समूहबाट आएर आफूहरूको बढुवा अवरुद्ध गर्न खोजेको भन्दै प्रशासन सेवाका कर्मचारीहरू भने आन्दोलित छन्। यसले अहिले प्रशासन संयन्त्र विभाजित छ। विनाप्रतिस्पर्धा फरक सेवामा आएर आफूहरूको बढुवा मार्ग अवरुद्ध गरेको भन्दै प्रशासन सेवाका कर्मचारी आन्दोलित भएका हुन्। यसै क्रममा उनीहरूले कहिले प्रदर्शन गर्ने त कहिले मुख्यसचिवलाई ज्ञापनपत्र बुझाउनेलगायतका काम गर्दै आएका छन्।

सर्वोच्चको फैसला कार्यान्वयन गर्दा कुनै एक सेवा वा समूहको व्यवस्थापन गर्न अर्को सेवा वा समूहलाई असर/मर्का नपर्ने गरी गर्न-गराउन उनीहरूले सरकार र सम्बद्ध निकायलाई अनुरोध गरिरहेका छन्। यस क्रममा फैसला पुनरावलोकनको मागसमेत उनीहरूले गरेका छन्। अहिले विरोध रोकिए पनि दबाब भने कायम छ।

हाल १४-१५ वर्षमा भए पनि हुने गरेको प्रशासन समूहको बढुवा सर्वोच्चको आदेशबाट २० वर्षसम्म धकेलिने चिन्ता प्रशासनतर्फका अधिकृतहरूको छ। मागदाबीमै एक महिनाको तालिमबाट सेवा प्रवेश गरेका कर्मचारी र चार सय पूर्णांकको परीक्षा उत्तीर्ण गरी १४-१५ वर्ष कार्यानुभव लिएका कर्मचारीसँगै बढुवा हुँदा सहकर्मीका रूपमा कुन मनोबलले काम गर्न सकिएला भन्नेसमेत उनीहरूको चिन्ता छ।

हाल कार्यरत रहेका र बढुवाको लाइनमा रहेका कम्प्युटर अधिकृतहरू अधिकांश निजामती सेवाअन्तर्गतको विविध सेवा, राजपत्र अनंकित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदबाट निजामती सेवामा सेवा प्रवेश गरेका हुन्। विविध सेवाअन्तर्गतको कम्प्युटर अपरेटर पद साबिकमा रहेको टाइपिस्टले गर्नेसरहको काम गर्न सिर्जना गरिएको थियो। उनीहरूमध्ये अधिकांश ०६४ को स्वतः बढुवा (लोकतान्त्रिक भनिने बढुवा) बाट अधिकृत भएका हुन्। कम्प्युटर अपरेटर पदमा बहाल रहँदाको अवस्थामा निजामती सेवा ऐनको दोस्रो संशोधनबाट विशेष बढुवा गरिएको थियो। ऐनमा संशोधन गरेर सरकारले स्वतः एक तह बढुवा गरेको थियो। ती कम्प्युटर अधिकृतहरू सर्वोच्चको आदेशबमोजिम बढुवा हुँदा आफूहरूको बढुवा अझै पाँच-सात वर्ष पर धकेलिने बढुवा कुरिरहेका प्रशासनका कर्मचारीहरूको चिन्ता छ।

एमालेलाई जग्गादान गर्नु भ्रष्टाचार भएको भनी दायर रिट खारेज

नयाँ पत्रिका

एमालेलाई व्यवसायी मीनबहादुर गुरुङले जग्गादान गर्नु भ्रष्टाचार भएको भनी दायर रिट खारेज भएको छ। सर्वोच्च अदालतका न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र बालकृष्ण ढकालको इजलासले यो मुद्दालाई आइतबार हेर्दाहिर्दैमा राखी सोमबार खारेज हुने फैसला गरेको हो। अधिवक्ता ज्ञानबहादुर बस्नेतले ७ कात्तिकमा जग्गादान गर्ने व्यवसायी गुरुङसमेतलाई विपक्षी बनाई दायर गरेको रिटमा यस्तो फैसला आएको हो।

रिटमाथि १२ कात्तिकमा सर्वोच्चको एकल इजलासबाट प्रथम दृष्टिमै ऐनविपरीत भनिए पनि पूर्ण सुनुवाइका क्रममा भने खारेज भएको हो। सत्ताधारी दलालाई गुरुङले जग्गादान गरेको विषयमा न्यायाधीश सुनीलकुमार पोखरेलको इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो। प्रथम दृष्टिमै राजनीतिक दलसम्बन्धी ऐनविपरीत देखिएको भन्दै थप काम कारबाही अघि नबढाउन आदेश दिँदै इजलासले १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत आदेश गरेको थियो।

न्यायाधीश पोखरेलले गरेको अल्पकालीन अन्तरिम आदेशमा भनिएको थियो, 'सुविधा सन्तुलनको दृष्टिले अन्तरिम आदेशको छलफलबाट टुंगो नलागुन्जेलसम्म निवेदन दाबीबमोजिम विपक्षीबिच निवेदनमा उल्लेखित मिति २०८१/६/२५ मा दान लिएको भनिएको १० रोपनी १४ आना जग्गा दान लिई हक हस्तान्तरणलगायतको काम नगर्नु नगराउनू।' गुरुङले कीर्तिपुर नगरपालिका- २ मैत्रीनगरमा एमालेलाई पार्टी कार्यालय बनाउन जग्गा दान गरेका थिए।

सर्वोच्चले जग्गादानको कार्य 'प्रथम दृष्टि'मै राजनीतिक दलसम्बन्धी ऐनको दफा ३८(३) र ३८(६) विपरीत रहेको ठहर गरेको छ। दफा ३८ मा स्वेच्छिक आर्थिक सहयोग लिन सक्ने व्यवस्था छ भने उपदफा (३)मा व्यक्ति वा संगठित संस्थाबाट २५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग लिँदा चेक वा बैंकिङ कारोबारबाट लिनुपर्ने उल्लेख छ। उपदफा (६)मा भने तोकिएबमोजिमको रकमभन्दा बढी सहयोग लिँदा त्यसको स्रोत खुलाउन लगाएर मात्र लिनुपर्ने व्यवस्था गरिएको छ। साथै, ऐनको दफा ३८(५)मा रहेको 'आर्थिक सहयोग प्रदान गर्दा दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने सर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी दलले सहयोग प्राप्त गर्न नहुने' व्यवस्थाअनुकूलको कार्य नभएको निष्कर्ष निकालेको हो।

निर्वाचन आयोगमा विधिवत् दर्ता भई क्रियाशील रहेको दलले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनको प्रस्तावना तथा दफा ८ को परिपालना गर्नुपर्ने आदेशमा छ। उक्त दफाले सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने व्यवस्था गरेको छ। यस्तोमा यो विषय आमनारिकसँग जोडिने इजलासको ठहर छ।

निवेदक बस्नेतले जग्गादान गर्ने व्यवसायी गुरुङमाथि अख्तियार दुरुपयोग अनुसन्धान



आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छानबिन गरिरहेको अवस्थामा प्रधानमन्त्रीसमेत रहेका केपी ओलीको दलले जग्गादान गर्नु भ्रष्टाचार रहेको दाबी रिटमा गरेका थिए। प्रधानमन्त्री सार्वजनिक पदधारण गरेको व्यक्ति भएकाले उनले पनि सार्वजनिक कर्तव्य पालन गर्नका लागि नेपाल सरकार वा सार्वजनिक संस्थाबाट तलबभत्ता, पारिश्रमिक सुविधा, हैसियत वा अनय कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त मनोनीत वा निर्वाचित व्यक्ति भएको कारण उक्त दान लिन नहुने रिटमा छ।

'सरकार वादी रहेको मुद्दाका आरोपीले त्यही सरकार चलाइरहेको एमालेलाई हालको बजार मूल्यअनुसार एक अर्बभन्दा माथिको जग्गा दिनु र एमालेले लिनु स्वार्थ बाझिन्छ कि बाझिन्न र ललितानिवासको जग्गा लिएर फिर्ता दिएको भनेर जोगाएका अर्थमन्त्री विष्णु पौडेल आबद्ध पार्टी र एकपल्ट पत्राउ परेर अझै मुद्दा खेपिरहेका मीनबहादुर गुरुङबिच यसरी लेनदेन हुनु अनैतिक मात्र हुन्छ कि गैरकानुनी पनि हुन्छ ?' रिटमा भनिएको थियो।

संक्षेप

सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी अध्यक्षमा विष्ट नियुक्त



काठमाडौं/ सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी अध्यक्षमा डा. महेन्द्र विष्ट नियुक्त भएका छन्। शुक्रबारको मन्त्रिपरिषद् बैठकले उनलाई कार्यकारी अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो। विष्टले सोमबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मन्त्री पृथ्वीसुब्बा गुरुङसँग पद तथा गोपनीयताको शपथ लिएका छन्। डा. विष्ट यसअघि नेपाल टेलिभिजनको कार्यकारी अध्यक्ष थिए। नेपाल टेलिभिजन र रेडियो नेपाल व्यवस्थापन गर्न सरकारले केही महिनाअघि सार्वजनिक सेवा प्रसारण ऐन ल्याएको थियो। उक्त ऐनबमोजिम सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी अध्यक्षमा विष्टलाई नियुक्ति गरिएको हो।

अंगदान र प्रत्यारोपणसम्बन्धी जानकारी अब अनलाइनबाटै

काठमाडौं/ नेपालमा अंग प्रत्यारोपण गर्नुपर्ने बिरामी तथा दान गर्ने दाताले अब अनलाइनबाटै जानकारी लिन सक्ने भएका छन्। स्वास्थ्य मन्त्रालयले स्वास्थ्य सेवा विभाग टेकु तथा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको संयुक्त नियन्त्रणमा रहने गरी थालेको अनलाइन सेवाको स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सोमबार उद्घाटन गरेका छन्।

देशभरका नागरिक लाभान्वित हुने गरी सेवा विस्तार गर्न मन्त्रालयले आवश्यक काम गरिरहेको उनले बताए। 'देशमा मिर्गौला प्रत्यारोपण गरेका ९८ प्रतिशत तथा फोक्सो प्रत्यारोपणपछि ९० प्रतिशत नागरिक सामान्य जीवन बाँचिरहेका छन्। हामी प्रत्यारोपण सेवा अझ विस्तार गर्न प्रतिबद्ध छौं। त्यसका लागि हाल भक्तपुरस्थित केन्द्रका अलावा सरकारीस्तरमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र सुर्खेत प्रादेशिक अस्पतालले अंग प्रत्यारोपण सेवा दिइरहेकोमा भेरी अस्पताल घोराही दाङ, सुदूरपश्चिम प्रदेशमा धनगढीस्थित सेती प्रादेशिक अस्पताल तथा बागमतीको भरतपुर अस्पतालमा समेत मानव अंग प्रत्यारोपण सेवा विस्तार गर्ने लक्ष्य छ,' उनले भने।अनलाइनमार्फत अंगदान गर्नेले दर्ता गराउन सक्ने र लिन चाहनेले त्यसबारे जानकारीसमेत पाउने व्यवस्था गरिएको छ। मस्तिष्क मृत्युपश्चात् तत्काल जानकारी अनलाइनमा राखिने भएकाले यसले प्रत्यारोपणका लागि बिरामी उपचाररत अस्पतालले समेत तत्काल जानकारी प्राप्त गर्ने सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले बताए।

नेपालमा १२ वर्षमा सहिद धर्मभक्त केन्द्रमार्फत एक हजार ३३५ मा मिर्गौला तथा ३० जनामा फोक्सो प्रत्यारोपण भइसकेको छ। देशको सरकारी प्रत्यारोपणसम्बन्धी एक मात्र विशिष्टीकृत यस केन्द्रले बर्सेनि तीन हजार अपेक्षितमध्ये दुई सयलाई मात्र मिर्गौला प्रत्यारोपण सुविधा दिन सकेको छ। दाता अभावमा अन्य अस्पतालले एक सयजनालाई मात्र अंग प्रत्यारोपण गर्न सकेका छन्। जीवित व्यक्तिले परिवारलाई मात्र दिन पाउने, तर मस्तिष्क मृत्यु भएपछि दान गर्ने दाता कम भएका कारण कैयौंले दाता अभावमा ज्यान गुमाउनु परिरहेको जानकारी दिइयो। दाता, लिन चाहने बिरामी र अस्पताल बढ्दै जाँदा अनलाइन प्रणालीले ताजा जानकारी दिने भएकाले यसले धेरैको ज्यान बचाउन मद्दत गर्ने विश्वास गरिएको केन्द्रकी मिर्गौला रोग विशेषज्ञ डा. कल्पना श्रेष्ठले बताइन्।

छात्रालाई अभद्र व्यवहारको आरोपमा क्याम्पस प्रमुख पक्राउ

गुल्मी/ छात्रालाई अभद्र व्यवहार गरेको आरोपमा मुसिकोट नगरपालिका-७ वामीस्थित रुद्रावती बहुमुखी क्याम्पस प्रमुख कृष्णप्रसाद सापकोटा पक्राउ परेका छन्। २३ वर्षीया छात्रालाई अभद्र व्यवहार गरेको आरोपमा उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका निमित्त प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक शंकर पोखेलले बताए। सापकोटाले आफूलाई निरन्तर चार वर्षदेखि यौन आशयले संवेदनशील अंगहरू छुने, अश्लील शब्दहरू बोल्ने गरेको उजुरीमा उल्लेख छ। प्रहरीले समेत सुरुमा मुद्दा दर्ता गर्न नमानेको पीडित पक्षको आरोप छ। तर, प्रहरीले भने पीडितसँगको संवादपछि उनले चाहेकै विषयमा मुद्दा दर्ता भएको जनाएको छ। प्रशासनबाट म्याद थप गरेर अनुसन्धान अघि बढाएको प्रहरी नायव उपरीक्षक पोखेलले बताए। रुद्रावती बहुमुखी क्याम्पस मुसिकोटको स्वतन्त्र विद्यार्थी युनियनले घटनाको विरोध गरेको छ। स्ववियु अध्यक्ष अनिष पाठक र सचिव कर्णबहादुर नेपालीले जारी गरेको विज्ञप्तिमा घटनाबारे क्याम्पस प्रशासनले कुनै चासो नदिएको उल्लेख छ।

■ तातोपानी कुण्डमा नुहाउनेको भिड



शब्द/तस्बिर : **अच्युतराज भण्डारी**

गर्मीमा प्रायः सुनसान रहने मुगुका विभिन्न तातोपानी कुण्डमा चिसो बढेसँगै नुहाउनेको भिड लागेको छ। तातोपानी कुण्डमा नुहाउँदा शारीरिक दुखाइ, चिलाउने, बाथ, अनुहारका दादलगायत रोग निको हुने जनविश्वासले पनि सर्वसाधारणको आकर्षण तातोपानी कुण्डतिर बढेको हो। मुगुको छायानाथ रारा नगरपालिकाको रुगा भैसेकुना र सोरु गाउँपालिकाको जिमा कुलाहा, हुम्लाको सर्केगाड र चंखेली गाउँपालिकाको सरिसल्ला तातोपानी कुण्डमा अहिले मानिसको भिड बढेको छ। सोरु गाउँपालिका-६ का पदम शाहीले रुगा, थार्प, इमा, निगाले, हेन्निकाँध, श्रीनगर र भामबाडाजस्ता ठाउँबाट स्थानीय तातोपानी कुण्डमा पुगेर नुहाउने क्रम बढेको बताए। सोरु गाउँपालिकाका- ९ वडाध्यक्ष सागरशमशेर शाहीका अनुसार जिमा कुलाहा तातोपानी कुण्डमा नुहाउन आउनेको ताँती नै लागेको छ।

नेपालमा जलवायु परिवर्तनको अवस्थाबारे अनुसन्धान गर्न परराष्ट्रमन्त्रीको आग्रह

काठमाडौं/ परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपालका हिमाली क्षेत्रमा जलवायु परिवर्तनको अवस्था, यसको संवेदनशीलता र जोखिमबारे थप अनुसन्धान गर्न विश्वका अनुसन्धान संस्थाहरूलाई आग्रह गरेकी छिन्। जर्मनीको पोट्सडाममा अवस्थित जलवायुसम्बन्धी अनुसन्धान संस्थामा सोमबार भएको अन्तर्क्रियामा उनले भनिन्, 'जलवायु परिवर्तनको असरका कारण नेपाल पछिल्लो समय के कसरी प्रभावित भएको छ र कस्तो जोखिममा छ भन्नेबारेमा नेपालका हिमाली क्षेत्र र समुदायमा अनुसन्धान गर्न म विश्वका अनुसन्धान संस्थाहरूलाई आग्रह गर्दछु।'

जर्मन रिसर्च सेन्टर फर जियोसाइन्सेस, जिएफजेडका जियोमोर्फोलोजी विभाग प्रमुख प्रा.डा. निल्स होभियस, परियोजना तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख डा. लुडविग स्ट्रोइनकलगायतसँगको भेट र अन्तर्क्रियाका क्रममा मन्त्री राणाले सो आग्रह गरेकी हुन्। उक्त संस्थाका जलवायु विज्ञहरूसँग उनले हाल नेपाल जलवायु परिवर्तनको असरको चपेटामा परेको र यसका कारण पछिल्ला वर्षहरूमा अकल्पनीय क्षति व्यहोरिरहेको जानकारी गराउँदै उनले यो समस्या समाधानका लागि थप अनुसन्धान र सहयोगको अपेक्षा गरिएको बताइन्। छलफलका क्रममा नेपालमा भूप्राविधिक संकटकालीन अवस्था र जोखिम न्यूनीकरणका लागि बाढीपहिरो नियन्त्रणसम्बन्धी पूर्वचेतावनी प्रणालीका विषयमा कुराकानी भएको थियो। नेपाल र जिएफजेड पहिरोको पूर्वचेतावनी प्रणालीका क्षेत्रमा काम गर्दै आएका छन्। त्यस अवसरमा बाढीपहिरो तथा अन्य जोखिमको खतरा र बाढी नियन्त्रणका लागि पूर्वचेतावनी प्रणालीको अवस्था र प्रगतिबारे छलफल एवं समीक्षा भएको थियो। यसबारे गत जुनमा राष्ट्रपति रामचन्द्र पौडेलको भ्रमणका क्रममा पनि सो संस्थाले जलवायु परिवर्तनको असरबारे प्रस्तुति दिएको थियो। समयमा पनि नेपालमा जलवायु परिवर्तनको असर र यसको न्यूनीकरणका सम्बन्धमा छलफल भएकाले त्यसको 'फलोअप'स्वरुप आज मन्त्री राणाले उनीहरूसँग छलफल गरेकी हुन्। जलवायुसम्बन्धी विश्वप्रसिद्ध यी संस्थाहरूले जलसम्पदा एवं जलचक्रको अवस्था, बाढीपहिरो, वायुमण्डलीय प्रदूषण र जलवायु परिवर्तन तथा यसका असरबारे अध्ययन-अनुसन्धान गर्ने गर्दछन्।

सुविधासम्पन्न बनाइँदै धनकुटा जिल्ला अस्पताल

धनकुटामा **सन्तोष रुचाल**

सम्झौताअनुसार समयमा काम सम्पन्न गर्ने गरी धनकुटा जिल्ला अस्पताल निर्माण कार्यलाई तीव्रता दिइएको छ। सय शय्याको अस्पताल निर्माण हालसम्म ६० प्रतिशत सम्पन्न भएको छ।

कोशी प्रदेश सरकारको लगानीमा अस्पताललाई स्तरोन्नति गर्दै धनकुटा नगरपालिका-७ बसपार्कछेउमा आधुनिक र सुविधासम्पन्न अन्डरग्राउन्ड पार्किङ र लिफ्टसहितको पाँचतले सय शय्याको सुविधासम्पन्न अस्पताल भवन निर्माण भइरहेको छ। अस्पताल निर्माणका लागि कोशी प्रदेश सरकारले ४० करोड रुपैयाँ विनियोजन गरेको छ।

२४ असार ०८० मा ठेक्का सम्झौता भएको अस्पतालको २४ असार ०८३ मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। नमुना कन्स्ट्रक्सन प्रालि विराटनगरले भ्याटबाहेक २५ करोड २० लाख ३३ हजार ४४२ रुपैयाँ लागतमा निर्माणको जिम्मा पाएको छ। धनकुटा जिल्ला अस्पताल अहिले १५ शय्याको छ। त्यसलाई स्तरोन्नति गर्दै सय शय्याको अस्पताल निर्माण गरिएको हो।

कन्स्ट्रक्सनले समयमा काम सम्पन्न गर्ने गरी कामलाई तीव्रता दिएको दाबी गरेको छ। अहिलेसम्म अस्पतालको भौतिक संरचना निर्माण कार्य ६० प्रतिशत सम्पन्न भइसकेको नमुना कन्स्ट्रक्सनका इन्जिनियर रोशन शाहले बताए। 'अहिलेसम्म भौतिक संरचनाको हिसाबले ६० प्रतिशत काम सम्पन्न गरिसकेका छौं। सम्झौताअनुसार ०८३ असार मसान्तसम्म काम सक्छौं,' उनले भने।



सय शय्याको अस्पताल निर्माण भई सञ्चालनमा आएपछि करिब पाँच सय कर्मचारी आवश्यक पर्ने धनकुटा जिल्ला अस्पतालका निमित्त प्रमुख डा. अमिताभ ठाकुरले बताए। अस्पताल बनेपछि धनकुटासहित छिमेकी जिल्लाका बिरामीले पनि विशेषज्ञ डाक्टरको सेवा प्राप्त गर्ने जिल्ला समन्वय समितिका प्रमुख एवं अस्पताल विकास समितिका अध्यक्ष निरेन तामाङले बताए।

निर्माणाधीन अस्पतालको ए ब्लक भवन ६ र बी ब्लक भवन पाँच तलाको रहेको सहरी विकास तथा भवन निर्माण कार्यालय धनकुटाका सबइन्जिनियर केशवकुमार यादवले बताए। धनकुटा नगरपालिका- ७ कृषि ज्ञान केन्द्र र रेशम विकास कार्यक्रम धनकुटाको करिब २५ रोपनी क्षेत्रफल जग्गा अस्पतालको नाममा ल्याएर अस्पताल निर्माण कार्य सुरु गरिएको हो। धनकुटामा सय शय्याको अस्पताल निर्माण भएपछि धनकुटासहित पूर्वी पहाडी जिल्ला भोजपुर, संखुवासभा, तेह्रथुम, पाँचथर, ताप्लेजुङलगायत बिरामीले सहज सेवा पाउने कोशी प्रदेश सदस्य निरन राईले बताए।

डेढ सातामै ९८ बंगुर मरे, अफ्रिकन स्वाइन फ्लुको आशंका

मकवानपुरमा **पोष्टराज अधिकारी**

पछिल्लो डेढ सातामा हेटौँडाका विभिन्न वडामा अफ्रिकन स्वाइन फिबरका कारण ९८ वटा बंगुर मरेका छन् । हेटौँडा उपमहानगरपालिका- १ जरुवाटोलमा ९० वटा, वडा नम्बर ११ मा एक र वडा नम्बर १७ हर्नामाडीमा सातवटा बंगुर मरेका हुन् ।

हेटौँडा वडा नम्बर ११ र १७ मा मरेका बंगुरमा अफ्रिकन स्वाइन फिबर पुष्टि भइसकेको छ । हेटौँडा- १ मा मरेका ९० वटा बंगुरको मृत्युको कारण भने पुष्टि हुन सकेको छैन । यद्यपि, पशुसेवा कार्यालय मकवानपुरले जरुवाटोलमा रहेको हेटौँडा आधुनिक कृषि पशुपन्छी तथा माछा फार्ममा पालिएका बंगुर पनि अफ्रिकन



स्वाइन फिबरकै कारण मरेको हुन सक्ने जनाएको छ । पशुसेवा कार्यालय मकवानपुरका पशु चिकित्सक विजय पौडेलले हेटौँडा- १ चौकीटोलमा रहेको फर्ममा पालिएका बंगुरको नमुना परीक्षणका लागि शनिबार केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वर पठाइएको छ । उनका अनुसार स्थानीय सूर्यकुमार अधिकारीले सञ्चालन गरेको फर्म रहेका साना र ठुला गरी ९० वटा बंगुर एक हप्ताको बिचमा मरेका थिए ।

पशु चिकित्सक पौडेलले यसअघि हेटौँडा वडा नम्बर ११ र १७ मा मरेका बंगुरमा अफ्रिकन स्वाइन फिबर नै मुख्य कारण भएको जानकारी दिए । हेटौँडा- १ का बंगुर पनि अफ्रिकन स्वाइन फिबरका कारण मरेको हुन सक्ने उनले बताए । मरेका बंगुरमा पाइएको लक्षण अफ्रिकन स्वाइन फिबरसँग मिल्दोजुल्दो रहेको अधिकारीले बताए ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोबार गर्ने

LIC
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

रजिष्टर्ड कार्यालय: का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं ।
टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्स: ४०१२६१५
इमेल: liccorporate@licnepal.com.np | **वेभसाइट:** https://www.licnepal.com.np

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला अवधी थप गरिएको बारेको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०८१/०७/०९ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर ०.८८४५१६८ शेयर (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- अङ्कित दरका २,३४,६८,००० कित्ता साधारण शेयरको मिति २०८१/०८/१२ गतेदेखि मिति २०८१/०९/०२ गतेसम्म हकप्रद निष्काशन तथा बिक्री खुला गरिएकोमा माग बमोजिम आवेदन प्राप्त नभएकोले धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को दफा १८ को उपदफा २ मा भएको व्यवस्था बमोजिम यस निष्काशनको बिक्री खुला अवधि **मिति २०८१/०९/१७ गते बैंकिङ्ग समयसम्म**को लागि थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

क्र.सं.	हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु:
१.	नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि., लेखनाथमार्ग, ठमेल, काठमाडौं ।
२.	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड, स्टार मल, पुतलीसडक, काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु ।
३.	नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

साथै ***"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण"*** निष्काशनकर्ता कम्पनी लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को वेवसाइट *https://www.licnepal.com.np* वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि. को वेवसाइट *https://nsmbl.com.np* वा नेपाल धितोपत्र बोर्डको वेवसाइट *https://www.sebon.gov.np/prospectus* बाट डाउनलोड गरी पढ्न सकिनेछ ।

गुनासो सुन्ने र समाधान गर्ने प्रकृया: यस हकप्रद निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडमा अपरेशन ईन्चार्जको रुपमा कार्यरत श्री केदार प्रसाद पुडासैनी (सम्पर्क नं: ०१-४५१२७४३-एक्सटेन्सन १११) लाई तोकिएको छ ।

*अन्य विस्तृत जानकारीको लागि मिति २०८१/०७/३० गतेको **"नयाँ पत्रिका"** राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी आह्वान-पत्र हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: https://nsmbl.com.np वा निष्काशन कम्पनीको वेवसाइट: https://www.licnepal.com.np बाट पनि प्राप्त गर्न सकिनेछ ।*

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
NSMBL
लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np

लक्ष्मी सन्राइज बैंक लिमिटेडको चौबिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१ पौष २)

श्री शेयरधनी महानुभावहरु,

मिति २०८१ साल पौष महिना १ गते सोमबार तदनुसार १६ डिसेम्बर २०२४ मा बसेको बैंकको ३००औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार बैंकको चौबिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, स्थान र समय

मिति : २०८१ साल पौष महिना २४ गते बुधबार (८ जनवरी, २०२५)
स्थान : अग्रवाल भवन, कमलपोखरी, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

२. छलफलका बिषयहरु :

क. सामान्य प्रस्ताव

१. चौबिसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने ।
३. बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.२६ प्रतिशतका दरले रु. ६,१०,१८,८२८.०० (अक्षरेपि रु. छ करोड दस लाख अठार हजार आठ सय अट्ठाइस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने ।

ख. विशेष प्रस्ताव

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ५ प्रतिशतका दरले रु. १,१५,९३,५७,७२५.०० (अक्षेरपि रु. एक अर्ब पन्ध्र करोड त्रियानब्बे लाख सन्ताउन्न हजार सात सय पच्चिस मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।
२. उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने ।
३. सञ्चालक समिति तथा अन्य समिति/उपसमितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष/सञ्चालकले पाउने बैठक भत्ता वृद्धि गर्ने ।
४. बुँदा नं. (१), (२) र (३) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।

ग. बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको नियुक्ति स्वीकृत गर्ने

घ. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. चौबिसौं वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांशको लागि बैंकको शेयर दाखिल खारेजको काम २०८१ साल पौष महिना १७ गते बुधबार (१ जनवरी, २०२५) बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०९/१७ भन्दा अघिल्लो दिन सम्म कारोवार भई मिति २०८१/०९/१९ गते कार्यालय समय भित्रमा बैंकको शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर र नगद लाभांश पाउन योग्य हुनेछन् ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु बैंकको रजिष्टर्ड कार्यालय, हात्तिसार काठमाडौंमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समयभित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ । वार्षिक प्रतिवेदनको प्रति बैंकको वेबसाइट www.laxmisunrise.com मा समेत उपलब्ध हुनेछ ।
३. सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात २०८१/०९/२२ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी सनराइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधिपत्र (Proxy Form) प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा हुनु पर्नेछ ।
४. कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज बैंकको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंक वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ ।
५. सभामा भाग लिन प्रतिनिधि (Proxy) प्राप्त गर्ने शेयरधनीले कूल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढी प्रोक्सी दर्ता गरेको भएमा आफूले लिएको शेयर सहित १५ प्रतिशत भन्दा बढी मतको गन्ती गरिने छैन ।
६. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः बदर भएको मानिनेछ ।
७. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैंसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन, सबै शेयरका लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नुपर्दछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी स्वयम् सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ । एक भन्दा वढी व्यक्तिलाई आधा-आधा वा अरु कुनै किसिमबाट छुट्याएर दिएमा समेत उक्त प्रोक्सी बदर हुनेछ ।
८. एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता भएको अवस्थामा सर्वसम्मतबाट चयन भएको एकजना प्रतिनिधिले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन पाउनेछ ।
९. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा शेयर प्रमाणपत्र वा शेयरधनी नं. र परिचय खुल्ने कागजात वा बैंकको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाता (DMAT Account) को विवरण (BOID Statement) सहित उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
१०. साधारण सभा सम्बन्धी विस्तृत विवरण बैंकको website: www.laxmisunrise.com मा उपलब्ध छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ०१-४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०९/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्को रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०८१/०९/१६ गते/स्थान : सम्बन्धित शाखा कार्यालय
बोलपत्र खोलिने मिति/समय: २०८१/०९/१८ गते, बिहीबार दिनको ३ बजे

क्र.सं. शाखा कार्यालय : कालिमाटी, काठमाडौं

ऋणीको नाम, ठेगाना

१. नाम : भुमिराज कन्स्ट्रक्सन
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलाली
प्रा.फ.र.नं. ८४४५, दर्ता मिति : २०७२/१०/१०, पान नं. ६०४०३५९६९, दर्ता मिति : २०७२/१२/२२
ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १, **प्रोप्राइटर : मान बहादुर बोहरा**

ऋणी तथा जमानतकर्ताको नाम	जमानतकर्ताको नाम
नाम : मान बहादुर बोहरा	**नाम : सुरेखा कार्की**
ना.प्र.नं. ७११०४४/५३, जि.प्र.का. बझाङ्ग	ना.प्र.नं. ५७८००१२३७, जि.प्र.का. कञ्चनपुर
जारी मिति : २०६४/०८/२५	जारी मिति : २०६०/०८/०२
बाबुको नाम : गम्भीर बोहरा	पतिको नाम : मान बहादुर बोहरा
बाजेको नाम : रतिभान बोहरा	ससुराको नाम : गम्भीर बोहारा
ठेगाना : बझाङ्ग जिल्ला, सुनकुडा वडा नं. ९	ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर वडा नं. १०

धितोको विवरण
१. मान बहादुर बोहराको नाममा मालपोत कार्यालय धनगढीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, फुलवारी वडा नं. २ स्थित कित्ता नं. २१४, २१६ र २२० को क्षेत्रफल क्रमशः ३३८.६३, १८७४.०३ र १८७४.०३ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. धनी ज्योति विकास बैंक लि. र ऋणी भुमिराज कन्स्ट्रक्सनको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ता कायम रहेको बा २ क ८०७२ को DX225LCA, चेसिस नं. DHKCEBACLH0019981, ईन्जिन नं. DB58TIS732594EN को Doosan Infracore (Excavator), बा ३ क ६७५ को SY220C-9, चेसिस नं. OE1110211J3L10108CPS, ईन्जिन नं. D06SZDL06002701 को Sany Co. (Excavator) तथा धनी ज्योति विकास बैंक लि. र ऋणी मान बहादुर बोहराको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ता कायम रहेको बा १७ च ७८०० को Maruti Suziki Swift, चेसिस नं. MA3EHKD1SODD18765, ईन्जिन नं. K12MN2010777 को Maruti Suzuki तथा यातायात व्यवस्था कार्यालय सेतीमा दर्ता श्रेष्ता कायम रहेको से २ त ११६३ को 6049, चेसिस नं. RCSE0AG20047/A, ईन्जिन नं. P460-06540 को Preet Tractor सवारी साधन थान ४ ।

क्र.सं. शाखा कार्यालय : बनेपा, काभ्रे

ऋणीको नाम, ठेगाना

१. नाम : अधिकारी भाडा पसल एण्ड स्टोर
प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रे
प्रा.फ.र.नं. ५१९०/०७६/०७७, दर्ता मिति : २०७६/०९/०७, पान नं. ६१२७००१४३, दर्ता मिति : २०७६/१०/२३
ठेगाना : बनेपा न.पा. वडा न १०, काभ्रेपलाञ्चोक, **प्रोप्राइटर : कुविर अधिकारी**

ऋणी तथा जमानतकर्ताको विवरण
नाम : कुविर अधिकारी
ना.प्र.नं. ९४६६, जि.प्र.का. धादिङ, जारी मिति : २०६०/१०/०८
बाबुको नाम : लछुमन अधिकारी, बाजेको नाम : जोदार सिं अधिकारी
ठेगाना : धादिङ जिल्ला, कुम्पुर गा.वि.स. वडा नं. ६, हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०

जमानतकर्ताको विवरण

१. नाम : शुशिला अधिकारी	**२. नाम : राजेन्द्र बानिया**
ना.प्र.नं. २६३०३४/४६४, जि.प्र.का. धादिङ	ना.प्र.नं. ४६९४, जि.प्र.का. सिन्धुपाल्चोक
जारी मिति : २०६३/१०/१४	जारी मिति : २०५४/०७/२९
पतिको नाम : कुविर अधिकारी	बाबुको नाम : निल वहादुर बानिया
ससुराको नाम : लछुमन अधिकारी	बाजेको नाम : चन्द्र वहादुर बानिया
ठेगाना : धादिङ जिल्ला, कुम्पुर गा.वि.स. वडा नं. ६	ठेगाना : सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गा.पा. वडा नं. ३
हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०	हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०

धितोको विवरण
कुविर अधिकारीको नाममा मालपोत कार्यालय, धादिङ दर्ता कायम रहेको धादिङ जिल्ला, कुम्पुर वडा नं. ६ स्थित कित्ता नं. ७०, १६२, १५९, १६५, १६४ को क्षेत्रफल क्रमशः ३-६-३-०, ०-९-१-३, १-१५-३-०, २-१५-२-०, ०-३-३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

क्र.सं. शाखा कार्यालय : सिनामंगल, काठमाडौं

ऋणीको नाम, ठेगाना

१. नाम : नमोबुद्ध आयल स्टोर
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग
स.फ.र.नं. ३२५३/०६५/६६, दर्ता मिति : २०६५/०७/२६, पान नं. ३०३४५११६९, दर्ता मिति : २०६६/०३/०१
ठेगाना : सिन्धुली जिल्ला, कुशेश्वर दुम्जा वडा नं. ३, **साझेदार संचालक : पहलमान घिसिङ्ग र कल्पना तामाङ्ग**

जमानतकर्ताको विवरण

१. नाम : पहलमान घिसिङ्ग	**२. नाम : कल्पना तामाङ्ग**
ना.प्र.नं. २७४५६, जि.प्र.का. रामेछाप	ना.प्र.नं. २२६, जि.प्र.का. काठमाडौं
जारी मिति : २०५२/३/२०	जारी मिति : २०५४/६/१
बाबुको नाम : गोरे तामाङ्ग	पतिको नाम : पहलमान घिसिङ्ग
बाजेको नाम : डिल्ल सिं तामाङ्ग	ससुराको नाम : गोरे तामाङ्ग
ठेगाना : रामेछाप जिल्ला, गेलु गा.वि.स. वडा नं. ६	ठेगाना : काभ्रे जिल्ला, भुम्लाटार गा.वि.स. वडा नं. १
हाल : रामेछाप जिल्ला, मन्थली वडा नं. ११	हाल : रामेछाप जिल्ला, मन्थली वडा नं. ११
३. नाम : लोकमान घिसिङ्ग	**४. नाम : गणेश घिसिङ्ग**
ना.प्र.नं. ५०५४९-२११०३५, जि.प्र.का. रामेछाप	ना.प्र.नं. २११०३५/१२४५२, जि.प्र.का. रामेछाप
जारी मिति : २०५८/०६/०८	जारी मिति : २०६६/०६/१८
बाबुको नाम : गोरे तामाङ्ग	बाबुको नाम : गोरे तामाङ्ग
बाजेको नाम : डिल्ल सिं तामाङ्ग	बाजेको नाम : डिल्ल सिं तामाङ्ग
ठेगाना : रामेछाप जिल्ला, गेलु गा.वि.स. वडा नं. ७	ठेगाना : रामेछाप जिल्ला, गेलु गा.वि.स. वडा नं. ६
हाल : रामेछाप जिल्ला, मन्थली वडा नं. ११	हाल : रामेछाप जिल्ला, मन्थली वडा नं. ११

५. नाम : सुनिता (थोकर) घिसिङ्ग
ना.प्र.नं. २१२११०३५/१३२, जि.प्र.का. रामेछाप, जारी मिति : २०६८/१०/२७
पतिको नाम : लोकमान घिसिङ्ग, ससुराको नाम : गोरे तामाङ्ग
ठेगाना : रामेछाप जिल्ला, गेलु गा.वि.स. वडा नं. ६, हाल : रामेछाप जिल्ला, मन्थली वडा नं. ११

धितोको विवरण
पहलमान घिसिङ्गको नाममा मालपोत कार्यालय साँखुमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, नयाँपाटी वडा नं. ८/८ घ स्थित कित्ता नं. २८१ को क्षेत्रफल ०-१०-१-३ (रो.आ.पै.दा.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : कालिमाटी, काठमाडौं, फोन नं. ०१-४६७२६५८
बनेपा, काभ्रे, फोन नं. ०११-६६०१३०, सिनामंगल, काठमाडौं, फोन नं. ०१-५९०१७९७
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

रेबिजविरुद्धको भ्याक्सिन अभाव



बर्दियामा **यज्ञप्रसाद सापकोटा**

बर्दियामा रेबिजविरुद्धको भ्याक्सिन अभाव भएको छ । कुकुर बिरालोलगायत जंगली जनावरले टोकेमा लगाउनुपर्ने रेबिजविरुद्धको भ्याक्सिन अभाव हुँदा सेवाग्राही मारमा परेका छन् । हाल बर्दिया अस्पताल, बारबर्दिया नगर अस्पताल, बाँसगढी नगर अस्पताल र राजापुर प्राथमिक स्वास्थ्य केन्द्रले रेबिजविरुद्धको भ्याक्सिन सेवा उपलब्ध गराउँदै आएका छन् । समयमै लुम्बिनी प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रले एन्टी रेबिज भ्याक्सिन नपठाउँदा अभाव भएको हो ।

ठाकुरबाबा नगरपलिकाले भने आपूर्ति व्यवस्थापन केन्द्रले नपठाए पनि आफ्नै स्रोतले खरिद गरेको छ । नगरपालिकाले सञ्चालन गरेको नगर अस्पतालमा भने रेबिज भ्याक्सिनको अभाव छैन । बर्दिया अस्पताल, गुलरियामा कुकुर वा बिरालोले टोकेर बिरामी रेबिजविरुद्धको भ्याक्सिन लगाउन आउनेको संख्या बढ्दै गए पनि मागअनुसारको भ्याक्सिन नहुँदा समस्या भएको अस्पतालका मेडिकल रेकर्डर केशव न्यौपानेले बताए । १५ दिनदेखि भ्याक्सिन नहुँदा बर्दिया अस्पतालमा रेबिजविरुद्धको भ्याक्सिन लगाउने बिरामी फर्कने गरेको उनले बताए । बारबर्दिया नगरपालिका स्वास्थ्य शाखा प्रमुख गोविन्द पौडेलले अस्पतालमा १० दिनभन्दा बढी समयदेखि भ्याक्सिनको अभाव भएको बताए ।

बाँसगढी नगरपालिका स्वास्थ्य शाखाका प्रमुख महेश थारूले रेबिजको भ्याक्सिन सकिएको एक महिना भएको बताए । 'प्रदेशसँग भ्याक्सिन माग गरे पनि हालसम्म आएको छैन,' उनले भने । राजापुर प्राथमिक स्वास्थ्य केन्द्रका सूचना अधिकारी सुरेश चौलागाईंले रेबिजको भ्याक्सिन २४ कात्तिकमै सकिएको बताए । '१४ कात्तिकमा भ्याक्सिन आएको थियो । १० दिनमनै न सकियो,' उनले भने ।

ठाकुरबावा नगपालिकामा लुम्बिनी प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रले पठाएको भ्याक्सिन दुई महिनाअघि नै सकिएको स्वास्थ्य शाखा प्रमुख विष्णु ज्ञवालीले बताए । 'स्थानीय तह भ्याक्सिनको अभाव हुन नदिन दुई सय भाइल भ्याक्सिन स्थानीय तहले खरिदसमेत गरिएको छ,' उनले भने ।

लागुऔषधसहित फार्मेसी सञ्चालक पक्राउ

विराटनगर/ प्रहरीले प्रतिबन्धित लागुऔषधसहित एक फार्मेसी सञ्चालकलाई पक्राउ गरेको छ । मोरङको रंगेली नगरपालिका- ७ शुक्रबारे आदर्श टोलमा रहेको इसान्त फार्मेसीका सञ्चालक सञ्जयकुमार मण्डललाई २२ हजार थान प्रतिबन्धित लागुऔषधसहित प्रहरीले पक्राउ गरेको हो । औषधि पसलबाट लागुऔषध बिक्री हुने गरेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय रंगेली र लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको संयुक्त टोलीले सोमबार सञ्चालक मण्डललाई पक्राउ गरेको हो । प्रहरीले मण्डलको औषधि पसलबाट ट्राडोल ट्याब्लेट ५३ सय थान, स्पासपेन क्याप्सुल दुई हजार थान र डायसी २० नामक ट्याब्लेट १३ हजार ६ सय थान बरामद गरेको छ ।

बैंक लुटपाटमा संलग्न भारतीय नागरिक पक्राउ

लहानमा **मणिलाल विश्वकर्मा**

विभिन्न जिल्लामा लुटपाट, डाका र संगठित अपराध मुद्दामा संलग्न रही फरार रहँदै आएका भारतीय नागरिकलाई सिराहा प्रहरीले घाइते अवस्थामा पक्राउ गरेको छ । लुटपाट, डाकालगायतका अपराधमा संलग्न रहेका भारतीय नागरिक आरिफ खान भनिने आरिफ हुसैन नेपालतर्फ आइरहेको गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानको कमान्डमा खटिएको टोलीले नेपाल भारत सीमाको दसगजा क्षेत्रबाट घाइते अवस्थामा उनलाई पक्राउ गरेको हो ।

सिराहा प्रहरीका सूचना अधिकारीसमेत रहेका प्रहरी नायब उपरीक्षक पासवानका अनुसार हुसैनलाई सिराहा नगरपालिका- १७ माडरस्थित दसगजा क्षेत्रबाट पक्राउ गरी सोमबार इलाका प्रहरी कार्यालय मिर्चैया पठाइएको छ । हात, खुट्टासहित शरीरका अन्य भागमा चोटपटक लागेको अवस्थामा आइतबार पक्राउ गरिएका हुसैनलाई सिराहा प्रादेशिक अस्पतालमा उपचारपछि जिल्ला प्रहरीमा सोधपुछ गरी थप अनुसन्धानका लागि मिर्चैया प्रहरी पठाइएको उनले बताए ।

प्रहरीका अनुसार १६ जेठ ०८० मा महोत्तरीको महोत्तरी गाउँपालिका- २ स्थित एनएमबि बैंकमा हुसैनसहितको चार-पाँचजनाको हतियारधारी समूह ३८ लाख रुपैयाँ नगदसहित बैंकका कर्मचारीको मोबाइलसमेत लुटेर फरार भएको थियो । घटनालगत्तै बैंकका प्रबन्धक मलिका ठाकुरको जाहेरीका आधारमा डाका मुद्दामा हुसैनसमेत फरार रहँदै आएका थिए ।

१० फागुन ०७९ मा कल्याणपुरस्थित ग्लोवल आइएमई बैंकका लेखापाल ४३ वर्षीय उपेन्द्र साह र प्रहरी जवान नितेश खवास नौ लाख रुपैयाँ बोकेर कल्याणपुरतर्फ जाँदै गर्दा भएको लुटपाटमा समेत हुसैनको संलग्नता रहेको प्रहरीले जनाएको छ । लेखापाल साहले आफू कार्यरत शाखाका लागि मिर्चैयास्थित ग्लोवल आइएमई बैंकबाट नौ लाख रुपैयाँ झिकेर खवासले चलाएको ज.६ प ८१८५ नम्बरको मोटरसाइकल चढेर कल्याणपुरतर्फ जाने क्रममा मिर्चैया- ३ बताहा पुल नजिक हुसैनसहितको चार-पाँचजनाको हतियारधारी समूहले मोटरसाइकल रोकी रकम लुटपाट गरी फरार भएका भएका थिए । नेपालमा बैंकको रकम लुटपाटमा संलग्न रहेर आफ्नै मुलुकमा लुकीछिपी बस्दै आएका हुसैनविरुद्ध भारत बिहारको मधुवनी जिल्लामा समेत हातहतियार, लुटपाटलगायतका मुद्दामा मुद्दा दर्ता रहेको र उनलाई पक्राउ गर्नेलाई २५ हजार रुपैयाँ पुरस्कार घोषणा गरेको बुझिएको प्रहरीले जनाएको छ ।

संसदीय समितिहरूको सुस्त कामप्रति सभामुखको असन्तुष्टि

नयाँ पत्रिका

सभामुख देवराज घिमिरेले संसदीय समितिहरूको सुस्त कामकारबाहीप्रति असन्तुष्टि जनाएका छन् । मिनी संसद्का गतिविधि सुस्त हुँदा संसद्को गरिमामै प्रश्न उठिरहेको भन्दै जवाफदेही बनाउन सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ । संसदीय मामिला पत्रकार समाजले प्रकाशन गरेको 'संसदीय पत्रकारिता : अवधारणा र अभ्यास' पुस्तकको सोमबार विमोचन गर्दै घिमिरेले विधायिकी कार्यप्रति संसदीय दलहरू जिम्मेवार नभएकोमा असन्तुष्टि जनाएका हुन् ।

संसद् सचिवालयका अनुसार संसदीय समितिहरूमा १९ वटा विधेयक छन् । प्रतिनिधिसभातर्फ १५ र राष्ट्रिय सभातर्फ चारवटा विधेयक समितिमा छन् । सरकारले पुस दोस्रो साताबाट हिउँदे अधिवेशन बोलाउने तयारी गरिरहँदा सदनमा बिजनेस छैन । विधेयकहरू समितिमा अड्किँदा सदन बिजनेसविहीन बन्ने जोखिम छ ।

कानुनमन्त्री अजय चौरसियाले विधेयकहरू चाँडो टुंग्याएर हिउँदे अधिवेशनलाई बिजनेस दिन संसद्का पदाधिकारीलाई अनुरोध गर्दै आएका छन् । सभामुख घिमिरेले पनि समिति सभापतिहरू, संसदीय दलका नेता, प्रमुख सचेतक, सचेतकहरू तथा सांसदहरूको ध्यानाकर्षण गराउँदै आएका छन् । सोमबार मात्रै सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयकमा छलफल गर्न बोलाइएको अर्थ समितिको बैठक कोरम नपुगेर स्थगित भयो । बैठकमा विभागीयमन्त्री नै उपस्थित भएनन् । यसअघि पनि समिति बैठकहरू सांसदहरूको अनुपस्थितिले बस्न सकेका छैनन् ।

समितिमा थाँती रहेको विधायिकी कार्यप्रति संसदीय दलहरू जिम्मेवार नभएपछि सभामुख घिमिरेले सोमबार सार्वजनिक रूपमै असन्तुष्टि पोखेका हुन् । 'समितिहरूमा १५-२० वटा विधेयक छलफलमा छन् । तर, छलफल नै अगाडि बढेन, त्यसको कोरम पुगेन, संसद् प्रभावहीन भयो, सांसदहरू संसद्प्रति उत्तरदायी भएनन् भन्नेबारे आमरूपबाट टीकाटिप्पणी आइरहेका छन्,' उनले भने, 'यसप्रति सिंगो संसद् र एउटा सभामुखको नातालेमेरो ध्यान गएको छ । ध्यान गएको मात्र होइन, पटक-पटक नियमित सञ्चालन गर्न, अप्ठ्यारोमा सहयोग पुऱ्याउन र त्यहाँ पेस भएका विधेयक टुंग्याउन पहल गरिरहेको छु ।'



● देवराज घिमिरे, सभामुख

संसदीय समितिहरूमा १५-२० वटा विधेयक छलफलमा छन् । तर, छलफल नै अगाडि बढेन, त्यसको कोरम पुगेन, संसद् प्रभावहीन भयो, सांसदहरू संसद्प्रति उत्तरदायी भएनन् भन्नेबारे आमरूपबाट टीकाटिप्पणी आइरहेका छन् । यसप्रति सिंगो संसद् र एउटा सभामुखको नातालेमेरो ध्यान गएको छ ।

तर, आफ्नो पहलले परिणाम नदिएको गुनासो पनि उनले गरे । 'अहिले विधिवत् ढंगबाट संविधान संशोधनको कुरा आइनसकेको, त्यसको प्रक्रियागत अवधारणाका बारेमा छलफल नभइसकेको वेला सरकार गठन र विघटनको सन्दर्भमा, समीकरण परिवर्तनको सन्दर्भमा संसद्भित्रैबाट समिति प्रभावकारी नभएको कुरा आइरहेको छ,' घिमिरेले भने, 'यस्तो वेलामा यी समितिहरूलाई नियमित ढंगबाट सञ्चालन गर्ने र एउटा सिस्टमभित्र लैजान मैले पटक-पटक दलका अलग-अलग नेताहरूसँग बसेर, समितिका सभापतिहरूसँग संयुक्त र अलग बसेर प्रयत्न गरिरहेको छु ।'

घिमिरेले संघीयता कार्यान्वयसम्बन्धी विधेयक अगाडि बढाउनसमेत दलहरू गम्भीर नदेखिएको गुनासो गरे । 'संघीयतामाथि बाहिर प्रश्न उठिरहेको सन्दर्भमा संघीयतालाई कार्यान्वयन गर्न आवश्यक पर्ने विधेयकहरू जो ऐनको रूपमा पारित भएका छैनन्, पारित भएका कार्यान्वयनमा जान सकेका छैनन्, त्यसमाथि अवलोकन गर्ने काम कम भइरहेको छ,' उनले भने ।

सभामुख घिमिरेले महत्त्वपूर्ण विधेयक टुंग्याउन समिति सभापतिलाई निरन्तर ताकेता गरिरहेको पनि सुनाए । 'अहिले हाम्रोमा आइपुगेका विधेयकमा विद्यालय शिक्षा विधेयक शिक्षा समितिमा छलफलमा छ । त्यसमा अप्ठ्यारा के-के हुन्, त्यसमा मैले बारम्बार निर्दिष्ट गरिरहेको छु,' उनले भने, 'त्यसैगरी संघीय निजामती सेवा विधेयकलाई पूरा गर्न राज्यव्यवस्था तथा सुशासन समितिलाई पटक-पटक भनिरहेको छु । खासखास विषयमा केही टुंग्याउनलाई अप्ठ्यारो परेका विषयमाथि छलफल भइरहेको छ ।' सभामुख घिमिरेले सांसदको ध्यान विधायिकी कार्यमा भन्दा पनि निजी काममा ज्यादा केन्द्रित भएको अनुभव सुनाए ।

राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले संसद्को प्रभावकारितामा सञ्चार क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको बताए । 'सञ्चारकर्मीसँग समन्वय ठिक ढंगले भयो भने संसद् ठिक हिसाबले चल्थ्यो,' उनले भने, 'संसद् सचिवालय र पत्रकारबिच उच्च समझदारी हुनुपर्छ । । आचारसंहितामा अलि गम्भीर र संवेदनशील बन्नुपर्छ ।' उपसभामुख इन्दिरा रानाले जनताका समस्या उठाइदिएर संसद्समम्म पुऱ्याउने पुलको काम सञ्चार क्षेत्रले गरेको बताइन् । सञ्चारकर्मी राजनीतिभन्दा माथि उठेर तथ्यपरक समाचार दिनुपर्ने उनको भनाइ थियो ।

Request for Proposals

Published Date: 17th December,2024

Nabil Bank Ltd. Invites Request for Proposal (RFP) from highly qualified and experienced firms/companies for the Supply, Delivery, Installation and Commissioning of Network Access Controller (NAC).

Terms and Conditions:

RFP documents with detailed Scope of works, Terms & Conditions can be received from the **Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal** or from admin@nabilbank.com upon submission of a written request letter in the official letter head along with Proof of Deposit of **non-refundable application fee of NPR 10,000/- (Ten Thousand Only)**. The application money to be paid by Cash Deposit or Bank Transfer/IPS to the under mentioned A/c. The proof of deposit/ transfer must be attached with the documents. The application money is non-refundable.

a. In case service provider firm/companies are from Nepal, deposit of NPR 10,000/- is to be made in the following bank account:
   Account Name: Deposit Awaiting Disposal
   Account Number: 169254001001
   Bank: Nabil Bank Limited, Head Office
   Bank ECC/IPS Code: 0401
   Bank BIC (Swift code): NARBNPKA (for international transfers)
   Purpose of Deposit/Transfer: <<Bid REF code>> <<Bidder's Name>>

a. In case service provider firm/companies are from India, deposit of INR equivalent to NPR. 10,000/- is to be made in any of the following bank account:

i) Standard Chartered Bank Ltd., Kolkata A/C No. 33105139469 SWIFT code: SCBLINBB IFSC code: SCBL0036001	ii) ICICI Bank Ltd., Mumbai A/C No. 000405075236 SWIFT code: ICICINBB IFSC code: ICIC0000004	iii) Axis Bank Ltd., Silgudi A/C No. O35010200025230 SWIFT Code: AXISINBB IFSC code: UTIB0000035

b. In case service provider firm/companies are from other countries than India, deposit of USD equivalent to NPR. 10,000/- to be made in any of the following bank account:

i) Standard Chartered Bank Ltd., New York, USA A/C No. 3582021695001 SWIFT code: SCBLUS33	ii) Mashreq Bank Ltd., New York, USA A/C No. 70010135 SWIFT code: MSHQUS33

The hard copy of Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM 15th January 2025 i.e. 2nd of Magh 2081.** Bid documents received after this deadline will not be accepted.

In case the last day of submission falls on government holiday, then submission can be done on the next working day.

The received bids shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11.00. A.M.** on **16th January 2025 i.e. 3rd of Magh 2081.** Non-attendance of any or all the bidder's representatives shall not hinder the opening of the bid.

The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu, Contact No: - 01-5971871

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति :- २०८१/०९/०२)

यस कार्यालयको मिति २०८१/०६/१९ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागी सम्बन्धित सबैको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

क्र. सं.	ठेक्का नम्बर	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	न्यूनतम मूल्याङ्कित कबोल अंक मू.अ.कर र PS सहित रु.	कैफियत
१.	NCB/ JRM/W/14/ 2081/082	Roof Maintenance Wokrs (Jaya Parbati Aa.Vi., Sarswati Ma.Vi., Janakalyan Aa. Vi., Rastriya Aa.Vi. and Paras Aa. Vi.) Jakai-Kailali.	श्री राज निर्माण सेवा, टीकापुर- ९, कैलाली	२५,४०,०२६।६३	
२.	NCB/JRM/ W/15/ 2081/082	Construction of Toilet (Arunodaya Ma.Vi. Janaki-9, Kailali), Boundary Wall (Kalika Aa.Vi. Janaki-2, Kailali) & Adhuro Kalika Aa.Vi. Building (Janaki-1, Kailali)	श्री राज निर्माण सेवा, टीकापुर-९, कैलाली	२५,५२,८४६।३१	

प्रमुख प्रशासकीय अधिकृत

धितोमा रहेको चल, अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिनेबारेको प्रथमपटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८१।०९।०२ गते)

तपशिलबमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रूपमा तरताकेता तथा कर्जा बुझाउनेबारे २१ (एक्काइस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नु हुन कर्जा ग्राहक, धितो सुरक्षण मञ्जुरीनामा दिने, जमानत दिनु हुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित ३५ (पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मञ्जुरी दिने, जमानत दिनु हुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल, अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधिअनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल, अचल सम्पत्ति बैंक आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : **२०८१ साल माघ महिना ०८ गते**

सम्बन्धित कार्यालय : **कृषि विकास बैंक लि., शाखा रबि,** लिलाम हुने कार्यालय/स्थान : **शाखा फिदिम, पाँचथर**

ग्राहकको विवरण

१. **ग्राहकको नाम** : विष्णु प्रसाद राई, **ठेगाना** : फाकफोकथुम गा.पा. ०३, आमचोक, इलाम **ना.प्र.नं.**: ८०७६।१२०९ **नागरिकता जारी भएको जिल्ला** : इलाम, **जारी मिति** : २०३७।११।२८ **पति/बाबुको नाम** : उजिर ध्वज **बाजेको नाम** : महा सिंह

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
सरल कृषि कर्जा	विष्णु प्रसाद राई	इलाम	आमचोक	४ख ४ख ४ख ४ख ४ग ३क	७५, ७९ १७७, ८० ८३, ८१ २५ २०, १९ १९३	२।४।०।३,२।८।२।१ १।३।१।३, २।४।०।३ ४।१३।०।१, ५।६।२।२ ९।२।३।३ १।१२।३।२, ५।४।३।३ ०।८।०।०

२. **ग्राहकको नाम** : हेम बहादुर बलम्पाकी **ठेगाना** : फाकफोकथुम गा.पा.-०४, फुयतप्पा, इलाम **ना.प्र.नं.** : ५५१।३०५ **नागरिकता जारी भएको जिल्ला** : इलाम **जारी मिति** : २०४४।११।०१ **कार्यालय** : जिल्ला प्रशासन कार्यालय **बाबुको नाम** : धन बहादुर मगर **बाजेको नाम** : बलबहादुर मगर

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
कृषि कर्जा	हेम बहादुर बलम्पाकी	इलाम	फयतप्पा	७क ७क ७क	७९, ८२ ९३, ९४ ८०	८।२।१।२, ४।१३।२।३ १।०।२।३, ०।९।१।३ १।१५।१।३

शर्तहरू :

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सो को लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरूले भाग लिएको हुनु पर्नेछ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशत हुने रकम धरौटीबापत त्यसै दिन यस बैंकमा रहेको **खाता नम्बर ०६०१२०१२०८३१२०१७**मा जम्मा भएको हुनु पर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
६. डाँक बढाबढको सुरुआत अंक उक्त चल, अचल सम्पत्तिको मूल्यांकनबाट सुरुआत गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुनेछैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नाम सारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजस्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं ।

भावपूर्ण श्रद्धाञ्जली

इन्द्रै बिन्ती गरुन झुकेर पाउमा त्यो बिन्ती सुन्दैन त्यो ।
आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ॥



जन्म मिति :
वि.सं. १९८२/१२/१५

स्वर्गारोहण :
वि.सं. २०८१/०८/२०

स्व. पुरूषोत्तम शम्शेर ज.व. राणा

हाम्रा पुजनीय बुबा **स्व. पुरूषोत्तम शम्शेर ज.व. राणा** को असामयिक स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दु:खद घडीमा हामीप्रति सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नातागुठुम्ब, बन्धु-बान्धव, संघ-संस्था तथा शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दछौं ।

छोरा/बुहारी
परमवीर शम्शेर ज.व. राणा/भगवती राणा

छोरी/ज्वाईंहरू
ईश्वरी थापा/सुवर्ण जंग थापा
विन्देश्वरी शाह/संजय बिक्रम शाह

नाती/नातिनीबुहारीहरू
आशिष जंग थापा/रक्षा थापा
संशान्त बिक्रम शाह

नातिनी/नातिनीज्वाईंहरू
आयुष्मा थापा कार्की/विभु ध्वज कार्की
निर्मा राणा बस्नेत/आशिष बस्नेत
नेहा राणा बस्नेत/शतिषराज बस्नेत
निष्ठा राणा शाही/वृति बिक्रम शाही
शिवानी शाह

पनाती, पनातिनीहरू
आरियाना थापा
आकर्ष बस्नेत
रिहाना थापा
देव्यान ध्वज कार्की
शाश्विक राज बस्नेत

भाई/बुहारी
किशोरी राणा

बहिनी
जय लक्ष्मी चन्द

तथा
भतिजी/भतिजी ज्वाईंहरू
भान्जा/भान्जी बुहारीहरू
भान्जी/भान्जी ज्वाईंहरू

इन्जिनियरिङको नयाँ जनादेश

बाढी प्रतिकार रणनीति र बाढी प्रतिरोधी पुल र सडक संरचनाका निम्ति नवीन वा परिवर्तित प्रविधि, डिजाइन, नीति तथा मापदण्ड आवश्यक छ



● इ. डा. शंकर ढकाल

अग्रलेख

संयुक्त राज्य विकास कार्यक्रमको एक अध्ययन प्रतिवेदनअनुसार नेपालको बाढीजन्य विपत् जोखिम एसियाभरकै उच्चमध्ये पर्छ। सन् १९७८ को तिनाउ, १९८० को कोशी, १९८५ को टाँडी, १९८७ को सुनकोसी र १९९३ को कुलेखानी जलाधार क्षेत्रवरपर आएको विपत् धेरैका लागि अकल्पनीय थिए। भौतिक संरचनाको ठुलो क्षतिबाहेक सो कुलेखानी क्षेत्रको बाढीले मात्रै एक हजार तीन सयजनाभन्दा बढीको ज्यान लिएको थियो भने हालसालै (सन् २०२४) को विशेषगरी दक्षिणपूर्वी नेपाल र काठमाडौं उपत्यकावरपर आएको बाढी र पहिरोले पनि दुई सयभन्दा बढी नागरिकको ज्यान लियो भने दर्जनौं पुल, सडक संरचना, खानेपानी, जलविद्युत् तथा भवन पूर्वाधारमा वितण्डा नै मच्चायो। नख्खु र बागमती नदीमा आएको बाढीले समेत संघीय राजधानी उपत्यकाभित्रै दर्जनौं मानिसको हताहती भयो। सन् २०१२ को नेपालको सेती नदी र गत वर्षको सिक्किमको टिस्टा नदीको बाढीजस्तै यस वर्षको कोशीनदीको फोक्सिडटार, सोलुखुम्बु जिल्लाको थामेलगायतका विपत्ले नेपालका विपत् व्यवस्थापनमा संलग्न धेरैको मथिंगल हल्लाएको हुनुपर्छ। निकै ठुलो कसरतपछि सम्पन्न भएको र रणनीतिक महत्त्वको कोशीनदीको फोक्सिडटार पुलको विनाशले त इन्जिनियरहरू नै रणभुल्लमा परेको स्थितिसमेत देखियो।

नेपालका अधिकतर खोलानालाका किनार अतिक्रमित छन्। क्रसर व्यवसाय र अन्य पहिरोसँगै बग्ने बालुवा तथा माटोले पुरिएर खोलाका भुइँ सतह उच्च हुँदै गएका छन्। समग्रमा वर्षायाममा खोलामा बाढी र हिलोको बहाव बढ्दो क्रममा छ। नेपालको यस परिवर्तित नयाँ परिदृश्यमा कम सम्भावना भएका तर ठुला र अकल्पनीय महाविपत्को वैज्ञानिक अध्ययनका साथै अन्य धेरै इन्जिनियरिङका अत्यावश्यक काम गर्नु आवश्यक देखिन्छ।


तर, परिवर्तित अवस्था सुहाउँदो नवीन सोचको भने हामीकहाँ अभाव देखिन्छ। यस परिप्रेक्ष्यमा बाढी प्रतिकार रणनीति र बाढी प्रतिरोधी पुललगायत सडक संरचनाका निमित्त नवीन वा परिवर्तित प्रविधि, डिजाइन, आवश्यक नीति तथा मापदण्ड/कोड कस्तो हुनुपर्ला ? यसबारे सोच्न र त्यसको कार्यान्वयनमा अग्रसर हुन पूर्वाधार र मूलतः स्ट्रक्चरल इन्जिनियरिङ क्षेत्रका पेसाकर्मी र अगुवाहरूले ढिला गर्नुहुँदैन। अहिलेको समयको सन्देश पनि यही छ। यस दिशामा यथास्थितिवादलाई चिर्दै नवीन सोचको बिउ रोप्नु नै अहिलेको ऐतिहासिक आवश्यकता हो। यसलाई सबैका लागि नौलो इन्जिनियरिङ जनादेश मान्न सकिन्छ।

'खोलाको प्राकृतिक बहावलाई रोक्नुहुँदैन, अतिक्रमण बन्द गर्नुपर्छ' भन्न सजिलो छ। तर, यस्ता तर्कले मात्रै नयाँ युगको इन्जिनियरिङ र आर्किटेक्चरलाई सम्बोधन गर्दैन। नयाँ-नयाँ प्राकृतिक एव मानव सिर्जित चुनौतीसँग पौंठेजोरी खेल्दै तिनको सामना गर्न सक्ने नवीन सोच, नवप्रवर्तनात्मक प्रविधि, परिवर्तित डिजाइन अवधारणा, लेखाजोखा, आवश्यक नीति र कोड/स्ट्यान्डर्डको नेतृत्व आजका पेसाकर्मी अगुवाहरूले गर्न सक्नुपर्छ।

हुनत जनसंख्या नै नबढे, ठुला बाढी नै नआए, भूकम्प नगए, आगलागी नभए र पहिरो नखसे हाइसन्चो हुन्थ्यो। हामीले जुन मात्राको विपत् आउँछ भनेर सदियौंदेखि विश्वास गर्दै आएका छौं, त्यति नै आइराखे हाम्रा स्थानीय इन्जिनियरिङ वा विज्ञले जेजति जानेका छन्, त्यसैमा सन्तोष मानेर बसे पुग्थ्यो पनि होला। तर, आजको समयको नयाँ इन्जिनियरिङ जनादेश त्यस्तो छैन।

भूकम्प, बाढी, पहिरो, आँधी, स्वास्थ्य विपत्जस्ता प्राकृतिक प्रकोप र महामारीसँग जुध्दै गरेका विकसित र विकासोन्मुख राष्ट्रका वैज्ञानिक, इन्जिनियर, विज्ञ पेसाकर्मीले परिवर्तित अवस्थाअनुरूपका प्राकृतिक प्रकोप र बहुविपत् उत्थानशील संरचना निर्माणका नयाँ-नयाँ सामग्री, प्रविधि, डिजाइन, नीति र स्ट्यान्डर्ड/कोडको समाधानमा सफलता प्राप्त गरेका मात्र छैनन्, मानव सिर्जित बम विस्फोट र मिसाइल आक्रमणजस्ता जटिल र चुनौतीपूर्ण आतंकवाद सिर्जित विपत्सँग समेत जुध्ने प्रतिकार प्रविधि, डिजाइन र स्ट्यान्डर्ड बनाउन पनि उनीहरू अग्रसर छन्।

इन्जिनियरिङ क्षेत्रका समकक्षी अन्तर्राष्ट्रिय विज्ञहरूको अग्रसरता र सफलता देख्दादेख्दै पनि नेपालमा त्यस दिशामा पटक्कै पाइला अगाडि नबढ्नु र आधा शताब्दी भोटो फटाएका भनिएका शीर्ष 'विज्ञ'हरूले भेउसम्म पनि नपाउनु दुःखद परिदृश्य हो। मिडियामा कहलिएका र मन्त्रालय अनि विभागले कर्मकाण्डी निम्तो गर्ने यस्ता नेपाली विज्ञ यथास्थितिमा रमाउने, नवीन सोच र क्रान्तिकारी युवा सोचमा केटाकेटीपन देख्ने र त्यस्ता प्रस्तावको भ्रूणहत्या गर्न उद्यत् रहेको आमअनुभव छ। यसरी विज्ञ भनिएका शीर्ष पेसाकर्मी र गुरुदेवहरूको सतही, यथास्थितिवादी र बुद्यौलीले भरिएको प्रवचन सुन्दा र स्वाभाविक विषयवस्तुको गहिराइ नाप्न असमर्थ उनीहरूलाई नै मिडिया जगत्ले निरन्तर देवत्वकरण गरेको देख्दा राजनीतिमा मात्रै होइन, पेसागत क्षेत्रमा पनि पुस्तान्तरण आवश्यक भएको हो कि भन्ने बेजोड अनुभूति हुन्छ नै। बढ्दो



> इन्जिनियरिङ क्षेत्रका समकक्षी अन्तर्राष्ट्रिय विज्ञहरूको अग्रसरता र सफलता देख्दादेख्दै पनि नेपालमा त्यस दिशामा पटक्कै पाइला अगाडि नबढ्नु र आधा शताब्दी भोटो फटाएका भनिएका शीर्ष 'विज्ञ'ले भेउसम्म नपाउनु दुःखद परिदृश्य हो

> नयाँ-नयाँ प्राकृतिक एवं मानव सिर्जित चुनौतीसँग पौंठेजोरी खेल्दै तिनको सामना गर्न सक्ने नवीन सोच, नवप्रवर्तनात्मक प्रविधि, परिवर्तित डिजाइन अवधारणा, आवश्यक नीति र कोडको नेतृत्व आजका पेसाकर्मी अगुवाले गर्न सक्नुपर्छ

बाढीजन्य विपत् जोखिम न्यूनीकरण र प्रतिकार गर्न सकिने इन्जिनियरिङ डिजाइनसँग सम्बन्धित उपाय के हुन सक्छन् त ? यस विषयमा अलि घोत्लिने र विशिष्ट अध्ययन अनुसन्धान गर्ने हो भने थुप्रै नवीन र प्रमाणित समाधान नेपालको परिप्रेक्ष्यमा प्रस्ताव गर्न सकिन्छ। विकसित राष्ट्रमा यस्ता पूर्वाधार र विपत्का क्षेत्रमा नयाँ समस्या आउनेबित्तिकै सम्पूर्ण विश्वविद्यालय र अनुसन्धान केन्द्र अनि पेसागत समाज र निजी व्यावसायिक क्षेत्रसमेत मिलेर लागिपर्छन् र समाधान निकालेरै छाड्छन्। जुन अन्य थुप्रै देश र क्षेत्रका लागि समेत उपयोगी हुने गर्छन्। केही युवाको हुटहुटीलाई अपवाद मान्ने हो भने हाम्रोमा त्यस्तो परिपाटीको अझै सुरुवातसमेत हुन सकेको देखिँदैन। साधारण सिभिल तथा स्ट्रक्चरल इन्जिनियरिङ विवेकको प्रयोग गर्दा र हालसालै नेपालका विभिन्न ठाउँमा देखिएका बाढीजन्य क्षति र समग्र परिस्थितिको मूल्यांकन गर्दा देहायबमोजिमका (निर्माण स्थलको छनोट, डिजाइन, प्रविधि, प्रबलीकरण र कोडसँग सम्बन्धित) रणनीति र समाधान प्रस्ताव गर्न सकिन्छ :

१. बाढी र लेदोजन्य बहावको गतिशील दबाब प्रतिकार गर्न लचकदार निर्माण सामग्रीसहित संरचना बनाउने। उदाहरणका लागि स्टिलको ट्रस वा आर्च र कंक्रिट डेकको उपयोग गर्ने।

२. संरचनाहरूको डिजाइन गर्दा चरम विपत्मा पनि सकेसम्म बाढीको बहाव कम छेकिने वा पानी र बाढी छिरेर जान सक्ने गरी संरचनाका अवयवको डिजाइन गर्ने। हुरी-बतास प्रतिरोध हुने गरी संरचना निर्माणमा यस्ता कुरालाई ध्यान दिने गरिन्छ।

३. पुराना र पुरातात्विक (ढुंगा र इँटाबाट बनेका) पुल छन् भने 'मास'लगायत प्रविधि प्रयोग गरी बाढी प्रतिकार क्षमता वृद्धि गर्ने उद्देश्यले पुलहरूको प्रबलीकरण गर्न सकिन्छ।

४. सम्भव भएसम्म नदीको सम्भावित उच्च बहाव सतहभन्दा माथि पर्ने गरी संरचनाहरूको डिजाइन तथा निर्माण गर्ने।

५. पुललगायत संरचना निर्माण गर्दा सवारी साधनबाट उत्पन्न ठाडो लोडका लागि डिजाइन गरिए पनि तेर्सो प्रकृतिको अति (लेदोजन्य) बाढीको अवस्थालाई पनि ध्यानमा राख्ने। संरचनाका मुख्य निर्माण तत्त्व र तिनका जोर्नीहरूको बहुविपत् प्रतिरोध डिजाइनमा विशेष ख्याल गर्ने। यसका लागि डिजाइन कोडमा आवश्यक परिमार्जनसमेत गर्न सकिन्छ।

६. अति र चरम बाढी र लेदोको बहावलाई मध्यनजर गरी संरचनाहरूको पिल्लर (पियर र अबुटमेन्ट) का जगको गहिराइ बढाउने र पिल्लर वरिपरि विशेष संरक्षण विधि अपनाउने।

७. रणनीतिक नदीहरूमा बाढी पथान्तरण पूर्वाधारको विकास गर्ने, जसमा नवीन सूचना प्रविधि र एआईसम्मका प्रविधि एकीकृत गर्न सकिन्छ।

अन्त्यमा, पुनः चरम बाढी र लेदोजन्य विपत् प्रतिकार सोच, प्रविधि, डिजाइन र स्ट्यान्डर्डलगायतमा समाधान खोज्न हाल पेसागत जगत्को यथास्थितिवादलाई चिर्दै नवीन सोचको बिउ रोप्न ढिला भइसकेको छ। यस्तो महान् र ऐतिहासिक आवश्यकता अर्थात् नौलो इन्जिनियरिङ जनादेश पूरा गर्न हामी सबैलाई सफलता मिलोस्।

(स्ट्रक्चरल इन्जिनियर समाज, नेपाल (सिनेप)) का सचिव तथा (नेपाल सरकार, एसियाली विकास बैंक, युएसएआइडीलगायत पूर्वाधार विकास आयोजना) वरिष्ठ स्ट्रक्चरल इन्जिनियर ढकाल पूर्वाधारविज्ञ परामर्शदाता हुन्)

३ प्रश्न

कांग्रेस प्रचार विभाग प्रमुख **मीन विश्वकर्मा**लाई



शेखर समूहले किन महाधिवेशनमा ढिलाइको आशंका गरिरहेको छ ?

१४औं महाधिवेशनमा पार्टी सभापतिमा पराजित हुनुभएकाले उहाँले १५औं महाधिवेशनको तयारी गर्न थाल्नुभयो। उहाँहरूले संस्थापनले काम कारबाही गर्न सकेन भनेर आफूलाई महाधिवेशन केन्द्रित गर्नुभएको मात्र हो। १४औं महाधिवेशन पनि सभापतिज्यूले समयमै सम्पन्न गराउनुभएको हो। त्यसका लागि सदस्यता वितरण र नवीकरणका काम प्रक्रियामा छन्। अबको महाधिवेशनमा आफ्ना एजेन्डाका रूपमा संस्थापन पक्षलाई लगाइने आक्षेप मात्रै हो, ढिलाइको आशंका। त्यो पनि शंकाका भरमा मात्र लगाइँदै छ। आफूलाई महाधिवेशनमा संगठित गर्ने आधार बनाइएको मात्र हो यो।

१५औं महाधिवेशन ०८२ मै हुने निश्चित छ त ?

विधानतः चार वर्षको अवधि हो। ०८२ मा महाधिवेशन गर्न सभापतिज्यूलाई कुनै आपत्ति छैन। पदाधिकारीलाई पनि छैन। महाधिवेशनका लागि तयारी गर्दा तल्लो तहबाट गर्दै जानुपर्छ। ०८१ भित्र सदस्यताको काम सकियो भने ०८२ मा महाधिवेशन गर्न सम्भव हुन्छ। तर, यसअघिका सबै सभापतिले प्रत्येक पाँच-पाँच वर्षमै महाधिवेशन गराउँदै आउनुभएको नजिर भएकाले पाँच वर्षलाई नै हामीले सामान्य अवधि मान्ने गरेका छौं। पाँच वर्षमा कांग्रेसको महाधिवेशन हुन्छ। पाँच वर्षभन्दा पर जाँदैन।

महाधिवेशनको पूर्वसर्त मानिने सदस्यताको काम किन सुस्त देखिँदै छ ?

सदस्यता वितरण र नवीकरणसम्बन्धी कामका लागि महामन्त्री गगन थापाको संयोजकत्वमा रहेको समितिले काम गरिरहेको छ। ०८२ मा महाधिवेशन हुन्छ कि हुँदैन भनेर आशंका गर्नुभन्दा ०८२ मै गर्नका लागि सहयोग गर्दा समयमै महाधिवेशन हुने अवस्था आउँछ। भन्नका लागि मात्र भनेर हुँदैन।

प्रेरक प्रसंग

माकुरो र राजा

एकपटक एक राजाले संसारमा कुन-कुन जीव पटक्कै उपयोगी छैनन्, तिनको खोज, अनुसन्धान गर्न आफ्ना कर्मचारीलाई आदेश दिए। राजाको आदेशअनुसार लामो खोज, अनुसन्धानपछि कर्मचारीले विशेष प्रतिवेदन तयार गरेर राजालाई बुझाए। प्रतिवेदनमा जंगली झिँगा र माकुरा पटक्कै उपयोगी नभएको उल्लेख थियो। प्रतिवेदन पढिसकेपछि राजाले मनमनै सोचे- कुनै उपयोगमा आउन नसक्ने झिँगा र माकुरालाई नष्ट गर्नुपर्ला। यिनलाई बेकारमा किन राखिरहनु ? यसैबिच ती राजाको राज्यमा अर्को एक शक्तिशाली राज्यका राजाले आक्रमण गरे। युद्धमा उनको हार भयो। उनी ज्यान बचाउँदै भागेर एउटा घना जंगलमा पुगे। शत्रु राजाका सिपाही उनलाई खोज्दै पछि लागे। भाग्दाभाग्दै राजा जंगलको भित्री भागमा पुगे। उनी निकै थाकिसकेका थिए। तिर्खा पनि लागेको थियो। एउटा खोल्सामा पानी पिएर उनी नजिकैको रुखको शीतल छहारीमा पल्टिए। थकाइले चुर भएका राजा एकै छिनमा भुसुक्कै निदाए।



राजा निदाएको धेरै भएको थिएन, एउटा जंगली झिँगाले उनको नाकमा टोकिदियो। पीडाले रन्थनिँदै उठेपछि उनलाई लाग्यो- ओहो ! यसरी खुला स्थानमा सुतियो भने शत्रु सेनाले एकैछिनमा भेटिहाल्छ नि ! यस्तो सोचेर उनी अघि बढे। नजिकै गुफा भेटियो। उनी गुफाभित्र पसे। राजा भित्र पसेपछि एउटा माकुरो गुफाको मुखमा जाल बुन्न थाल्यो। केहीबेरमा जाल पनि तयार भयो। शत्रु सेना राजालाई खोज्दै त्यहीं आइपुगे। गुफाको मुखमा माकुराको जाल देखेर एक सिपाहीले भने- यो गुफामा त माकुराको जाल जस्ताको तस्तै छ। राजा यहाँ आएको थियो भने त यो जाल नष्ट भइहाल्थ्यो नि ! 'हो हो' भन्दै सिपाहीहरू अर्कैतिर लागे। गुफामा लुकेका राजाले यो सबै सुनिरहेका थिए। उनलाई लाग्यो- यो संसारमा कुनै पनि प्राणी उपयोगहीन हुँदैन रैछन्। आज जंगली झिँगा र माकुरा नहुँदा हुन् त मेरो प्राण गइसकेको हुने थियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सडक किन खनिँदै छ ?

अहिलेका काठमाडौं कतिपय स्थानका सडक खन्दै पिच गर्दै गरिएको देखिन्छ। विशेष गरी काठमाडौंको सोह्रखुट्टेदेखि बालाजु चोकसम्मको सडक खण्डको एकातिरको लेनमा केही दिनअघि अचानक ठाउँठाउँमा भनिएको थियो। पाइप या अन्य केही भूमिगत कामका लागि त्यसरी खनिएको होइन। पिच मात्र भत्काएर छाडिएको थियो। पछि केही दिनमै ती खाल्डामा पिच गरियो। फेरि आज सोही सडकको अर्को लेनपट्टि त्यसैगरी खनिएको छ। आखिर यसरी हुँदाखाँदाको पिच सडक किन खनिँदै छ ? के सरकारसित पैसा बढी भएर खनिएको हो सडकको पिच ?

● **भूमिका विक**, नयाँबजार, काठमाडौं

हाम्रो परीक्षा कहिले हुन्छ ?

मानविकी संकायअन्तर्गत स्नातक तह दोस्रो वर्षको परीक्षाको तालिका अहिलेसम्म सार्वजनिक भएको छैन। सरकारी क्याम्पसमा पढ्ने हामी विद्यार्थीको दोस्रो वर्षको नियमित पठनपाठन गत जेठको अन्त्यतिरै सकिएको हो। त्यसयता हामी विद्यार्थी घरैमा छौं र प्राध्यापक गुरुहरू पनि घरैमा बसेर तलब, भत्ता बुझिरहनुभएको छ। पढाइ सकिएको यति लामो समयसम्म पनि परीक्षा तालिकासम्म सार्वजनिक गर्न नसक्ने त्रिवि नेतृत्वले देशको प्राज्ञिक उन्नयनमा काम गर्ला भनेर के आस गर्नु ?

● **सुमन गैरे**
सामाखुसी, काठमाडौं

धारामा फोहोर पानी किन ?

हामीले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई खानेपानीको नियमित महसुल बुझाउँछौं। तर, धारामा भने कहिलेकाहीं मात्र पानी आउँछ। त्यसरी कहिलेकाहीं मात्र आएको पानी पनि सफा र पिउनयोग्य भने कहिल्यै आउँदैन। कहिले डिप बोरिङको पानी पठाइन्छ त अधिकांश समय धमिलो र फोहोर पानी पठाइन्छ। यस्तो धमिलो पानीका लागि पनि हामीले नियमित शुल्क बुझाइरहनुपर्ने हो ? यस्तो पानीका कारण उपभोक्ता बिरामी परे केयुकेएलले क्षतिपूर्ति दिन्छ त ?

● **मन्जु सापकोटा**
तारकेश्वर-४, काठमाडौं

कृपया मेरो जीवन बचाइदिनुस्

म केही समयदेखि दुवै मृगौला फेल भई सिभिल अस्पताल, काठमाडौंमा नियमित उपचार गराइरहेको छु। अहिलेसम्म आफूसँग भएको चलअचल सम्पत्ति प्रयोग गरी हेमोडाइलासिस उपचार गराइरहे पनि सुधार हुन सकेको छैन। चिकित्सकहरूले छिटोभन्दा छिटो नयाँ मृगौला प्रत्यारोपण गराउन सुझाव दिनुभएको छ। म बाँच्न चाहन्छु। तर, कमजोर आर्थिक अवस्थाले गर्दा मेरो चाहना, परिवार र आफन्तजनको उपचारको अथक प्रयास सफल हुने हो कि होइन, गम्भीर चिन्तामा छु। दुवै मृगौला ट्रान्सप्लान्टका लागि लाखौं रुपैयाँ आवश्यक परेको छ। तसर्थ, विपत्को यस घडीमा मानवीय धर्म सम्झिएर आर्थिक सहयोग गरी मलाई अमूल्य जीवनदान दिनुहुन स्वदेश तथा विदेशमा रहनुभएका सहयोगी मनका सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीका साथै विभिन्न सरकारी एवं गैरसरकारी संघ संस्था सबैमा विनम्र अपिल गर्दछु।



सहयोग गर्न चाहनुहुने सहृदयी महानुभावले नयाँबानेश्वर शाखामा मेरो नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको खाता नम्बर १४२०१०००७४४२२०१० मा रकम जम्मा गरी या ९८४११६६५६८ र ९८५१०१५०३४ मा सम्पर्क गरी सहयोग गर्न सक्नुहुनेछ।

● **रेवतराज खरेल**, चौंरीदेउराली- १, बाइथली, काभ्रेपलाञ्चोक
हाल : नयाँबानेश्वर, काठमाडौं

लोकप्रियतावादको भविष्य

आर्थिक संकटपछि लोकप्रियतावादमा प्रायः वृद्धि भए पनि एक दशकमा मुलुक पुनः संकटअघिकै स्तरमा फर्किने गरेको देखिन्छ



देश/विदेश

● माइकल आर स्ट्रेन

आजको राजनीति बुझ्न लोकप्रियतावाद (पपुलिजम) को पुनरागमनलाई बुझ्न आवश्यक छ। विशेषतः अमेरिकामा यो बुझ्नु थप आवश्यक छ, जहाँ डोनाल्ड ट्रम्प र कंग्रेसका रिपब्लिकन सदस्य सरकार सञ्चालनका लागि तयार भइरहेका छन् भने डेमोक्र्याट आफ्नो लज्जास्पद पराजयबाट पार पाउने प्रयासमा छन्। सन् २०१० को दशकको मध्यमा भएको ट्रम्पको उदय सन् २००८ को वित्तीय संकटसँग जोडिएको छ, जसले व्यापक पीडा एवं असन्तोष सिर्जना गरेको थियो। वास्तविक (मुद्रास्फीति-समायोजित) मध्यम तलब सन् २०१४ सम्म पनि सन् २००७ को स्तरमा फर्कन सकेन। सन् २०२१ को मेरो एक अध्ययनअनुसार मन्दी नभएर लगातारको आर्थिक वृद्धिपछि पनि मध्यम तलब पुनर्स्थापित हुन सक्ने थिएन। संकटले आर्थिक क्षति मात्र नभई वित्तीय प्रणाली र सरकारको लोककल्याण प्रवर्द्धन गर्ने क्षमतामा विश्वास घटायो, जसले दक्षिणपन्थी र वामपन्थी दुवै पक्षमा लोकप्रियतावादका लागि उर्वर भूमि तयार गऱ्यो। प्रायः अस्पष्ट रूपमा प्रयोग गरिने लोकप्रियतावादलाई म तीन विशेषतामा परिभाषित गर्छु, जसमा 'जनता' र 'सम्भ्रान्त'बिचको संघर्षको दृष्टिकोण, आर्थिक निराशावाद र आर्थिक संरक्षणवादको चाहना पर्छन्। अमेरिकामा यी प्रवृत्ति पहिलोपटक दक्षिणपन्थी टी पार्टी र वामपन्थी अक्युपाई वाल स्ट्रिट आन्दोलनमार्फत देखा परेका थिए। सन् २०१३ सम्ममा यी प्रवृत्तिले राष्ट्रपति ओबामालाई असमानतालाई 'हाम्रो समयको परिभाषित चुनौती' भनेर घोषणा गर्न प्रेरित गऱ्यो (जसलाई म गलत ठान्छु)। पछि ट्रम्पले रिपब्लिकन पार्टीको नेतृत्व कब्जा गरे भने बर्नी स्यान्डर्स डेमोक्र्याटिक पार्टीमा लगभग त्यस्तै गर्न सफल भए।

सन् २००८ को संकट विश्वव्यापी भएकाले बेलायत र युरोपमा पनि लोकप्रियतावादको पुनरुत्थान भयो, जुन ऐतिहासिक प्रवृत्तिसँग मेल खान्छ। विगत एक सय ५० वर्षको तथ्यांकले आर्थिक संकटपछि लोकप्रियतावादमा प्रायः वृद्धि भए पनि करिब एक दशकमा मुलुक पुनः संकटअघिको स्तरमा फर्किन्छ भन्ने देखाउँछ। सन् २०१८ सम्ममा लोकप्रियतावाद घट्दै गएको जस्तो देखिन्थ्यो, किनभने सामान्य घरपरिवारको आर्थिक अवस्थामा सुधार हुँदै थियो, आक्रोश घटेको थियो, र अमेरिकीमाझ एकताबद्ध भएर भविष्यप्रति आत्मविश्वास बढ्दै गएको महसुस गर्न सकिन्थ्यो।

अमेरिका पुनः लयमा फर्किँदै गर्दा सन् २०२० को सुरुवाती महिनामा कोभिड-१९ महामारीले राजनीतिक र सामाजिक अवरोध निम्त्यायो। उच्चवर्गीय नेतृत्वको विफलताको धारणाले फेरि लोकप्रियतावादलाई जीवन्त बनायो र कतिपय अवस्थामा यी धारणा जायज पनि थिए। आर्थिक गतिविधिमा लगाइएको प्रतिबन्धले व्यक्तिगत स्वतन्त्रतालाई महत्त्व दिने राष्ट्रमा असहमति पैदा गऱ्यो, विशेषतः जब सार्वजनिक स्वास्थ्यसम्बन्धी निर्देशन अर्थात् ६ फिटको दूरी नियम लागू भयो। खोपको प्राप्तिपछि पनि अभिभावकले सामान्य बालरोगका लागि अत्यधिक क्वारेन्टिन नियमको सामना गर्नुपऱ्यो। दुर्भाग्य, सन् २०२० को हिउँदमा विद्यालय पुनः सञ्चालन गर्नुको सट्टा उच्चवर्गीय अवधारणाले बालबालिकालाई लामो समयसम्म कक्षाकोठाबाहिरै राख्यो, जसले कहिल्यै पूर्ति गर्न नसकिने शैक्षिक क्षति पुऱ्यायो।

लोकप्रियतावादबाट चिन्तितका लागि हालको इतिहासको सकारात्मक पक्ष भनेको यस्ता लोकप्रियतावादको अस्थायी स्वभावको पुष्टि हुनु हो। अमेरिकी मजदुरले चार वा पाँच वर्षसम्म स्थिर वास्तविक तलब वृद्धिको अनुभव गर्न सके भने लोकप्रियतावादको भावना फेरि कम हुनेछ, जुन महामारीअघिको समयमा देखिएको थियो। स्पष्ट रूपमा भन्नुपर्दा मेरो अपेक्षा ट्रम्पीय लोकप्रियतावाद पूर्ण रूपमा समाप्त हुनेछ भन्ने होइन,



तस्बिर : निक अन्ताया/गेटी इमेजेस

बरु यसको प्रभावकारिता र राजनीतिक महत्त्व कम हुनेछ भन्ने हो। राजनीतिक दक्षिणपन्थमा लोकप्रियतावादको धार पहिल्यैदेखि देखिँदै आएको छ। सन् १९९० को दशकमा प्याट बुकाननको राजनीतिक सफलताले ट्रम्पको उदयलाई संकेत गरिसकेको थियो। सन् १९९६ को रिपब्लिकन प्राथमिक चुनावमा बुकाननले 'सुपर ट्युज्डे' वा त्यसअघिका मतदानमा २३ प्रतिशत मत जितेका थिए। सन् २०१६ को प्राथमिक चुनावमा ट्रम्पले प्रारम्भिक मतदान र सुपर ट्युज्डे राज्यमा ३४ प्रतिशत मत जितेका थिए। भविष्यमा रिपब्लिकन पार्टीका उम्मेदवार चयन प्रक्रियामा लोकप्रियतावादको सफलता बुकाननको स्तरमा फर्कनुलाई आधारभूत स्थितिमा फर्कनु मान्न सकिन्छ।

डेमोक्र्याटका लागि पाठ भनेको आर्थिक व्यवस्थापनको महत्त्व हो। सन् २००८ को आर्थिक संकटपछि केही वर्षसम्म वास्तविक तलब वृद्धिमा आएको गिरावटले अमेरिकाको इतिहासमा लोकप्रियतावादको यो अध्यायको सुरुवात भएको थियो र पछिल्ला केही वर्षको तीव्र मुद्रास्फीति (जसले नाम मात्रको तलब वृद्धिलाई कमजोर बनायो) ले ट्रम्पलाई फेरि ह्वाइट हाउसमा पुऱ्यायो। राष्ट्रपति जो बाइडेन ढिलो गरी चुनावबाट बाहिरिएपछि धेरै डेमोक्र्याट नेतालाई मतदाताले उपराष्ट्रपति कमला ह्यारिसलाई चुन्नेछन् भन्ने सोचे, ताकि आधाभन्दा बढी देशले मन नपराएको उम्मेदवारलाई टार्न सकियोस्। तर, २०२० को तुलनामा ट्रम्पलाई अझ बढी मतदाताले समर्थन गरे, जसको मुख्य कारणका रूपमा बाइडेन प्रशासनका नीतिले निम्त्याएको उच्च मुद्रास्फीति, स्थिर वास्तविक तलब वृद्धि र उपभोक्ता मूल्यको कीर्तिमानी वृद्धिलाई लिइयो।

रिपब्लिकनका लागि पनि एउटा महत्त्वपूर्ण पाठ छ। मतदाता अहिले व्यापार युद्ध र कठोर आप्रवासन नीति लागू गर्न इच्छुक राष्ट्रपतिलाई समर्थन गर्ने मनस्थितिमा हुन सक्छन्, तर यस्तो प्रवृत्ति अपेक्षाभन्दा छिटो बदलिन सक्छ। सन् २०२८ मा पुनः जित हासिल गर्न चाहने हो भने रिपब्लिकनले आगामी चार वर्षमा जनताको जीवनमा सुधार ल्याउने नीति अपनाउनुपर्ने हुन्छ। लोकप्रियतावादी नीति प्रभावकारी हुँदैनन् र दीर्घकालीन राजनीतिक सफलतामा ध्यान केन्द्रित गर्ने विवेकशील रिपब्लिकनले व्यावहारिक र प्रभावकारी समाधानमा जोड दिनेछन्।

(स्ट्रेन अमेरिकन इन्टरप्राइज इन्स्टिच्युटका आर्थिक नीति अध्ययन निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गारी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. — ऋणीको विवरण

१)

१) ऋणी फर्म : किरण खाद्यान्न खरिद विक्री, प्रोप्राईटर तथा जमानीकर्ता: दिपेन्द्र कुमार साह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ५८५/०६५/६६, दर्ता मिति: २०६५/०५/१०, ठेगाना: जिल्ला सिरहा, पडरिया गा.वि.स. वडा नं. ९ (हाल लहान न.पा. वडा नं. १२)

धितोको विवरण

१) मुनर साहको नाती, रामकृपाल साह तेलीको छोरा, सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बस्ने दिपेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. २१५१, २१४९ र १४८३ को क्षेत्रफल क्रमश: ०-०-६-०, ०-०-४-० र ०-०-१५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।
२) मुनर साहको नाती, रामकृपाल साह तेलीको छोरा, सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बस्ने दिपेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. १४७९ को क्षेत्रफल ०-१-१-० (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।
३) मुनर साहको नाती, रामकृपाल साह तेलीको छोरा, सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बस्ने दिपेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ५ क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. १००१ र १००३ को क्षेत्रफल क्रमश: ०-३-०-० र ०-१-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।
४) सवारी मोडल: Eicher Pro 1114 XP H HSD TRUCK | च्यासिस नं.: MC2G3HRCOLJ179812 | ईन्जिन नं.: E413CDLJ328200 | सवारी दर्ता नं. : प्रदेश १-०२-००१ख-८६३६
५) किरण खाद्यान्न खरिद विक्रीको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) ऋणी फर्म: पि एण्ड बि ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: नुतन कुमारी साह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ११८४४/२०७६/०७७, दर्ता मिति: २०७६/१२/०३, ठेगाना: जिल्ला सिरहा, पडरिया गा.वि.स. वडा नं. ९ख (हाल लहान न.पा. वडा नं. १२)

धितोको विवरण

१) मुनर साहको नाती, रामकृपाल साह तेलीको छोरा, सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बस्ने दिपेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. २१५१, २१४९ र १४८३ को क्षेत्रफल क्रमश:०-०-६-०, ०-०-४-० र ०-०-१५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत।
२) मुनर साहको नाती, रामकृपाल साह तेलीको छोरा, सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बस्ने दिपेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. १४७९ को क्षेत्रफल ०-१-१-० (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।
३) मुनर साहको नाती, रामकृपाल साह तेलीको छोरा, सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बस्ने दिपेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ५ क (हाल लहान न.पा. वडा नं. १३) सिरहा स्थित कित्ता नं. १००१ र १००३ को क्षेत्रफल क्रमश: ०-३-०-० र ०-१-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत।
४) सवारी मोडल: TATA LPT1512/42_HD_20FT | च्यासिस नं.: MAT554001M7R12633
ईन्जिन नं. : 497TC41GYX620377 | सवारी दर्ता नं. : प्र १ ०२ ००१ख ९२५०
५) पि एण्ड बि ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

३) ऋणी: दिपेन्द्र कुमार साह
स्थायी ठेगाना : सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ७, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२
बाबु : रामकृपाल साह तेली, बाजे : मुनर साह

धितोको विवरण

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजानिक बिदा परेमा बिदा पश्चात लगाते कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

इतिहासमा आज

डिसेम्बर १७



सन् २०१० : आर्थिक अवस्थाको विरोध गर्दै ट्युनिसियाका सडक व्यापारी मोहमद बोउजिजीले आगो लगाएर आत्मदाह गरे । सरकारको विरुद्धमा उनको निर्मम कदम र मृत्युले अरब देशमा क्रान्तिको बीजारोपण सुरु गऱ्यो । ट्युनिसियाको आगोको झिल्को सम्पूर्ण अरब देशमा फैलियो । ट्युनिसियाका तत्कालीन राष्ट्रपति जिने इल अबिदिने बेन अलीले राजीनामा दिएसँगै फैलिएको अरब आन्दोलनले मध्यपूर्वका देशमा असर गरेको थियो ।

● **सन् १९०३** : अमेरिकी दाजुभाइ ओरभिल र विलबर राइटले आविष्कार गरेको जहाजले आजकै दिन पहिलो उडान भऱ्यो ।

● **सन् १९८९** : अमेरिकाको लोकप्रिय एनिमियटेड शृंखला दी सिम्पसनको आजकै दिनबाट टेलिभिजनमा प्रसारण सुरु भएको थियो । म्या ग्रोइनिङले निर्देशन गरेको सो शृंखलामा सिम्पसनको परिवारको जीवनबारे चित्रण गरिएको थियो ।

● **सन् १९९२** : उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौता (नाफ्टा)मा मेक्सिको, क्यानडा र संयुक्त राज्य अमेरिकाका नेताले हस्ताक्षर गरे । यसलाई सन् २०२० मा अमेरिका-मेक्सिको-क्यानडा सम्झौताले प्रतिस्थापन गऱ्यो ।

● **सन् २०११** : उत्तर कोरियाली शासक किम जोङ इलको निधन । उनको मृत्युपछि वर्तमान कोरियाली नेता किम जोङ उन उत्तराधिकारी बनेका थिए ।

रुसले कब्जा गरेको क्षेत्रमा ३० उत्तर कोरियाली सैनिकको मृत्यु



मस्को / युक्रेनले आफ्नो पश्चिमी कुर्स्क क्षेत्रमा रुसले तैनाथ गरेका कम्तीमा ३० उत्तर कोरियाली सैनिकको हताहत भएको सोमबार जनाएको छ । युक्रेनको सैन्य गुप्तचर निकायले भनेको छ, 'डिसेम्बर १४ र १५ मा कुर्स्क क्षेत्रको प्लेखोभो, भोरोज्बा, मार्टिनोभ्का गाउँनजिकै उत्तर कोरियाली सैनिक एकाइमा ठुलो क्षति पुगेको छ ।' युक्रेनी गुप्तचर अधिकारीले भनेका छन्, 'रुसले कब्जा गरेको युक्रेनी भूभाग र वरपरका क्षेत्रमा तैनाथ गरिएका सैनिकलाई लक्षित गरी गरिएका आक्रमणमा कम्तीमा ३० जना उत्तर कोरियाली सैन्य लडाकु हताहत (मृत्यु भएको वा सख्त घाइते भएका) छन् ।'

उत्तर कोरियाबाट हजारौँ सैनिक कुर्स्क सीमा क्षेत्रसहित युक्रेनी सीमा क्षेत्रमा रहेका रुसी सेनालाई सहयोग गर्न आएका छन् । मस्कोलाई सघाउन उत्तर कोरियाले कम्तीमा १० हजार सैनिक पठाएको पश्चिमी अधिकारीको अनुमान छ । सीमा क्षेत्रमा तैनाथ ती सैन्य एकाईमा 'नयाँ सैनिक'हरू भरिएका छन् र यसमा उत्तर कोरियाली सेना पनि रहेका बताइएको छ । मस्कोको आक्रमणपछि रुस र उत्तर कोरियाबिच सैन्य सम्बन्ध प्रगाढ बनेको छ ।

बंगलादेशमा एक वर्षपछि मात्र निर्वाचन हुने

ढाका / बंगलादेशमा आगामी एक वर्षभित्र निर्वाचन हुने सोमबार अन्तरिम नेतृत्वले जनाएको छ । बंगलादेशमा अगस्टमा विद्यार्थी आन्दोलनले तत्कालीन प्रधानमन्त्री सेख हसिना वाजेदलाई अपदस्थ गरी बनेको कामचलाउ सरकारको नेतृत्व गरिरहेका अन्तरिम नेता मोहम्मद युनुसले आगामी वर्षको अन्त्य वा सन् २०२६ को सुरुमा आम निर्वाचन हुने बताएका हुन् ।

गत अगस्टमा पूर्वप्रधानमन्त्री सेख हसिनालाई सत्ताच्युत गर्ने विद्यार्थी नेतृत्वको विद्रोहपछि नोबेल शान्ति पुरस्कार विजेता युनुसलाई बंगलादेशको सरकारको नेतृत्व सुम्पिएको थियो । उनले करिब १७ करोड जनसंख्या रहेको बंगलादेशमा लोकतान्त्रिक संस्थाहरूको पुनर्स्थापना गर्ने 'अत्यन्त कठिन' चुनौतीको सामना गर्ने र निर्वाचन गर्ने जिम्मेवारीलाई स्विकार्दै अस्थायी प्रशासनको नेतृत्व गरिरहेका छन् । 'सन् २०२५ को अन्त्य वा सन् २०२६ को पूर्वार्द्धसम्ममा निर्वाचनको मिति तय गर्न सकिन्छ,' उनले सरकारी टेलिभिजनमा भएको एक कुराकानीमा बताए ।

गत अगस्टमा ढाकास्थित प्रधानमन्त्रीको कार्यालयमा हजारौँ प्रदर्शनकारीले आक्रमण गरेपछि ७७ वर्षीया हसिना हेलिकोप्टरबाट छिमेकी मुलुक भारततर्फ भागेकी थिइन् । हसिनालाई सत्ताच्युत गर्ने आन्दोलनका क्रममा केही हप्तामा सयौँ मानिसको मृत्यु भएको र अधिकांशको प्रहरीको गोलीबाट मृत्यु भएको थियो ।

हसिनाको अबामी लिग पार्टीका प्रमुख समर्थकविरुद्ध प्रतिशोधपूर्ण हत्यामा उनको पलायनपछिको केही घण्टामा कैयौँ अबामी लिग समर्थक कार्यकर्ताको पनि मृत्यु भएको थियो । उनको सरकारमाथि अदालत र निजामती सेवाको राजनीतीकरण गर्नुका साथै आफ्नो शक्तिमाथिको लोकतान्त्रिक नियन्त्रणलाई ध्वस्त पार्न एकतर्फी निर्वाचन गराएको आरोप पनि लागेको थियो ।

हसिनाको १५ वर्षे शासनकालमा व्यापक रूपमा मानव अधिकार उल्लंघन भएको थियो, जसमा उनका राजनीतिक विरोधीलाई सामूहिक हिरासतमा राख्नु र गैरन्यायिक हत्या पनि समावेश थिए । युनुसले आवश्यक सुधारको अनुगमनका लागि आयोग गठन गरेका छन् । निर्वाचनको मिति तोक्ने कुरा राजनीतिक दलहरूको सहमतिमा निर्भर गर्नेछ । युनुसले भने, 'निर्वाचनको व्यवस्था गर्नुअघि नै मैले सुधार गर्नुपर्छ भन्ने कुरामा जोड दिँदै आएको छु । '

उनले अगाडि भने, 'राजनीतिक दलले त्रुटिरहित मतदाता नामावलीजस्ता न्यूनतम सुधारका साथ पहिलेकै मितिमा निर्वाचन गर्न सहमत भएमा नोभेम्बरको अन्त्यसम्ममा निर्वाचन गर्न सकिन्छ ।' तर, निर्वाचन सुधारको पूर्ण सूची समावेश गर्दा केही महिना ढिला हुने उनको भनाइ छ ।

राजविराजमा रात्रिकालीन उडान सुरु

राजविराज/ सप्तरीको राजविराज विमानस्थलमा रात्रिकालीन उडान सुरु भएको छ। सोमबार बुद्ध एयरले राजविराजमा पहिलो रात्रिकालीन उडान गरेको छ। यससँगै देशभर रात्रिकालीन उडान हुने विमानस्थल १० पुगेका छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले एयरफिल्ड लाइटिङ सिस्टमको उद्घाटन गर्दै रात्रिकालीन सेवा शुभारम्भ गरे। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याज)ले रात्रिकालीन उडानका लागि आवश्यक पर्ने उपकरण तथा लाइटहरू विमानस्थलमा जडान गरेपछि रात्रिकालीन उडान सुरु भएको हो। बुद्ध एयरले गत शुक्रबार जनकपुर विमानस्थलबाट राजविराज विमानस्थलमा रात्रिकालीन उडानको परीक्षण गरेको थियो। मन्त्री बद्री पाण्डेले राजविराजमा रात्रिकालीन सेवा शुभारम्भ भएसँगै राजविराज क्षेत्रको पर्यटन र अर्थतन्त्रमा टेवा पुग्ने विश्वास लिए। 'अब राजविराज छायामा पर्नेछैन, विमानस्थललाई नियमित सञ्चालनका लागि सबै प्रयत्न गरिनेछ,' उनले भने, 'राजविराजबाट पोखरालगायत क्षेत्रीय गन्तव्यमा पनि सीधा उडान गर्नुपर्छ।' क्यानले राजविराज विमानस्थलमा पनि इन्स्ट्रुमेन्ट फ्लाइट ल्यान्डिङ प्रणाली (आएफआर) सञ्चालनमा ल्याएको हो। अब कम भिजिबिलिटी र रात्रिकालीन समयमा पनि जहाज अवतरण गर्न सकिन्छ।

राजविराजमा दुई हजार मिटर भिजिबिलिटीमा जहाज अवतरण गर्न सकिने क्यानका सहप्रवक्ता ज्ञानेन्द्र भुलले बताए।

यसअघि भिजुअल फ्लाइट रुल्स (भिएफआर)अन्तर्गत जहाज अवतरण गर्न पाँच हजार मिटर भिजिबिलिटी आवश्यक पर्थ्यो। आइएफआर उडान सुरु भएसँगै हिउँदको समयमा कम भिजिबिलिटीले गर्दा हुने उडान डिले वा रद्द हुने अवस्था कम भई यात्रुहरूले समयमा नै यात्रा गर्न पाउने उनको भनाइ छ।

बुद्ध एयरले ०७६ देखि एटिआर-७२ विमानबाट काठमाडौं-राजविराज-काठमाडौं दैनिक एउटा उडान गर्दै आइरहेको छ। श्री एयरलाइन्सले नियमित उडान हाल रोकेको छ। योसँगै आइएफआर र रात्रिकालीन उडान हुने विमानस्थलहरूको संख्या १० पुगेको क्यानका सहप्रवक्ता भुलले बताए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, धनगढी, नेपालगन्ज, सिमरा, जनकपुर, चन्द्रगढी, विराटनगर र राजविराज विमानस्थलमा आइएफआर तथा रात्रिकालीन उडान हुन्छन्।

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८१/०९/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ पुष ०९ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/पाँचखाल शाखामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौ

१. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७५/९/१८ मा दर्ता नं. २०५८३५/०७५/०७६ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **एग्रो स्पीस एण्ड भेजीटेवल प्रोडक्ट प्राइभेट लिमिटेड।**

लिलाम हुने सम्पत्तिको विवरण

१. **एग्रो स्पीस एण्ड भेजीटेवल प्रोडक्ट प्राइभेट लिमिटेड**को नाममा मालपोत कार्यालय, काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, पाँचखाल गा.वि.स/न.पा वडा नं. ६ स्थित कित्ता नं. १५३४, २०२०, २२९२, २०२१ र २०१९ को क्षेत्रफल क्रमशः २-१५-०-१, ०-११-०-०, ०-५-०-०, १-६-२-० र ०-११-०-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **विन्देश्वर प्रसाद सिंह राजपुत**
नाप्र.नं.: ०८५७०९६८
जारी मितिः २०६१/०९/०८, जि.प्र.का. सर्लाही बाबुः देवन सिंह
बाजेः जटा सिंहको नाति
स्थायी ठेगानाः सर्लाही जिल्ला, वाराउधोरण गा.वि.स/न.पा. वडा नं. २
हालको ठेगानाः काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. ०२

२. **राजकुमारी सिंह**
नाप्र.नं.: ०८१५०६६३
जारी मितिः २०४५/०२/२७, जि.प्र.का. सर्लाही बाबुः अन्त प्रसाद सिंह
बाजेः सुरज सिंह
स्थायी ठेगानाः सर्लाही जिल्ला, वाराउधोरण गा.वि.स/न.पा वडा नं. २
हालको ठेगानाः काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. ०२

३. **जय प्रकाश सिंह**
नाप्र.नं.: ०८१५१२७९
जारी मितिः २०५५/१२/२५, जि.प्र.का. सर्लाही बाबुः विन्देश्वर प्रसाद सिंह
बाजेः देवन सिंह
स्थायी ठेगानाः सर्लाही जिल्ला, वाराउधोरण गा.वि.स/न.पा वडा नं. २
हालको ठेगानाः काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ०२

वीरगंज शाखा

१. ऋणीहरूको विवरण

क. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्या आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बिरगंज, पर्सामा मिति २०५९/०५/१९ मा जारी प्रा.फ.र.नं १७०७८/०५९/६० कायम भई पर्सा जिल्ला, बिरगंज नगरपालिका वडा नं. १ स्थित **चाँदनी स्टोर किराना**
(प्रो. शत्रुधन महतो कोइरी)

ख. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्या आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बिरगंज, पर्सामा मिति २०७०/११/१९ मा जारी प्रा.फ.र.नं ३२०३९/०७०/७१ कायम भई पर्सा जिल्ला, बिरगंज नगरपालिका वडा नं. १ स्थित **सुमित किराना स्टोर्स।**
प्रो. सुनिता देवी महतो

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **शत्रुधन महतो कोइरी**
नाप्र.नं.- १६०३२६०७५
जारी मिति - २०५३/०६/०५, जि.प्र.का. पर्सा
बाबु - कृत महतो कोइरी
बाजे - नथुनि महतो
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज., वडा नं. १

२. **सुनिता देवी महतो**
नाप्र.नं.- १०६६३
जारी मिति - २०६८/१०/०५, जि.प्र.का. पर्सा
बाबु - जगदिश महतो कोइरी
पती - शत्रुधन महतो कोइरी
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज., वडा नं. १

लिलाम हुने सम्पत्तीको विवरण

१. **शत्रुधन महतो कोइरी**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, बिरगंज वडा नं. २ स्थित कित्ता नं. ४६८ र ४६६ को क्षे.फ. क्रमशः ५१ (ब.मि) र १२२.७४ (ब.मि) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

२. **सुनिता देवी महतो** नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, बिरगंज वडा नं. २ स्थित कित्ता नं. ४७४ को क्षे.फ १२२.७५ (ब.मि) र जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

२ (क). ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा उपभोक्ता कार्यलय बिरगंज,पर्सामा मिति २०७५/०८/०४ मा जारी प्रा.फ.र.नं: १००७०/०७५/०७६ दर्ता कायम रहि पर्सा जिल्ला, बिरगंज न.पा/म.न.पा वडा नं. १२ स्थित रजिष्टर्ड कार्यालय रहेको **गदीमाई इन्डष्ट्रिज।**
प्रोप्राईटर मनिष कुमार व्याहुत

लिलाम हुने सम्पत्तीको विवरण

१. **मनिष कुमार व्याहुत**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं.१२ स्थित कित्ता नं.२७० र २७७ को क्षे.फ. क्रमशः४६.३७ र १०६ (ब.मि) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

२. **गदीमाई इन्डष्ट्रिज**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, बिस्वागुठी गा.वि.स/न.पा वडा नं. १ स्थित कित्ता नं. १२१३ र १२१२ को क्षे.फ क्रमशः ६६८.७५ र ६६४.५२ (ब.मि) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **मनिष कुमार व्याहुत**
नाप्र.नं.- १६०३२९४६३
जारी मिति - २०५९/१२/०२, जि.प्र.का. पर्सा
बाबु - मदन कुमार कलवार
बाजे - लखन लाल कलवार
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १२
हालको ठेगाना- ऐ.ऐ

२. **बिन्जु व्याहुत**
नाप्र.नं.- ६३७३
जारी मिति - २०६७/०६/०७, जि.प्र.का. पर्सा
बाबु - छोटेलाल प्रसाद गुप्ता
बाजे - बन्टी साह
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १२
हालको ठेगाना- ऐ.ऐ

(ख). ऋणीको विवरण

बिन्जु व्याहुत
नाप्र.नं.- ६३७३
जारी मिति - २०६७/०६/०७, जि.प्र.का. पर्सा
बाबु - छोटेलाल प्रसाद गुप्ता
बाजे - बन्टी साह
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १२,
हालको ठेगाना- ऐ.ऐ

लिलाम हुने सम्पत्तीको विवरण

१. **बिन्जु व्याहुत**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, बिरुवागुठी गा.वि.स/न.पा वडा नं. १ स्थित कित्ता नं. १६३४, ११६६, १४२३ र ११६१ को क्षे.फ. क्रमशः ०-०-७-८, ०-३-०-०, ०-२-०-० र ०-१-०-० (वि-क-धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **मनिष कुमार व्याहुत**
नाप्र.नं.- १६०३२९४६३
जारी मिति - २०५९/१२/०२, जि.प्र.का. पर्सा
बाबु - मदन कुमार कलवार
बाजे - लखन लाल कलवार
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १२,
हालको ठेगाना- ऐ.ए

२. **बिन्जु व्याहुत**
नाप्र.नं.- ६३७३
जारी मिति - २०६७/०६/०७, जि.प्र.का. पर्सा
बाबु - छोटेलाल प्रसाद गुप्ता
बाजे - बन्टी साह
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १२,
हालको ठेगाना- ऐ.ऐ

३. ऋणीको विवरण

पुजा देवी चौरसीया
नाप्र.नं.- ३४१०२२/४७३८
जारी मिति - २०६५/०८/११, जि.प्र.का. पर्सा
बाबु - परमानन्द प्रसाद बरै
बाजे - राजदेव राउत बरै
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १९
हालको ठेगाना- ऐ.ऐ.

लिलाम हुने सम्पत्तीको विवरण

१. **पुजा देवी चौरसीया**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, नगवा गा.वि.स/न.पा वडा नं. ८ स्थित कित्ता नं. २६३८ को क्षे.फ. ०-०-११-१० (वि-क-धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **पुजा देवी चौरसीया**
नाप्र.नं.- ३४१०२२/४७३८
जारी मिति - २०६५/०८/११, जि.प्र.का. पर्सा
बाबु - परमानन्द प्रसाद बरै
बाजे - राजदेव राउत बरै
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १९
हालको ठेगाना- ऐ.ऐ.

२. **दर्शन प्रसाद चौरसीया**
नाप्र.नं.- १६०३२९६५८
जारी मिति - २०५२/०३/१३, जि.प्र.का. पर्सा
बाबु - मोहन राउत बरै
बाजे - सुकदेव राउत बरै
स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १९
हालको ठेगाना- ऐ.ऐ.

बर्दीबास शाखा

१(क). ऋणीहरूको विवरण

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७४/०४/०४ मा प्रा.फ.र.नं. ३९४१/०७ ०७४-०७५ कायम भई दर्ता रहेको महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **रविन गल्ला भण्डार।**
(प्रोप्राइटर - रविन कुमार साह

ख. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७७/०६/११ मा प्रा.फ.र.नं. ६४१३/०९४/०७७/०७८ कायम भई दर्ता रहे को महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **रविन किराना स्टोर्स**
(प्रोप्राइटर - पुनिता कुमारी चौधरी

लिलाम हुने सम्पत्तिको विवरण

१. **सुनिता देवी**को नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स/न.पा. वडा नं. ३ क स्थित कित्ता नं. ९५, ५९२, ७४७, ५९०, ५४७ र ९६ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-०-१०-०, ०-०-८.२५-०, ०-०-१२.५-०, ०-०-८.५-० र ०-०-५-० (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **रविन कुमार साह**
नाप्र.नं.- १८-२-०४३/१५९
जारी मिति - २०७३/०८/०१, जि.प्र.का. महोत्तरी
बाबु - राम नन्दन साह
बाजे - किसुन साह
पत्नी- पुनिता कुमारी चौधरी
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०६

२. **पुनिता कुमारी चौधरी**
नाप्र.नं.- १८-०१-७३-०२९४६
जारी मिति - २०७३/०४/०९, जि.प्र.का. महोत्तरी
बाबु - राम सोभित चौधरी
बाजे - फुलकित चौधरी
पति- रविन कुमार साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, पडौल गा.वि.स. वडा नं. ०१

३. **राम नन्दन साह**
नाप्र.नं.- १८३०४३/८२
जारी मिति - २०६३/११/२४, जि.प्र.का. महोत्तरी
बाबु - किसुन साह
बाजे - गोकुल साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०६

४. **सुनिता देवी**
नाप्र.नं.- १८-१-०४३/१०५
जारी मिति - २०६६/०४/०८, जि.प्र.का. महोत्तरी
बाबु - राम देव चौधरी
बाजे - छठु चौधरी
पति- राम नन्दन साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०४

ख. ऋणीको विवरण

रविन कुमार साह
नाप्र.नं.- १८-२-०४३/१५९
जारी मिति - २०७३/०८/०१, जि.प्र.का. महोत्तरी
बाबु - राम नन्दन साह
बाजे - किसुन साह
पत्नी- पुनिता कुमारी चौधरी
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०६

लिलाम हुने सम्पतिको विवरण

१. **सुनिता देवी**को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स./न.पा. वडा नं. ३ क स्थित कित्ता नं. १०८० को क्षेत्रफल ०-१-३-३ (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **पुनिता कुमारी चौधरी**
नाप्र.नं.- १८-०१-७३-०२९४६
जारी मिति - २०७३/०४/०९, जि.प्र.का. महोत्तरी
बाबु - राम सोभित चौधरी
बाजे - फुलकित चौधरी
पति- रविन कुमार साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, पडौल गा.वि.स. वडा नं. ०१

२. **राम नन्दन साह**
नाप्र.नं.- १८३०४३/८२
जारी मिति - २०६३/११/२४, जि.प्र.का. महोत्तरी
बाबु - किसुन साह
बाजे - गोकुल साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०६

३. **सुनिता देवी**
नाप्र.नं.- १८-१-०४३/१०५
जारी मिति - २०६६/०४/०८, जि.प्र.का. महोत्तरी
बाबु - राम देव चौधरी
बाजे - छठु चौधरी
पति- राम नन्दन साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०४

४. **अनिल कुमार साह**
नाप्र.नं.- १८२०४३/२१५८
जारी मिति - २०७८/०९/०४, जि.प्र.का. महोत्तरी
बाबु - राम नन्दन साह
बाजे - किसुन साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०४

५. **सुनिल कुमार साह**
नाप्र.नं.- १८-०६-७९-००४८२
जारी मिति - २०७९/०५/३०, जि.प्र.का. महोत्तरी
बाबु - राम नन्दन साह
बाजे - किसुन साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०४

२. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं.०२, उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरीमा मिति २०७६/०१/०९ मा प्रा.फ.र.नं. ५४३७/१५/०७५/०७६ दर्ता कायम भई महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **मिश्र फेसन कलेक्सन**
प्रोप्राईटरको विवरण - ममता देवी मिश्र
नाप्र.नं.: १८३०७४/८३,
जारी मिति : २०६३/११/०४, जि.प्र.का. महोत्तरी
बाबु : कमल कान्त झा
बाजे : दिलिप झा
पतिः भुपेन्द्र मिश्र
स्थायी ठेगानाः महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ०२
हालको ठेगानाः महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं १४

लिलाम हुने सम्पतिको विवरण

१. **ममता देवी मिश्र**को नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, नं.२५ बहादुरगंज गा.वि.स./न.पा. वडा नं.०२, २/क स्थित कित्ता नं. ५६१ र २०२ को क्षे.फ. क्रमशः ०-०-६.२५-० र ०-०-८-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सुमन मिश्र**
नाप्र.नं.: १८-०५-७३-००५७९
जारी मिति : २०७३/१०/२५, जि.प्र.का. महोत्तरी
बाबु : भुपेन्द्र मिश्र
बाजे : देव नारायण मिश्र
स्थायी ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ०२
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं १४

पुरानो पर्सा, चितवन शाखा

१. ऋणीको विवरण

प्रवेश रायमाझी
नाप्र.नं.- ३५-०१-७६-०४६८३,
जारी मिति - २०७६/०४/०६, जि.प्र.का. चितवन
बाबु - विष्णु कमार रायमाझी
बाजे - दल बहादुर रायमाझी
स्थायी ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३
हालको ठेगाना-ऐ.ऐ.

लिलाम हुने सम्पतिको विवरण

१. **विष्णु कुमार रायमाझी**को नाममा मालपोत कार्यालय, खैरहनीमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर न.पा. वडा नं. ३ स्थित कित्ता नं. १०५० को क्षे.फ. २०५०.५५ (व.मि.) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **विष्णु कुमार रायमाझी**
नाप्र.नं.- १६४४/१६४९,
जारी मिति - २०४५/१२/३०, जि.प्र.का. चितवन
बाबु - दल बहादुर रायमाझी
बाजे - अम्बर सिं रायमाझी
स्थायी ठेगाना- चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ३

२. **गिता रायमाझी**
नाप्र.नं.- ३५१०१५/१३५६
जारी मिति - २०६८/१२/२४, जि.प्र.का. चितवन
बाबु - रविलाल अर्याल
बाजे - निरशु दास
स्थायी ठेगाना- चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ३

३. **प्रशंसा खनिया**
नाप्र.नं.- ४५-०१-७५-०१३४१,
जारी मिति - २०७५/०३/०८, जि.प्र.का. चितवन
बाबु - राम कृष्ण खनिया
बाजे - जसोदा माया खनिया
स्थायी ठेगाना- लमजुङ्ग जिल्ला, बेशिसहर न.पा., वडा नं. ०१
हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ३

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ पुष ०८ गते** भित्र बैंकको सम्बन्धित शाखा/पाँचखाल शाखामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/पाँचखाल शाखाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ पुष ०९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको सम्बन्धित शाखा/पाँचखाल शाखामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुरने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/पाँचखाल शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ पुष ०९ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २ पुस ०८१

राजस्वभन्दा एक खर्ब ५६ अर्ब बढी सरकारी खर्च

एक रुपैयाँ राजस्व उठाउँदा सरकारी खर्च एक रुपैयाँ ३९ पैसा छ

नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्ष ०८१/८२ को पाँच महिनामा राजस्वभन्दा एक खर्ब ५६ अर्ब बढी खर्च गरेको छ। महालेखा नियन्त्रकको कार्यालयअनुसार मंसिर मसान्तसम्म तीन खर्ब ९९ अर्ब ५९ करोड रुपैयाँ राजस्व संकलन भएको छ। खर्च भने पाँच खर्ब ५६ अर्ब ११ करोड भएको छ। सरकारले उठाउने राजस्वसँग खर्चको अनुपात १:१.३९ छ। अर्थात्, एक रुपैयाँ राजस्व उठाउँदा एक रुपैयाँ ३९ पैसा खर्च भएको हो।

कार्यालयअनुसार यो अवधिमा विकास निर्माणकेन्द्रित पुँजीगत खर्च ४० अर्ब ८० करोड रुपैयाँ छ। यो पुँजीगत बजेटको ११.५८ प्रतिशत हो। चालू आवमा सरकारले पुँजीगततर्फ तीन खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ छुट्याएको छ।

प्रशासनिक खर्चको वर्चस्व रहने चालूतर्फ तीन खर्ब ६३ अर्ब ५५ करोड खर्च भएको छ। वर्षभरिमा सरकारले यस्तो ११ खर्ब ४० अर्ब ६६ करोड खर्च गर्ने लक्ष्य लिएको छ। जसअनुसार पाँच महिनामा ३१.८७ प्रतिशत खर्च भएको छ। ऋणको साँवा-ब्याज भुक्तानीतर्फ सरकारले एक खर्ब ५१ अर्ब ७६ करोड खर्च गरेको छ। समग्रमा सरकारी खर्च पाँच खर्ब ५६ अर्ब ११ करोड रुपैयाँ छ। यो कुल बजेटको ३१.८७ प्रतिशत हो।

सरकारले वर्षभरि उठाउने लक्ष्य लिएकोमध्ये पाँच महिनामा २८.१५ प्रतिशत राजस्व संकलन गरेको छ। मंसिर मसान्तमा एकै दिन एक अर्ब ४६ करोड ६४ लाख रुपैयाँ राजस्व उठेको थियो। यो वर्ष सरकारले १४ खर्ब १९ अर्ब ३० करोड राजस्व उठाउने लक्ष्य लिएको छ। कर राजस्वतर्फ सरकारले तीन खर्ब ६२ अर्ब ५८ करोड रुपैयाँ उठाएको छ भने गैरकरतर्फ ३७ अर्ब एक करोड रुपैयाँ उठेको छ।

■ पुँजीगत खर्चमा सुधार आएको छ : अर्थमन्त्री पौडेल



काठमाडौं/ उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारले अर्थतन्त्रलाई चलायमान बनाउन गरेको प्रयासले अर्थतन्त्रका सूचकहरू ओरालो लाग्ने क्रम रोकिएको बताएका छन्। सोमबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै अर्थमन्त्री पौडेलले अर्थतन्त्रका सूचक चलायमान बन्ने क्रम बढेको बताएका हुन्। उनले भने, 'अर्थतन्त्रका सकारात्मक सूचकहरूलाई नकारात्मक बन्न नदिई लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सक्छौं। मूल्यवृद्धिलाई सीमाभित्र राख्न सफल भएका छौं।'

सरकारले अर्थतन्त्रका समस्यालाई सूक्ष्म ढंगले विश्लेषण गरी समाधानका लागि एक-एक कदमहरू चाल्दै गएको उनले बताएका छन्। अर्थतन्त्रमा देखिएका पछिल्ला सकारात्मक सूचकहरू सरकारको कामको परिमाण भएको समेत उनले दाबी गरे। 'बैंकको ब्याजदर एकल अंकमा आउन सम्भव थिएन,' उनले थपे, 'ब्याजदर एकल अंकमा ल्याउनका लागि सरकारले केही काम गरेको छ।'

गत वर्ष आर्थिक वर्षको चार महिनामा ३ प्रतिशत वृद्धि भएको राजस्व संकलन दर चालू आर्थिक वर्षको सोही अवधिमा १७ प्रतिशत पुगेको उनले बताए। अर्थतन्त्र सुधार गर्ने पृष्ठभूमिमा धेरै काम भएपछि पुँजीगत खर्चको दायरासमेत बढेको छ।

राँगा-भैंसीको मासु चीन निर्यात गर्न सम्झौता

काठमाडौं/ नेपालबाट चीनमा राँगा-भैंसीको मासु निर्यात गर्न दुई देशका कम्पनीबिच सम्झौता भएको छ। चीनको सांघाई जियान फुड प्रालि र नेपालको हिमालयन फुड इन्टरनेसनलबिच नेपालबाट राँगा-भैंसीको मासु निर्यात सम्झौता भएको हो।

सम्झौताअनुसार चिनियाँ कम्पनी जियानले नेपाली कम्पनी हिमालयन फुडमार्फत नेपालमा राँगा-भैंसीपालन, मासु प्रशोधन र निर्यातका लागि लगानी गर्नेछ। व्यावसायिक भैंसीपालन, नश्ल सुधार, अन्तर्राष्ट्रियस्तरको बधशाला निर्माण, मासु प्रशोधन हुने उद्योग स्थापनालगायतमा लगानी गरिने बताइएको छ। चिनियाँ कम्पनी जियान मासु प्रशोधन तथा बिक्रीमा अनुभवी कम्पनी हो, चीनमा जियानका ६ हजारभन्दा बढी आउटलेट छन्।

सम्झौता कार्यक्रममा कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले निर्यात सहजीकरणका लागि सरकारले ऐन-नियम सुधारदेखि पूर्वाधार निर्माणलाई जोड दिने बताए। 'हालै सम्माननीय प्रधानमन्त्रीज्यूको चीन भ्रमणका क्रममा नेपाल र चीनबीच राँगाको मासु निर्यात गर्नेसम्बन्धी प्रोटोकल सम्झौता सम्पन्न भएको छ। यो नेपाल चीनबिच पशुजन्य उत्पादनको व्यापार सहजीकरणका लागि कोसेढुंगाका रूपमा रहेको छ,' उनले भने, 'नेपाल र चीनबिच भएको सम्झौताले नेपाली किसानलाई राँगा-भैंसीपालनका लागि थप प्रोत्साहित गरेको छ।' किसानले उत्पादन गरेको राँगाको मासुको गुणस्तर सुनिश्चित गरेपश्चात् नेपाली उपभोक्ताले प्रयोग गर्ने तथा चीन सरकारको मापदण्डअनुसारको निर्यात गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए।

नेपालका लागि चिनियाँ राजदूत चेन सोङले नेपालको प्रशोधित भैंसीको मासुको उत्पादन चीनलाई निर्यात गर्ने परयोजनाका लागि रणनीति सहयोगको 'गेम चेजिङ' हस्ताक्षरण भएको सामाजिक सञ्जाल एक्समा लेखेका छन्। यस आयोजनाले नेपालमा एक खर्बभन्दा बढी लगानीको भैंसीपालन उद्योग खुल्ने र हजारौं ग्रामीण परिवारलाई लाभान्ति हुने उनले लेखेका छन्।

माथिल्लो अरुणमा विश्व बैंक पछि हटे स्वदेशी लगानी जुटाइने

एक हजार ६३ मेगावाटको माथिल्लो अरुणमा विश्व बैंकले ऋण लगानी गर्न भारतको लिखित सहमति मागेपछि पछिल्लो समय थप वार्ता अघि बढ्न सकेको छैन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

एक हजार ६३ मेगावाटको माथिल्लो अरुण अर्थजलाशययुक्त जलविद्युत् परियोजनामा विश्व बैंक पछि हटे स्वदेशी लगानी जुटाउने तयारी नेपाल विद्युत् प्राधिकरणले गरेको छ। विश्व बैंकले ऋण लगानी गर्न भारतको लिखित सहमति मागेपछि पछिल्लो समय थप वार्ता अघि बढ्न सकेको छैन। पटक-पटक पहल गर्दा पनि भारतले सकारात्मक जवाफ नदिएको प्राधिकरणका एक अधिकारीले बताए। 'माथिल्लो अरुणमा ऋण दिन विश्व बैंकले भारत सरकारको लिखित सहमति मागेको छ। त्यसका लागि हामीले भारतसँग पहल गरिरहेका छौं। यसमा भारत सकारात्मकजस्तो देखिए पनि अहिलेसम्म लिखित सहमति दिन सकेको छैन,' प्राधिकरणका एक अधिकारीले भने, 'फलस्वरूप यस मामिलामा पछिल्लो समय विश्व बैंकसँगको वार्ता रोकिएको छ।'

पछिल्लोपटक गत वैशाखमा तत्कालीन अर्थमन्त्री वर्षमान पुनको अमेरिका भ्रमणका क्रममा वित्तीय व्यवस्थापनका लागि सैद्धान्तिक सहमति भएको थियो। त्यसपछि ठोस प्रक्रिया अघि बढ्न नसकेको स्रोतको भनाइ छ।

माथिल्लो अरुण र ६ सय ७० मेगावाटको दुधकोशीमा विश्व बैंक र एसियाली विकास बैंकले संयुक्त लगानी गर्ने तयारी थियो। माथिल्लो अरुणमा विश्व बैंकले र दुधकोशीमा एसियाली विकास बैंकको नेतृत्वमा गर्ने गरी गत मंसिर ०८० मा युएईमा सम्पन्न कोप-२८ सम्मेलनमा विश्व बैंक र एसियाली विकास बैंकबिच सहमति भएको थियो। त्यसपछि दुधकोशीमा लगानी गर्ने मामिलामा एसियाली विकास बैंकसँगको वार्ता द्रुत गतिमा अघि बढेको छ। तर, अपर अरुणमा लगानी गर्ने मामिलामा विश्व बैंकसँगको वार्ता अघि बढेको छैन।

माथिल्लो अरुणको तल्लो क्षेत्रमा पर्ने नौ सय मेगाावाटको अरुण तेस्रो जलविद्युत् परियोजना भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन)ले बनाइरहेको छ। माथिल्लो अरुण बनाउँदा तल्लो अरुणमा असर पर्ने-नपर्ने जानकारी मागेको थियो। त्यसमा भारतीय कम्पनीले कुनै असर नपर्ने जानकारी गराइसकेको छ। त्यो साथै विश्व बैंकले भारत सरकारको पनि सहमति मागेको छ। उक्त नदी बगेर भारतमै पुग्ने भन्दै विश्व बैंकले भारत सरकारको सहमति मागेको छ। विश्व बैंकको 'गाइडलाइन'मा जलविद्युत् परियोजनामा लगानी गर्दा नदीको तल्लो किनाराको देशको सहमति चाहिने उल्लेख भएको बताइएको छ, त्यसअनुसार पनि भारतको सहमति मागेको स्रोतको भनाइ छ। स्रोतका अनुसार उक्त परियोजनामा भारतीय लगानीकर्ताले पनि चासो देखाइरहेका छन्। यस्ता कारण पनि पछिल्लो विश्व बैंकसँग वार्ता अघि बढ्न नसकेको स्रोतको भनाइ छ।

यता नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विश्व बैंकसँग वार्ता भइरहेको बताए। विश्व बैंकले लगानी नगर्ने भएमा स्वदेशी लगानीमै उक्त परियोजना अघि बढाउने उनको भनाइ छ।

निर्माण अवधिको ब्याज र मूल्यवृद्धिलगायत सहित परियोजनाको लागत अनुमान एक अर्ब ७५ करोड डलर (करिब दुई खर्ब १४ अर्ब) छ। त्यसमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भन्छन्-



वित्तीय व्यवस्थापनमा केही ढिलाइ भएको छ। विश्व बैंकको लगानीका लागि प्रशासनिक तथा कूटनीतिक रूपमा छलफल भइरहेको छ। यदि विश्व बैंकले लगानी नगर्ने अवस्था आएमा देशभित्रका बैंक तथा वित्तीय संस्था र स्वदेश तथा विदेशमा रहेका नेपालीलाई सेयर निष्कासनमार्फत रकम जुटाएर आयोजना अगाडि बढाउँछौं।

(इक्विटी)बाट जुटाइने योजना छ।

प्राधिकरणले ब्लेन्डेड फाइनान्सिङ'(मिश्रित लगानी)को नमुना परियोजनाका रूपमा अगाडि बढाउन लागिरहेको छ। यसका लागि हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसिएल)को नेतृत्वमा ५३ अर्ब स्वदेशी बैंक तथा वित्तीय स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी जुटाउन समझदारीपत्र (एमओयू) भइसकेको छ। साथै, विश्व बैंकबाट एक अर्ब डलर लगानी जुटाउने योजना थियो।



पछिल्लोपटक विश्व बैंकमार्फत नै दुई अर्ब डलर ऋण लिएर स्वदेशी ऋण प्रयोग नगर्ने योजनामा प्राधिकरण थियो।

'अन्तिम चरणमा आएर वित्तीय व्यवस्थापनमा केही ढिलाइ भएको हो। विश्व बैंकको लगानीका लागि प्रशासनिक तथा कूटनीतिक रूपमा छलफल भइरहेको छ,' उनले भने, 'यदि विश्व बैंकले लगानी नगर्ने अवस्था आएमा देशभित्रका बैंक तथा वित्तीय संस्था र स्वदेश तथा विदेशमा रहेका नेपालीलाई सेयर निष्कासनमार्फत रकम जुटाएर आयोजना अगाडि बढाउँछौं।'

सन् २०२६ को सुरुवातबाट निर्माण सुरु गर्ने लक्ष्यका साथ निर्माणपूर्वका काम भइरहेका छन्। आयोजनाको निर्माण सन् २०३१ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

आयोजनालाई आवश्यक पर्ने २३२.१४ हेक्टर निजी जग्गा प्राप्ति करिब सम्पन्न भएको छ। अधिग्रहण गरिने जग्गाको करिब ९९ प्रतिशत मुआब्जा तथा क्षतिपूर्ति वितरण गरिसकिएको छ। आयोजनाबाट विस्थापितहरूको पुनर्स्थापना कार्य जारी छ।

सडक निर्माणमै आठ अर्ब खर्च हुँदै, हेलिकोप्टरमार्फत सामान ढुवानी गरी निर्माण सुरु

भौगोलिक रूपमा विकट र जटिल रहेको आयोजनाको विद्युत्गृहबाट बाँधस्थलसम्म पुग्ने २१ किलोमिटर पहुँचमार्ग निर्माण भइरहेको छ। त्यसमा दुई किलोमिटर सुरुङमार्ग आवश्यक पर्छ। कोशी राजमार्गलाई छाडेर आयोजनास्थलतर्फ जान आयोजनाले अरुण नदीमा ७० मिटर लम्बाइ भएको स्टिल आर्क पुल निर्माण गरिरहेको छ।

भोटखोला गाउँपालिका- ४, नामासे र सोही गाउँपालिका- २, रुकुमा जोड्ने दुई किलोमिटर सुरुङमार्ग निर्माणका लागि आवश्यक बुमर, जेसिबी, लोडर, रोबोटिक सटक्रिट, सटक्रिट मेसिन, कंक्रिट पम्प, जेनेरेटरलगायतका हेभी उपकरणहरू एवं निर्माण सामग्री हेलिकोप्टरबाट ढुवानी भइरहेको छ। दुवै स्थानसम्म पुग्न सडक नभएकाले कोशी राजमार्ग हुँदै गोलाबजार पुऱ्याइएका उपकरणलाई खोलेर एमआई-१७ तथा अन्य साना हेलिकोप्टरमार्फत ढुवानी गरिएको हो। हालसम्म तीन सय ट्रिपभन्दा बढी ढुवानी भइसकेको छ।

सुरुङ खन्नका लागि आवश्यक विस्फोटक पदार्थ भण्डारणका लागि बंकर र त्यसको रेखदेखका लागि खटिने सेनाका लागि कार्यालय तथा आवास निर्माणाधीन छ। उक्त सम्पूर्ण काम सकिएपछि नामासे र रुकुममा दुवैतर्फबाट सुरुङ खन्न सकिनेछ। छोङराङबाट नामासेसम्मको सडकको ट्याक खोल्न सुरु गरिएको छ। आयोजनाको कार्यालय तथा कर्मचारी अवास निर्माण अन्तिम चरणमा पुगेको छ। राष्ट्रिय वन क्षेत्रको जग्गा उपभोग र त्यहाँ रहेका रुख कटानको स्वीकृति प्रक्रियामा समय लाग्दा पहुँचमार्ग निर्माण डेढ वर्ष प्रभावित भएको थियो।

कार्यकारी निर्देशक घिसिङले पहुँचमार्ग निर्माणमा हालसम्म भएको प्रगतिबाट उत्साहित भएको र यसबाट अपर अरुण आयोजना अगाडि बढेको सन्देश गएको बताए। कम्पनीका प्रबन्ध-सञ्चालक जोशीले निजी जग्गा अधिग्रहण भइसकेको र वन क्षेत्रको जग्गा उपभोग तथा रुख कटान स्वीकृति पाइसकेकाले पहुँचमार्ग निर्माण तीव्र गतिमा अगाडि बढाउन समस्या नरहेको बताए। पहुँचमार्ग निर्माणका लागि भारतीय कम्पनी गायत्री प्रोजेक्ट लिमिटेड र नेपालको कन्काई इन्टरनेसनल बिल्डर्सको संयुक्त उपक्रम (जेभी)बिच ०७९ फागुन ११ गते सात अर्ब ९१ करोड रुपैयाँमा (प्रोभिजनल सम एवं करसहित) ठेक्का सम्झौता भएको थियो। उक्त ठेक्का सम्झौता ०८० वैशाख २८ गतेबाट कार्यान्वयनमा आएको थियो। ०८२ को माघभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं

घर भाडामा लिन इच्छुकको लागि शिलबन्दी दरभाउ आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।०९।२

यस नगरपालिकाको वडा नं. ५ स्थित थलीमा रहेको नवनिर्मित प्रशासनिक भवनको भुईंतल्लाको केहि क्षेत्रफल शिलबन्दी बोलपत्रको माध्यमबाट बढाबढ प्रक्रियाद्वारा भाडामा दिने निर्णय भएको हुँदा इच्छुक बैंक तथा वित्तीय संस्था, इन्स्योरेन्स कम्पनी, संघ वा संस्थाहरुबाट कार्यालयद्वारा निर्धारित शर्तभित्रको अधिनमा रही सूचना प्रकाशन भएको ३० (तीस) दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(यस सम्बन्धी विस्तृत सूचना कागेश्वरी मनोहरा नगरपालिकाको सूचना पाटी, तथा वेभसाइट: www.kageshworimun.gov.np मा गई हेर्न सकिनेछ। थप जानकारीका लागि ९८४९६६११२२ सम्पर्क राख्न सक्नुहुने छ।)

प्रमुख प्रशासकीय अधिकृत

Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre

Invitation for E-Quotations

Second Date of publication: 2081/09/02

1. **Panauti Municipality, Office of the Municipal Executive** invites electronic quotations from eligible bidders for the Supply of **following Goods** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Quotations Documents at the office of **Panauti Municipality, Office of the Municipal Executive, Panauti Municipality-4,Taukhal, Kavre,** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Quotations Details

S.N.	Contract identification and number	Description of works	Estimated Value	Bid Security NRs.	Remarks
1.	Health/02/2081/82	Procurement of Medicine Related to Mental Health	19,99,995.48	50,000.00	

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
इटहरी, सुनसरी, कोशी प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०५/०२

यस कार्यालयबाट मिति २०८१/०७/१३ को PPMO को E-Procurement Portal मा प्रकाशित बोलपत्र आहवान सम्बन्धि सूचना अनुसार रित पूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित ठेक्का नं. मा बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याकिंत र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम निजले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

S.N.	Contract ID	Lowest & Responsive Bidder	Bid Price (With VAT & PS) Nrs.
1	LIDPOITH/ NCB/W/2081-082/65	Dhanlaxmi Nirman Sewa, Triyuga Municipality-11	11765542.83
2	LIDPOITH/ NCB/W/2081-082/66	B & B Nirman Sewa, Udaypur	8602095.07
3	LIDPOITH/ NCB/W/2081-082/67	Kartik Nirman Sewa, Triyuga-8, Jhora	6123993.32
4	LIDPOITH/ NCB/W/2081-082/68	Light Builders Private Limited, Bhojpur	8944522.69
5	LIDPOITH/ NCB/W/2081-082/69	A.P.R. Nirman Sewa, Bhojpur	12023824.59

Office Chief, LIDPO, Itahari

Invitation for Bids

Shree Bhaleshwor Secondary School

Invitation for Bids No.: Lab-Lib/NCB/Works/01-2081/082

Date of publication: 17-12-2024 10:00

1. Shree Bhaleshwor Secondary School invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of Retaining Wall and Library-Lab Building under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 13282559.62 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Shree Bhaleshwor Secondary School, Kavrepalanchok, Kavre, Bagmati Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of Bank : Nepal Bank Ltd.
   Name of Office : Shree Bhaleshwor Secondary School
   Office code No. : 240650026
   Office Account no. : 01500100049936000001
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Shree Bhaleshwor Secondary School, Kavrepalanchok, Kavre, Bagmati Province, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 16-01-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16-01-2025 14:00 at the office of Shree Bhaleshwor Secondary School, Kavrepalanchok, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 384200.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८१/०९/०२

यस बैंकको शाखा कार्यालय रंगेली मोरङ्ग बाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

दुखो चौधरीकी बुहारी डोडलु चौधरीकी छोरा श्री हरक चन्द चौधरीकी पति मोरङ जिल्ला शि.वडहरा गा.वि.स वडा नं ९ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालिका वडा नं १ बस्ने **मालो कुमारी चौधरी** (ना.प्र.नं ४५०७/२१०, जारी मिति २०४५।०२।१५, जि.प्र.का. मोरङ)

जमानीकर्ताको नाम र ठेगाना

रिजलु चौधरीको नाती दुखी चौधरीको छोरा श्रीमती मालो कुमारी चौधरीको पति मोरङ जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं. १ बस्ने **हरक चन्द चौधरी** (ना.प्र.नं. ०५२७१/२६२, जारी मिति २०४६/०३/२९, प्रथम प्रतिलीपी २०६९/४/७, जि.प्र.का. मोरङ)

२. ऋणीको नाम र ठेगाना

भगवत लाल हजामको नाती, राम विलास हजामको छोरा श्रीमती रामदाई देवी ठाकुरको पति मोरङ जिल्ला आमगाछी गा.वि.स वडा नं ३ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं ५ बस्ने **गोवरधन हजाम** (ना.प्र.नं ७५८९/२७८, जारी मिति २०४६।०३।१५, जि.प्र.का. मोरङ)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. राम विलास हजामकी बुहारी,बिजली ठाकुरकी छोरी, श्री गोवरधन हजामकी पत्नि मोरङ जिल्ला आमगाछी गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालीका. वडा नं. ५ बस्ने श्रीमती **रामदाई देवी ठाकुर** (ना.प्र.नं. १८७६६/९९, जारी मिति २०६१/०६/०३, जि.प्र.का. मोरङ)
२. राम विलास हजामको नाती,गोवरधन हजामको छोरा मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं. ५ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं. ५ बस्ने **रोशन कुमार ठाकुर हजाम** (ना.प्र.नं. ०५-०६-७७-०२८३८, जारी मिति २०७७/११/१७, जि.प्र.का. मोरङ)
३. राम विलास हजामको नाती,गोवरधन हजामको छोरा मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं. ५ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं. ५ बस्ने **राजेश कुमार ठाकुर हजाम** (ना.प्र.नं. ०५-०६-७७-०२८३७, जारी मिति २०७७/११/१७, जि.प्र.का. मोरङ)

३. ऋणीको नाम र ठेगाना

सिताराम साह हलुवाईकी बुहारी महाबिर प्रसाद साहकी छोरी श्री नन्दन किशोर साह हलुवाईकी पत्नि मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालीका वडा नं ८ बस्ने **शिला देवी साह** (ना.प्र.नं ७०७८/१५३३, जारी मिति २०५५।१२।१५, जि.प्र.का. मोरङ)

जमानीकर्ताको नाम र ठेगाना

दोदत साह हलुवाईको नाती सिताराम साह हलुवाईको छोरा श्रीमती सिला देवी साहको पति झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला रंगेली नगरपालीका. वडा नं. ८ बस्ने **नन्दन किशोर साह हलुवाई** (ना.प्र.नं. ०१२८१७३९, जारी मिति २०५२/०६/३०, झापा प्रथम प्रतिलीपी २०७९/४/२३, जि.प्र.का. मोरङ)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८१/०८/२६ गते बसेको सञ्चालक समितिको ३०४औं बैठकको निर्णयानुसार यस कम्पनीको तेह्रौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थानः

मिति : २०८१ साल पौष २४ गते, बुधबार (०८ जनवरी २०२५)
समय : बिहान १०:०० बजेदेखि।
स्थान : कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं

छलफलका विषयहरूः

(क) साधारण प्रस्तावः

१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।
३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरूलाई चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२।- (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। (कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)
५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरूमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।

(ख) विशेष प्रस्तावः

१) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।
२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सोको अनुमोदन गर्ने।

(ग) विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीः

१. यस कम्पनीको तेह्रौं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८१/०९/१२ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ। शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०८१/०९/११ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो मितिबाट ३ (तीन) कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरू मात्र तेह्रौं वार्षिक साधारणसभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य मानिने छन्।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ।
३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपी र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।
४. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट मिति २०८१/०९/१४ गते कम्पनीको सूचना पाटीमा प्रकाशित गरिनेछ। यस सम्बन्धी जानकारीहरू कम्पनीको वेबसाइट www.hidcl.org.np मा पनि हेर्न सकिने छ। निर्वाचन अधिकृतको कार्यालय कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा रहने छ।
५. शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनीको वित्तुत आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरू कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्न वा कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंबाट लिन सकिने छ। उक्त प्रतिवेदन सभा हुने समयमा सभास्थलमा समेत उपलब्ध हुनेछ।
६. सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०८१/०९/२२ गते बिहान १०:०० बजे भित्र यस कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र सोहि कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनु पर्नेछ। प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिने छ।
७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउने छन्।
८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छन्।
९. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई सकेसम्म झोला तथा अन्य वस्तुहरू नलिई आउनुहुन अनुरोध गरिन्छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।
१०. अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ।

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोन नः ०१-४५९५०१६/१७/१८
इमेलः info@hidcl.org.np, वेबसाइटः www.hidcl.org.np

सानिमा रिलायन्स लाइफको पुनर्जागरण अभियान



काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले नवीकरण नभएका बिमालेखका लागि शतप्रतिशत विलम्ब शुल्क छुटसहितको पुनर्जागरण अभियान सुरु गरेको छ। अभियान यही १ देखि २४ पुससम्म लागू हुनेछ।

अभियानअन्तर्गत बिमालेख अवधिभित्र एकपटक मात्र ब्याज छुटको सुविधा प्रदान गरिने कम्पनीले जनाएको छ। कुनै पनि बिमालेख व्यतीत रहँदा बिमितले रक्षावरण गुमाउनुका साथै विलम्ब शुल्क पनि व्यहोर्नुपर्ने हुनाले यो सुनौलो मौकाको फाइदा लिई बिमालेख नवीकरण गर्न कम्पनीले अनुरोध गरेको छ।

कुमारी र ध्रुव क्यापिटलबिच वैदेशिक लगानी प्रवर्द्धन सम्झौता

काठमाडौं/ कुमारी क्यापिटल र भारतको ध्रुव क्यापिटल सर्भिसेजबिच संस्थागत परामर्श सेवाअन्तर्गत नेपालमा वैदेशिक लगानी प्रवर्द्धन गर्न सहकार्य गर्ने सम्झौता भएको छ।

कुमारी क्यापिटलले नेपालमा वित्तीय सेवा, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा प्रदान गर्दै आएको छ। त्यस्तै, ध्रुव क्यापिटलले नेपालको सूचीकृत तथा गैरसूचीकृत कम्पनीमा लगानी गर्ने योजना बनाएको बताइएको छ। साथै, कम्पनीले सूचीकृत बैंक तथा वित्तीय संस्थाहरूको संस्थापक सेयरलगायत जलविद्युत् परियोजनामा समेत लगानी गर्ने उद्देश्य राखेको छ। यी लगानी नेपालको ऊर्जा, वित्तीय र सामाजिक क्षेत्रको दिगो विकासमा योगदान पुऱ्याउन केन्द्रित हुने बताइएको छ।

दुवै कम्पनीबिच भएको यो सम्झौताअनुसार उक्त कम्पनीले नेपालमा गर्ने लगानीलाई व्यवस्थित गर्न, सहजीकरण प्रदान गर्न, नेपाल वैदेशिक लगानी र रणनीतिक योजना कार्यान्वयनमा कुमारी क्यापिटलले



मध्यस्थकर्ताका रूपमा काम गर्नेछ। यस साझेदारीले नेपालमा वैदेशिक लगानीको प्रवाहलाई तीव्र बनाउन र दिगो आर्थिक विकासलाई टेवा पुऱ्याउने विश्वास लिइएको छ।

सम्झौतापत्रमा कुमारी क्यापिटलका प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले यस सहकार्यले नेपालको आर्थिक विकासमा नयाँ आयाम थप्ने र वैदेशिक लगानीलाई सहज वातावरण निर्माण गर्न योगदान दिने बताए।

त्यसैगरी, ध्रुव क्यापिटलका प्रतिनिधि रितेश शाहले नेपालजस्तो सम्भावनायुक्त बजारमा लगानी गर्न आफूहरू उत्साहित रहेको बताए। साथै, यस कार्यमा कुमारी क्यापिटलसँगको साझेदारले लगानी प्रक्रियालाई सहज र प्रभावकारी बनाउनेमा विश्वास व्यक्त गरे।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

शोधपत्र अनुसन्धानका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०२ गते

यस वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशबाट वन तथा वातावरण सम्बन्धी स्नातकोत्तर अन्तिम वर्ष/सेमेष्टरमा अध्ययनरत विद्यार्थीलाई शोधपत्र (Thesis Grant) निम्ति सहयोग प्राप्त गर्न इच्छुक विद्यार्थीहरुबाट यस मन्त्रालयको स्नातकोत्तर **तहमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन अनुसन्धानका लागि** Research Grant कार्यविधि, २०८१ बमोजिम यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र रीतपूर्वक कागजात सहित दरखास्त आह्वान गरिएको छ। विस्तृत जानकारी मन्त्रालयको वेबसाइट mofe.bagamati.gov.np र मन्त्रालयको सूचना पाटीमा प्रकाशित गरिएको छ। थप जानकारीका लागि ९८५५०८८४३८ मा सम्पर्क गर्न सकिनेछ।

टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड
का.म.न.पा.-२२, खिचापोखरी, काठमाडौं
फोन नं. ०१-५३२१७७७
चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।०२)

श्री शेयरधनी महानुभावहरु,

मिति २०८१/०८/२७ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेडको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित बिषय उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउदै उल्लेखित सभामा सहभागिता जनाईदिनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति,समय र स्थान

मिति : २०८१/०९/२३ गते मंगलबार (तदनुसार जनवरी ७, २०२५)
समय : बिहान ११:०० बजे
स्थान : कालीमाटी व्यैड्केट, कालीमाटी, काठमाडौं।

छलफलका लागि प्रस्तावित विषयहरु :

क) सामान्य प्रस्तावहरु :

१) सञ्चालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३) आ.ब. २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४) संचालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
५) संचालक समितिका सदस्यहरुको बैठक भत्ता तथा सुविधाहरु तोक्ने सम्बन्धमा।
६) अन्य नयाँ परियोजनाहरुको पहिचान गरी लगानी गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
७) स्वतन्त्र संचालकको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा।
८) संचालक समितिको १ सदस्यको निर्वाचन सम्बन्धमा।

ख) विशेष प्रस्तावहरु :

१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।

ग) विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

ठूलो खोला हाइड्रोपावर लिमिटेड
का.म.न.पा.-२२, खिचापोखरी, काठमाडौं
फोन नं. ०१-५३२१७७७
दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।०२)

श्री शेयरधनी महानुभावहरु,

मिति २०८१/०८/२८ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस ठूलो खोला हाइड्रोपावर लिमिटेडको दोस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित बिषय उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउदै उल्लेखित सभामा सहभागिता जनाईदिनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति,समय र स्थान

मिति : २०८१/०९/२३ गते मंगलबार (तदनुसार जनवरी ७, २०२५)
समय : बिहान ९:०० बजे
स्थान : कालीमाटी व्यैड्केट, कालीमाटी, काठमाडौं।

छलफलका लागि प्रस्तावित विषयहरु :

क) सामान्य प्रस्तावहरु :

१) सञ्चालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३) आ.ब. २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४) संचालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
५) शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन **(IPO)** गर्ने सम्बन्धी सम्पूर्ण प्रकृया अगाडी बढाउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
६) संचालक समितिका सदस्यहरुको बैठक भत्ता तथा सुविधाहरु तोक्ने सम्बन्धमा।
७) अन्य नयाँ परियोजनाहरुको पहिचान गरी लगानी गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
८) संचालक समितिको १ सदस्यको निर्वाचन सम्बन्धमा।

ख) विशेष प्रस्तावहरु :

१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।

ग) विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

नेपाल पेमार्फत निःशुल्क रकम ट्रान्सफर गर्न सकिने



काठमाडौं/ नेपाल पे इन्स्टान्टमार्फत निःशुल्क फन्ड ट्रान्सफर गर्न सकिने भएको छ। नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले १६औं वार्षिकोत्सवका अवसरमा यो सुविधा ल्याएको हो। यसअन्तर्गत डिजिटल कारोबारलाई प्रवर्द्धन गर्न मोबाइल नम्बरका आधारमा हुने फन्ड ट्रान्सफर निःशुल्क गरिएको छ।

ग्राहकले नेपाल पेको सुविधा उपलब्ध रहेका बैंक वित्तीय संस्थाका मोबाइल बैंकिङ ग्राहक तथा कनेक्टआइपिएस प्रयोगकर्ताले १६ पुससम्म निःशुल्क ३१ बैंक वित्तीय संस्थामा फन्ड ट्रान्सफर गर्न सक्नेछन्।

एनसेल फाउन्डेसन र आइसिटी अवार्डबिच सहकार्य

काठमाडौं/ एनसेल फाउन्डेसनले प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्ड कार्यक्रम आइसिटी अवार्डसँग सहकार्य गर्ने भएको छ। सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा भइरहेको उत्कृष्ट कार्य र व्यक्तित्वहरूको सम्मान गर्ने यो एक विशेष वार्षिक कार्यक्रम हो। योसँगै आइसिटी अवार्ड २०२४ मा अब एनसेल फाउन्डेसन 'सपोर्टेड बाई' पार्टनरका रूपमा आबद्ध भएको छ। यो सहकार्यको उद्देश्य आइसिटीमा भएको विकासलाई सम्मान गर्दै यसको प्रवर्द्धन, सूचना प्रविधि क्षेत्रमा महिलालाई प्रोत्साहन र डिजिटल डिभाइड कम गर्नका लागि हातेमालो गर्नु रहेको बताइएको छ।

नवौं संस्करणको 'इन्ड्राइभ आइसिटी अवार्ड २०८१ सपोर्टेड बाई' ICT AWARD 2024 Supported by Ncell Foundation

बाई एनसेल फाउन्डेसन'को ग्रान्डफिनाले आगामी पुस ५ गते हायात रिजेन्सी काठमाडौंमा आयोजना हुँदै छ।

उक्त कार्यक्रममा डिजिटल विकासलाई बढावा दिँदै सूचना प्रविधि क्षेत्रमा काम गरिरहेका र उल्लेखनीय योगदान पुऱ्याएका विभिन्न संस्था, स्टार्टअप र व्यक्तित्वहरूलाई विभिन्न १४ विधामा आइसिटी अवार्ड प्रदान गरिनेछ।

एसबिआई बैंक र च्याडिसन होटेलबिच सम्झौता



काठमाडौं/ नेपाल एसबिआई बैंक र च्याडिसन होटेल काठमाडौंबिच छुट सम्झौता भएको छ।

उक्त सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार दे, प्रमुख सञ्चालन अधिकृत विकास आनन्द र च्याडिसन होटेलका खाद्य तथा पेय पदार्थ निर्देशक केदार पाण्डे थिए। साथै, बैंकका प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत, रितेश अर्याल र बैंक तथा होटेलका कर्मचारीसमेतको उपस्थिति रहेको थियो।

बैंकका ग्राहकले च्याडिसन होटेलमा डेबिट कार्ड तथा मोबाइल बैंकिङ सेवा प्रयोग गरी खाद्य तथा पेय पदार्थको भुक्तानी गर्दा १५ प्रतिशत छुट दिने सम्झौतापत्रमा उल्लेख छ।

इ-सेवा महाउत्सवमा बम्जनले जिते कार



काठमाडौं/ इ-सेवाले चाडपर्वको अवसरमा सञ्चालन गरेको इसेवा महाउत्सवको विजेता घोषणा गरेको छ। जसअनुसार लाइभ लक्की ड्रमा मकवानपुरनिवासी रवि बम्जन नामीको इलेक्ट्रिक कार जित्न सफल भएका छन्। एक कार्यक्रमबिच विजेताको घोषणा गरिएको हो। उक्त कार्यक्रममा कार्यक्रम इ-सेवाका ब्रान्ड प्रवर्द्धक नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेललगायत उपस्थित थिए।

इ-सेवाले १ असोजदेखि ३० कात्तिकसम्म इ-सेवा महाउत्सव योजना सञ्चालन गरेको थियो। उक्त योजनामा दैनिक फ्ल्यास सेल, रिल प्रतियोगितादेखि ६५ इन्चको टिभी, आइफोन १६ र १६ प्रोजस्ता मेगा उपहारका साथै बम्परमा नामीको इलेक्ट्रिक कार जित्ने मौका थियो।

उक्त योजनामा सहभागी भई नामी कार जित्नका लागि इसेवामार्फत असोज १ देखि कात्तिक ३० भित्र कुनै पनि कारोबार गर्नुपर्ने थियो। साथै, १०० रुपैयाँको खेल खेल्ने प्रयोगकर्तालाई आइफोन १६ जित्ने मौका र बिजुलीको बिल, खानेपानी, टिभी आदिजस्ता घरायसी बिल भुक्तानी गर्दा ६५ इन्चको टिभी जित्ने मौका राखिएको थियो।

त्यसैगरी, सरोजकुमार पाण्डे र अविन गुरुअचार्यले १०० को खेलमा आइफोन १६ जितेका छन् भने अनिल चालिसे, दीपक महतो र अनिल सिंहले इ-सेवा टिकटक प्रतियोगितामा सहभागी भई क्रमशः ५०, २५ र १५ हजार रुपैयाँ हात पारेका थिए।

कार जित्ने विजेता बम्जनलाई बधाई दिँदै इ-सेवाका प्रमुख रणनीतिक अधिकारी रवि शाक्यले भने, 'इ-सेवा महाउत्सवमा प्रयोगकर्ताको संलग्नता र साझेदारको प्रतिक्रिया अत्यधिक उत्साहजनक रहेकाले हामीलाई थप ऊर्जा प्रदान गरेको छ। साथै, प्रत्येक नेपालीलाई आफ्नो वित्तीय आवश्यकता पूरा गर्न डिजिटल समाधानको माध्यमबाट प्रोत्साहित गर्न थप प्रेरित गर्न लागिरहनेछौं।'

तर सरकार...

पृष्ठ १ बाट क्रमशः

संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति गठन गरेको थियो । तीन महिना १५ दिनको छानबिनपछि समितिले ३१ भदौमा एक हजार १२४ पृष्ठको प्रतिवेदन संसद्मा पेस गरेको थियो । जसमा पाँच लाखसम्मका साना बचतकर्ताको रकम फिर्ता गर्न सरकारको जमानीमा आन्तरिक ऋण जारी गरी प्राधिकरणमार्फत बचतकर्तालाई फिर्ता गरिनुपर्ने उल्लेख थियो । तर, पीडितहरूको न्यायका लागि समितिका सिफारिस कार्यान्वयन गर्न सरकार उदासीन देखिएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको तथ्यांकअनुसार हालसम्म केन्द्रअन्तर्गतका मात्रै २२ सहकारी समस्याग्रस्त घोषणा भएका छन् । जसमा ६२ हजार ७६० बचतकर्ताको ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपैयाँ संकटमा परेको छ । सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानको तथ्यांकअनुसार मुलुकभर अहिले ३५७ सहकारी संकटग्रस्त छन् । जसमा १४ लाख बचतकर्ताको दुई खर्ब ७५ अर्ब जोखिममा छ । तर, सरकारसँग भने संकटग्रस्त सहकारीपीडितको वास्तविक तथ्यांक नै छैन । त्यसैले पाँच लाख रुपैयाँभन्दा कम र त्यसभन्दा धेरै रकम जम्मा गर्ने बचतकर्ताको यकिन तथ्यांक हालसम्म छुट्याउन सकिएको छैन । सही तथ्यांक नै नहुँदा विभागले सरकारसँग आवश्यक ऋण माग गर्न सकेको छैन ।

सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानका अध्यक्ष कुशलभ केसीले सरकारले पटक-पटक पीडितलाई न्याय दिन भन्दै सम्झौता गरे पनि थप अन्याय गरिरहेको बताए । 'बचतकर्ताले जीवनभर कमाएको रकम सहकारीमा डुब्यो । पीडितहरू पटक-पटक आन्दोलनमा उत्रिए । चारपटक त सरकारसँग सम्झौता नै भयो । तर, कुनै पनि बुँदा कार्यान्वयन भएनन् । बाध्य भएर हामी पुनः आन्दोलनमा उत्रियौँ । तर, राज्यले उल्टै निर्घात कुटपिट गऱ्यो,' उनले भने ।

सहकारी विभागका महानिर्देशक पीताम्बर घिमिरेले प्राधिकरण स्थापनाका लागि आवश्यक कानुनको मस्यौदा तयार भएको बताए । 'संसदीय छानबिन विशेष समितिले तीन महिनाभित्र सहकारी प्राधिकरण स्थापना गर्न सिफारिस गरेको थियो । यसका लागि कानुनको आवश्यकता पर्छ । हामीले आवश्यक कानुनको मस्यौदा तयारी गरी मन्त्रालयमा पठाएका छौँ,' उनले भने, 'समितिले पाँच लाखभन्दा कम बचत गर्ने बचतकर्ताको रकम फिर्ता गर्न त भन्यो । तर, हामीसँग त्यसको यकिन तथ्यांक आइसकेको छैन । तथ्यांक नहुँदा सरकारसँग ऋणबापत माग गर्नुपर्ने रकम पहिल्याउन सकिएको छैन । प्रक्रिया निकै जटिलजस्तो देखिन्छ ।' तथ्यांक संकलन गर्न सबै प्रदेशमा सर्कुलर जारी गरिएको र त्यो आएपछि मात्रै बचतकर्ता र आवश्यक ऋणको विवरण खुलाउन सकिने घिमिरेको भनाइ छ ।

तीन महिनाभित्र प्राधिकरण स्थापना नगर्दासम्म सहकारी ऐन, २०७४ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को ३० चैत ०८० मा भएको संशोधनअनुसार नियमन तथा सुपरीवेक्षण गर्ने व्यवस्था मिलाउन पनि छानबिन समितिको निर्देशन थियो । संशोधनपछि ५० करोड रुपैयाँ वा सोभन्दा धेरै कुल सम्पत्ति भएको वा वित्तीय कारोबार गर्ने सहकारीलाई राष्ट्र बैंकले नियमन तथा सुपरीवेक्षण गर्ने भनी व्यवस्था गरिएको थियो । यो पाटोमा पनि सरकारले कुनै कारबाही अघि बढाउन सकेको छैन ।

त्यस्तै, प्राधिकरण गठन नभएसम्म नेपाल राष्ट्र बैंक र सहकारी विभागको संयुक्त अनुगमन टोलीले ठुलो वित्तीय कारोबार गर्ने सहकारीलाई प्राथमिकतामा राखी सहकारीको अनुगमनलाई नियमितता दिनुपर्ने, बैंक तथा वित्तीय संस्थाको उपस्थिति बाक्लो रहेका सहरी वा अर्धसहरी क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई कम संख्यामा कायम राख्ने नीति लिई एकीकरणलाई प्राथमिकता दिने, सहकारी बैंकलाई आवश्यकताअनुसार प्रदेश तहमा समेत विस्तार गर्ने, सहकारीहरूलाई पुँजी/वित्तीय परिचालन क्षमताका आधारमा क, ख र ग वर्गमा विभाजन गरी नियमन गर्न पनि छानबिन समितिले सिफारिस गरेको थियो । यी कुनै पनि सुझाव हालसम्म कार्यान्वयन हुन सकेका छैनन् ।

छानबिन समितिले बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र र बचत बिमा पनि तत्काल स्थापना गर्न सरकारलाई निर्देशन दिएको थियो । उल्लेखित निकाय तत्काल स्थापना हुन कठिन भए सहकारी ऐन, २०७४ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्नसमेत समितिले निर्देशन गरेको थियो । यी काम पनि अघि बढ्न सकेको छैन ।

सहकारी ऐन, २०७४ मा कर्जा सूचना केन्द्र, कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरणजस्ता निकाय तत्काल गठन गरिनुपर्ने व्यवस्था छ । तर, सरकारले वित्तीय समस्या देखाउँदै उल्लेखितमध्ये कुनै पनि निकाय गठन गर्न सकेन । जसकारण सहकारीले मनोमानी ढंगले एउटै ऋणीलाई १० पटकभन्दा धेरै ऋण प्रवाह गऱ्यो । बचतकर्ताबाट धितोबापत राखिएको जग्गा सहकारीले बैंकमा राखेर उल्टै ऋण लियो । ऋण मनोमानी ढंगले खर्च गऱ्यो । जसबाट न बचतकर्ताको रकमको सुरक्षा हुन सक्यो, न सहकारीबाट प्रवाह भएका ऋण नै असुल हुन सक्यो । यिनै समस्या समाधान गर्न ऐनमा कर्जा सूचना केन्द्र, कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरणजस्ता निकाय तत्काल गठन गरिनुपर्ने व्यवस्था गरिएका थिए । तर, सरकारले कुनै निकाय गठन गरेन ।

यही तमाम समस्यालाई मध्यनजर गर्दै संसदीय विशेष समितिले कानुनमा भएका निकाय तत्काल गठन गर्न भनेको थियो । कर्जा सूचना केन्द्र र कर्जा सुरक्षण कोष गठन गर्न समय लाग्ने भए तत्कालका लागि नेपाल राष्ट्र बैंकअन्तर्गतकै सूचना केन्द्र र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई कानुनी अधिकार र स्रोत उपलब्ध गराई सहकारीको समस्या तत्काल हटाउनसमेत सरकारलाई भनिएको थियो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले कर्जा असुली न्यायाधिकरणका निम्ति गठनादेश मन्त्रिपरिषद्मा जाने तयारीमा रहेको र अन्यका सन्दर्भमा आवश्यक कानुनी प्रक्रिया निर्माणको काम भइरहेको बताए ।

'कर्जा असुली न्यायाधिकरणको गठनादेश निर्णयार्थ मन्त्रिपरिषद्मा जाने तयारीमा छ । निर्णय भएर आएलगत्तै न्यायाधिकरण गठन हुन्छ । त्यसबाहेक बचत तथा कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्र स्थापनाका सन्दर्भमा आवश्यक कानुनी जटिलता हटाउन पहल भइरहेका छन् ।'

'प्रतिशोध'सहित...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धान भएकाले हदम्याद नलाग्ने तर्क गर्दै आएका छन् । लामिछानेमाथि कांग्रेसले आफू प्रतिपक्षमा छँदादेखि लगाएको आरोपलाई नै सरकारमा गएपछि वैधानिकता दिन खोजेको सत्तापक्षका गतिविधि र अभिव्यक्तिले पनि देखाउँछ ।

लामिछाने २३ फागुन ०८० मा दोस्रोपटक उपप्रधान तथा गृहमन्त्री भएपछि तत्कालीन प्रमुख प्रतिपक्षी कांग्रेसले उनीविरुद्ध सहकारी ठगीको मुद्दा उठाएर निरन्तर संसद् अवरोध गरेको थियो । संसद् अवरोधका कारण बजेट नै प्रभावित हुने भएपछि 'राजनीतिक सहमति'का आधारमा गत १५ वैशाखमा लामिछानेलाई नै केन्द्रमा राखेर संसदीय छानबिन विशेष समिति गठन गरिएको थियो । कांग्रेसकै दबाबमा व्यक्तिकेन्द्रित भएर उक्त समिति बनाइएको थियो ।

२८ वैशाखमा कांग्रेस महामन्त्री गगन थापाले प्रतिनिधिसभाको बैठकमै रवि लामिछानेले सहकारी ठगी गरेको पुष्टि हुने प्रमाण रहेको दाबी गरे । तर, प्रहरी र संसदीय समितिलाई प्रमाण दिन भने सकेनन् । थापाले राजनीतिक स्वार्थ र व्यक्तिगत पूर्वाग्रहका आधारमा अफवाह फैलाएको भन्दै रास्वपा नेताहरूले आपत्ति जनाउँदै आएका छन् ।

अनुसन्धानकै क्रममा रहेको व्यक्ति आरोपी मात्रै हो । लामिछानेमाथि पनि आरोप लागेको छ, फैसला दिने अदालतले हो । तर, अनुसन्धान गर्ने निकाय (प्रहरी)लाई दबाबमा पार्ने गरी प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र कांग्रेस-एमालेका कतिपय नेताहरूले लामिछानेलाई खुल्लमखुल्ला 'सहकारी ठग' करार गरेका छन् । केही दिनअघि प्रधानमन्त्री ओलीले घोचपेच गरेका थिए, 'सहकारी ठगेजस्तो छैन देश चलाउन ।' यसले पनि लामिछानेमाथि सरकार नै नियोजित रूपमा लागेको शंका गर्ने प्रशस्त ठाउँ दिन्छ ।

१९ मंसिरको राति सुत्न लागेको अवस्थामा चितवनबाट उठाएर रातारात पोखरा पुऱ्याएको घटनापछि सत्तारूढ दलकै नेतादेखि पूर्वप्रधानन्यायाधीशसम्मले मानव अधिकारको समेत ख्याल नगरी लामिछानेमाथि प्रतिशोध साधिएको भन्दै चिन्ता व्यक्त गरे । राजनीतिक नेतृत्वले दिएको दबाबका कारण प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरको आदेशमा स्वास्थ्य परीक्षण गर्नुपर्ने आग्रहसमेतलाई अस्वीकार गर्दै परिवार र वकिललाई पनि जानकारी नदिई चितवनबाट पोखरा लगिएको लामिछानेले अदालतमै बयान दिएका छन् ।

सरकार केवल लामिछानेको पछि मात्रै यसरी लागेको छ कि संसदीय छानबिन विशेष समितिले कैयौँलाई थप अनुसन्धान र कारबाहीको सिफारिस गरेकोमा तीन महिनासम्म त्यतापट्टि मौन छ ।

मूल अभियोगमा ठगी मात्र, पूरक अभियोगमा संगठित अपराध र सम्पत्ति शुद्धीकरण पनि

पोखराको सूर्यदर्शन सहकारीको ठगीमा गत वर्ष नै गितेन्द्रबाबु राईसहित १९ जनाविरुद्ध सहकारी ठगीको मुद्दा दायर भइसकेको छ । मूल अभियोगमा ठगी मुद्दा मात्र दायर भएकोमा पूरक अभियोगमा भने संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरसमेत लगाउन प्रहरीले सिफारिस गरेको छ । मूल अभियोगभन्दा पूरक अभियोगमा धेरै कसुर लगाउन लागिएको यो पहिलो घटना भएको प्रहरी अधिकारी बताउँछन् । यसले पनि लामिछानेमाथिको अनुसन्धान राजनीतिक प्रतिशोधका आधारमा अघि बढेको रास्वपा नेताहरूको आरोप छ ।

उता यसअघिको अनुसन्धान प्रतिवेदन नै प्रहरीले सुटुक्क सच्चाएको आरोपसमेत लागेको छ । ०८० माघमा १९ जनाविरुद्ध मूल अभियोग दायर भएको थियो । त्यसवेलाको प्रतिवेदनमा ठगीबाहेक अन्य कसुरमा पनि मुद्दा चलाउन सकिने गरी प्रतिवेदन सच्याइएको छ । पूरक अभियोगमा थप अभियोग लगाउँदा प्रश्न उठ्न सक्ने भएपछि अघिल्लो प्रतिवेदनमा केही थपिएको स्रोतको भनाइ छ ।

लामिछानेलाई लामो समय थुनामै राखेर अनुसन्धान गर्नु तथा मध्यराति हिरासत सारेकोमा विभिन्न व्यक्तिहरूले प्रश्न उठाउँदै आएका छन् । सामान्यतया भागेर जान सक्ने अवस्थामा प्रहरीले थुनामै राखेर अनुसन्धान गर्छ । तर, लामिछानेले हकमा भने सकेसम्म धेरै थुनामा राख्ने उद्देश्यले प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरसमेत लगाएर अधिकतम ९० दिन थुनामा राख्ने प्रयास गरेको छ । न्यायाधीशले समेत 'यहाँबाट छाडे पनि तपाईंलाई फेरि समातिहाल्छ' भन्दै म्याद थपिरहे ।

एकातर्फ, संसदीय समितिले कार्यादेशबाहिर गएर सिफारिस गरेको र प्रहरीले प्रतिवेदनसँग बाझिने गरी मुद्दा दायर गर्न लागेको रास्वपाका नेताको भनाइ छ । समितिको कार्यादेशमा 'यदि गैरकानुनी प्रवाह भएको हो भने त्यो गैरकानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा तिनलाई कानुनबमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने ।'

समितिले सहकारीको पैसा गोर्खा मिडियामा लैजाने काममा लामिछानेको कुनै संलग्नता नरेहेको निष्कर्ष निकालेको थियो । समितिले राज्यका सबै शक्तिको प्रयोग गरेर अनुसन्धान गर्दा पनि लामिछानेले सहकारीको रकम अपचलन गरेको प्रमाण भेटेन । तर, त्यो रकम परिचालनमा उनी पनि जवाफदेही हुनुपर्ने औँल्याएको थियो ।

प्रतिवेदनमा भनिएको छ, 'सहकारी संस्थाबाट रकम गोर्खा मिडिया नेटवर्क प्रालिमा आउने प्रक्रियामा रवि लामिछानेको संलग्नता पुष्टि हुने कागज-प्रमाण रहेको नभेटिए तापनि सोही रकम गोर्खा मिडियामा आइसकेपछि सोको परिचालन तथा खर्च प्रक्रियामा उहाँको सहभागिता देखिन्छ ।' यो सिफारिसअनुसार आफूमाथि कम्पनी ऐनअनुसार अनुसन्धान हुनुपर्ने लामिछानेको दाबी छ । तर, प्रहरीले सहकारी ठगीका साथै संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा समेत मुद्दा चलाउने तयारी गर्नु प्रतिशोध भएको उनले बताउँदै आएका छन् ।

लामिछानेलाई पाँच जिल्ला घुमाएर यसअघि बयान लिइएकोमा फेरि पाँचै जिल्ला लगेर मुद्दा दायर गर्न लागिएको छ । उनका हरेक आर्थिक कारोबारको सूक्ष्म अनुसन्धान गर्न गृह मन्त्रालयले प्रहरीलाई निर्देशन दिएको छ । सम्पत्ति शुद्धीकरण मुद्दासमेत सबै जिल्लामा दायर गर्ने तयारी छ ।

लामिछाने गोर्खा मिडियाको प्रबन्ध निर्देशक हुँदा कम्पनीका मुख्य सञ्चालक जिबी राईले आफ्ना विभिन्न सहकारीबाट गैरकानुनी रूपमा पैसा लगेका थिए । त्यो पैसा चेक काटेर खर्च गर्ने क्रममा लामिछानेको समेत भूमिका थियो । यस्ता एक दर्जन कम्पनीमा राईले सहकारीका पैसा लगानी गरेका थिए । तर, हाल प्रहरीले लामिछानेलाई केन्द्रमा राखेर अनुसन्धान गरेपछि विपक्षी मात्र होइन सत्तारूढ दलकै नेताहरू तथा पूर्वप्रधानन्यायाधीशले समेत प्रश्न उठाइरहेका छन् ।

संक्रमणकालीन...

पृष्ठ १ बाट क्रमशः

भन्नेमा सिफारिस समिति विश्वास गर्छ,' समितिका प्रवक्ता खम्मबहादुर खातीद्वारा सोमबार साँझ जारी विज्ञप्तिमा छ । पदाधिकारी छनोट गर्न असफल भएको समितिले दुवै आयोगका अध्यक्ष र सदस्यको नाम सिफारिससम्बन्धी प्रक्रिया पुनः प्रारम्भ गर्न सरकारलाई सुझाव दिएको छ ।

समितिले दुवै आयोगमा पदाधिकारी नियुक्तिका लागि २३ कात्तिकदेखि ४ मंसिरसम्म आवेदन आह्वान गरेकोमा १५८ जनाको नाम प्राप्त भएको थियो । आवेदन दिनेमा पत्रकार, प्राध्यापक, पूर्वन्यायाधीशहरू, अधिवक्ताहरू, पूर्वप्रशासक, बहालवाला कर्मचारीसमेत छन् । दुई आयोगमा १० जना पदाधिकारीका लागि आवेदन दिएका १५८ जनामध्ये सिफारिस समितिले ४० जनाको नाम सर्ट लिस्ट अर्थात् संक्षिप्त सूचीमा राखेको थियो । जसमा दुई आयोगको अध्यक्षका लागि ८ जना र सदस्यका लागि ३२ जनाको नाम सर्ट लिस्टमा थियो ।

संक्षिप्त सूचीमा परेका नाममा राजनीतिक तहमा सहमति हुन नसकेपछि समिति नै विघटन गरेर नयाँ प्रक्रिया प्रारम्भ गर्न अनुरोध गर्ने निर्णयमा समितिका पदाधिकारी पुगेका हुन् । 'सिफारिस समितिबिच केही विषयमा मतैक्य हुन नसकेकाले सिफारिस समितिभित्र बहुमत र अल्पमतको निर्णय गर्दा यसबाट दूरगामी असर पर्न सक्ने, शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आयोगमा नियुक्त हुने अध्यक्ष तथा सदस्य नियुक्तिको प्रक्रियालाई थप विश्वसनीय र स्वीकार्य बनाउन आयोगका अध्यक्ष तथा सदस्यका लागि उपयुक्त व्यक्तिको खोजीलाई अझ व्यापक र प्रभावकारी बनाई नियुक्ति प्रक्रिया अघि बढाउन उपयुक्त देखिएको सन्दर्भमा सिफारिससम्बन्धी प्रक्रिया पुनः प्रारम्भ गर्न मन्त्रिपरिषद्लाई अनुरोध गरिएको,' प्रवक्ता खातीद्वारा जारी विज्ञप्तिमा छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन दफा ३ बमोजिम सिफारिस समितिले ६० दिनभित्र पदाधिकारी सिफारिस गरिसक्नुपर्छ । विज्ञप्तिमा समितिको कार्यावधि १ पुसमा समाप्त भएकाले पनि सिफारिससम्बन्धी प्रक्रिया पुनः प्रारम्भ गर्नुपर्ने भनिएको छ ।

सिफारिस समिति सदस्यका अनुसार शान्ति प्रक्रियालाई सहमतिमै निष्कर्षमा पुऱ्याउन दुई आयोगको अध्यक्ष कांग्रेस र एमालेले लिने तथा सदस्य माओवादीलाई दिने खालको प्रारम्भिक समझदारी थियो । कांग्रेसले सत्य निरूपण तथा मेलमिलाप आयोगमा राधेश्याम अधिकारी र एमालेले बेपत्ता व्यक्तिको छानबिन आयोग अग्नि खरेललाई अध्यक्ष बनाउने तयारी गऱ्यो । तर, व्यक्तिको नाममा सहमति नबनेपछि दुवैलाई सर्ट लिस्टमा राखिएन ।

२२ मंसिरमा सर्ट लिस्ट सार्वजनिक हुँदा अध्यक्षको सूचीमा अच्युतप्रसाद भण्डारी, काशिराज दाहाल, डिल्लीराज आचार्य, विजयसिंह सिजापति, विश्वराज कोइराला, सुदीप पाठक र शेरबहादुर केसी परे । कांग्रेस सभापति शेरबहादुर देउवाले मानवअधिकार आयोगका पूर्वसदस्य सुदीप पाठकको नाम सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्षमा सिफारिस गरे । पाठकको नाममा माओवादी अध्यक्ष प्रचण्डले पनि सहमति जनाए । तर, प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले पाठकको नाममा असहमति जनाए ।

मानवअधिकार आयोगबाट सिफारिस समितिमा सदस्य रहेका मनोज दुवाडीले पाठकलाई सिफारिस गरे 'नोट अफ डिसेन्ट' नै लेखेर असहमति दर्ज गर्ने चेतावनी दिए । सत्य निरुपण तथा मेलमिलाप आयोगको नेतृत्व भागमा पारेको कांग्रेसका अर्का उम्मेदवार सर्ट लिस्टमा थिएनन् ।

एकातिर दुवाडीको चेतावनीपछि सिफारिस समिति सर्वसम्मत नहुने अवस्था र अर्कोतिर वैकल्पिक व्यक्ति सर्ट लिस्टमा नभएपछि सिफारिस नै स्थगित भयो । कार्यावधिको अन्तिम दिन भएकाले अध्यक्ष ओमप्रकाश मिश्र र सदस्यहरूले राजनीतिक तहमा सल्लाह गरेर पुनः सिफारिसको प्रक्रिया आरम्भ गर्न अनुरोध गर्ने निर्णय लिए ।

'दलका प्रतिनिधिको आ-आफ्नै अडान र लाइनले सिफारिस समिति बन्धक बन्यो । ऐनमै ६० दिन किटान गरेकाले समितिको समय थप्न मिलेन । कि सिफारिस गर्ने कि हात उठाउने विकल्प थियो । संक्रमणकालीन न्यायलाई सर्वसम्मत बनाउने स्पिरिटलाई पछ्याउँदै हामीले हात उठाउने विकल्प छान्यौं,' एक सदस्यले भने ।

टिआरसी आयोगका सचिवको सरुवा

सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव आलोकचन्द्र श्रेष्ठलाई नेपाल कानुन आयोगमा सरुवा गरेको छ । मन्त्रिपरिषद्को २७ मंसिरको बैठकले सचिव श्रेष्ठलाई सरुवा गरी पाराश्वर ढुंगानालाई टिआरसी आयोगको सचिवको जिम्मेवारी दिएको हो ।

रहेनन्...

पृष्ठ १ बाट क्रमशः

थिए, जतिवेला पिएल कमर्स क्याम्पसमा विद्यार्थी राजनीति गर्थे । ०१७ मा राजाले 'कु' गरेर सत्ता आफ्नो हातमा लिएपछि गणेशमानसहितका नेता जेल गए । यो घटना हुँदा उनी कार्यक्रममा सहभागी हुन युरोप पुगेका थिए । युरोपबाट नेपाल फर्केपछि उनले गणेशमानको अस्तव्यस्त परिवार सम्हालेर राखेका थिए । गणेशमान जेल परेपछि उनको परिवारमा तितरबितरजस्तो भएको थियो ।

'गणेशमान जेल परेपछि उहाँको घर अप्ठ्यारोमा पऱ्यो । त्यसवेला पिएलले त्यो घरको रेखदेख गर्ने जिम्मा लिनुभयो । जतिवेला प्रकाशमान र प्रदीपमान ५/६ वर्षका मात्र थिए,' पिएलसँगै राजनीति गरेका प्रधान भन्छन्, 'त्यसवेला चाक्सिबारीको घर पनि सरकारको कब्जामा थियो । गणेशमानको परिवार जावलाखेलमा डेरा लिएर बस्नुभयो । प्रकाशमान र प्रदीपमानलाई सेन्ट जेभियर्समा भर्ना गर्नुभयो, हुर्काउनुभयो । अभिभावकीय भूमिका निभाउनुभयो । गणेशमानजीका लागि त उहाँ ठुलो सहयोगी हुनुहुन्थ्यो ।' पिएलको गुण गणेशमानको परिवारले अहिले पनि बिर्सेको छैन । उनको निधनपछि उपप्रधानमन्त्रीसमेत रहेका प्रकाशमानले 'हाम्रो परिवारको ज्येष्ठ सदस्य' भन्दै श्रद्धाञ्जली अर्पण गरेका छन् ।

गणेशमान सर्वोच्च कमान्डर भएर थालेको आन्दोलनका क्रममा ०४६ को सत्याग्रहमा पिएलले प्रवक्ताको भूमिका निभाए । कार्यगत एकताका आधारमा आन्दोलन गर्ने गणेशमानको सिद्धान्तमा उनको साथ थियो । त्यसवेला गणेशमानसँग अन्य दलका नेता भेट्टाउने काम पिएलले नै गर्दथे ।

प्रजातन्त्र पुनर्स्थापनापछिको २०४९ को स्थानीय तहको निर्वाचनमा कांग्रेसका तर्फबाट पिएल काठमाडौं नगरपालिकाको पहिलो नगर प्रमुखमा निर्वाचित भए । त्यसअघि मंगलादेवी र प्रकाशमान मेयरमा पराजित भएका थिए । अन्तिम विकल्पका रूपमा गणेशमानले पिएललाई अघि सारेको प्रधान सुनाउँछन् । 'मंगलादेवी र प्रकाशमान हारेपछि पिएल मेरो लास्ट कार्ड हो । पिएल पनि हारे भने म यो मुलुकमा बस्दिनँ भनेर भन्नुहुन्थ्यो,' प्रधान भन्छन्, 'पिएलले अत्यधिक मतका साथ चुनाव जित्नुभयो । उहाँ गणेशमानको उम्मेदवार हुनुहुन्थ्यो नै, त्यसबाहेक उहाँ पनि सबैको प्रिय हुनुहुन्थ्यो । वर्गविशेष भेदभाव नगर्ने उहाँसँग एक खालको अनुपम चरित्र थियो ।'

मेयरका रूपमा पिएलले ०५४ सम्म कार्यकाल पूरा गरे । आफ्नो कार्यकालमा उनले काठमाडौंमा केही सुधारका काम गरेका थिए । पिएलकै पहलमा ०५२ मा काठमाडौं नगरपालिकालाई महानगरपालिका घोषणा गरिएको थियो । उनले दोस्रो कार्यकालका लागि टिकट मागेनन् ।

०५६ मा उनी कांग्रेसका केन्द्रीय सदस्य बनेका थिए । उनलाई गिरिजाप्रसाद कोइरालाले मनोनीत गरेका थिए । तर, तिनै गिरिजाप्रसादसँग बेमेल भएपछि उनको राजनीतिक यात्रा रोकिएको थियो । पिएल ०५६ को निर्वाचनमा काठमाडौं- ४ बाट निर्वाचित भए । उनले पद्मरत्न तुलाधरलाई पराजित गरेका थिए । ०५८ मा शेरबहादुर देउवा नेतृत्वको सरकारमा पिएल जनसंख्या तथा वातावरणमन्त्री बनेका थिए ।

०६३ वैशाखमा राजाले संसद् पुनर्स्थापना गर्दा यसमा उनले असहमति राखे । पुनर्स्थापित संसद्मा सहभागी भएनन् । जनताबाट निर्वाचित प्रतिनिधि राजाको निगाहमा संसद्मा जानुहुँदैन भन्ने उनको तर्क थियो ।

पिएल ०४७ को संविधान फाल्न नहुने र संवैधानिक राजतन्त्रको अन्त्य गर्नुहुँदैन भन्ने मान्यता राख्दथे । पुनर्स्थापित सांसदमा निर्वाचनमा सहभागी नभएको माओवादीलाई लैजान नहुने पिएलको तर्क थियो । 'कृष्णप्रसाद भट्टराई र पिएल सिंह मात्रै संसद् पुनर्स्थापना भएपछि संसद्मा पाइला टेक्नुभएन । उहाँ ०४७ को संविधानको हिमायती हुनुहुन्थ्यो । उहाँ गणेशमानको समयमा आएको संविधान मास्नुहुन्न भन्ने मान्यता राख्नुहुन्थ्यो,' प्रधानले भने ।

०५६ मा कांग्रेसमा क्रियाशील सदस्यताको विषय विधानसम्मत नभएको भन्दै तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालासँग पिएलको असहमति थियो । कुरा नमिलेपछि पिएलले राजीनामा दिएका थिए । तर, उनको राजीनामा स्वीकृत भएन । आफ्नो माग पूरा नभएको भन्दै उनी कांग्रेसमा सक्रिय रहेनन् । त्यसपछि कांग्रेसले लिएको बाटोमा उनको सहमति रहेन । उनमा सानैदेखि राजनीतिप्रति आकर्षण र समाजसेवामा रुचि थियो । गणेशमानको निधनपछि चाक्सिबारीबाट बाहिरिएका सिंह पछिल्लो समय बिरामी परेपछि भने चाक्सिबारीमा नै बस्दै आएका थिए । उनको सोमबार बिहान १ बजे चाक्सिबारीमा निधन भएको थियो । ८८ वर्षीय सिंह अल्सरलगायतका रोगबाट पीडित थिए ।

अन्त्येष्टिअघि उनको पार्थिव शरीरलाई चाक्सिबारी, कांग्रेस केन्द्रीय कार्यालय सानेपामा राखिएको थियो । काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख पिएल सिंहलाई विभिन्न दलका नेताहरूले श्रद्धाञ्जली अर्पण गरेका थिए । पिएललाई श्रद्धाञ्जली दिन कांग्रेस पार्टी कार्यालयमा पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री तथा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, उपप्रधानमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह, उपमेयर सुनिता डंगोल, ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनलगायतका व्यक्ति पुगेका थिए । उनको सोमबार नै विष्णुमती करिडोरस्थित तखतीर्थमा अन्त्येष्टि गरिएको छ ।

सिंहको निधनमा कांग्रेसले तीन दिन झन्डा झुकाउने भएको छ । 'स्वर्गीय सिंहले नेपाली कांग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो । उहाँको सक्रिय योगदान पार्टीको इतिहासमा सदा स्मरणीय रहनेछ,' मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्तिमार्फत भनेका छन् ।

हार्दिक श्रद्धाञ्जली



जन्मः २०००/०९/२६

स्वर्गारोहणः २०८१/०८/२०

स्व. सत्यनारायण बिड्ला

यस एशोसिएशनका द्वितिय उपाध्यक्ष श्री सुनिलकुमार बिड्लाज्यूका पुजनीय पिता श्री **सत्यनारायण बिड्ला**ज्यूको असामयिक स्वर्गारोहण भएको १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा पिडामा रहनु हुने श्री सुनिलकुमार बिड्लाज्यू सहित उहाँको शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएसन

परिवार

कोटेश्वर, काठमाडौं

नेपाल सरकार

सहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

नयाँ सहर आयोजना कार्यालय

खुर्कोट, सिन्धुली

शिलवन्दी बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

प्रकाशन मितिः २०८१/०९/०२

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८१।०६।२३ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तथा २०८१।०८।२१ गतेको हिमालयन टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सार्वजनिक सूचना बमोजिम प्राविधिक प्रस्ताव मुल्यांकनमा सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (पी.एस. र मू.अ. कर बाहेक)
१	KNTPO/NCB/081/82-1	खुर्कोट जग्गा बिकासको आयोजनाको पुर्वाधार निर्माण कार्य ।	श्री ओम-एन एन एस-बि एन एस जे.भी. मिर्चैया, सिराहा ।	रु. १,३७,०९,६८५।७०
२	KNTPO/NCB/081/82-2	खुर्कोट नयाँ सहरमा कबोर्ड हल निर्माण गर्ने कार्य ।	श्री ओम-बि एन एस जे.भी. मिर्चैया, सिराहा ।	रु. १,७३,४५,९८१।३०
३	KNTPO/NCB/081/82-3	खुर्कोट नयाँ सहरमा बहुउद्देसिय सामुदायिक भवन निर्माण गर्ने ।	श्री ओम-बि एन एस जे.भी. मिर्चैया, सिराहा ।	रु. १,७५,१८,९५२।००

नि. आयोजना प्रमुख

पनौती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रे

पाठ्यपुस्तक छपाईसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०२ गते)

यस नगरपालिकाबाट तयार गरिएको आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यपुस्तक "**हाम्रो पनौती**" छपाई गर्नुपर्ने भएकाले पाठ्यपुस्तक छपाई गरी उपलब्ध गराउन इच्छुक छापाखाना तथा फर्महरूले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्ममा कार्यालय समयभित्र शिलबन्दी दरभाउपत्र फाराम खरिद गरी देहाय बमोजिमका कागजातसहित शिलबन्दी दरभाउ-पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. **कार्यक्रम**

सि.नं.	शिलबन्दी दरभाउपत्र नं.	कार्यक्रमको नाम	कुल लागत अनुमान (मू.अ. करसहित)	धरौटी रकम
१.	SQ शिक्षा/०१/०८१/०८२	स्थानीय पाठ्यपुस्तक छपाई	रू. १२,१५,५६१।-	रू. ४०,०००।-

२. शिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखाबाट रू. १०००।- (अक्षरुपी एक हजार रुपैयाँ) रकम बुझाइ खरिद गर्न सकिनेछ ।
३. शिलबन्दी दरभाउपत्र फाराम साथ फर्म दर्ता तथा व्यवसाय दर्ता प्रमाण पत्र, नवीकरण गरेको प्रमाण, करदर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणसहित यस कार्यालयबाट तोकिएको ढाँचामा निवेदन र कक्षागत रुपमा तोकिएको ढाँचा बमोजिम प्रति एकाइ र कक्षागत जम्मा रकमसहित कूल रकम र सोमा लाग्ने १३ प्रतिशत मू.अ. करसमेत उल्लेख गरी मू.अ. करसहितको कूल प्रस्तावित रकम पेश गर्नुपर्नेछ ।
४. प्रस्ताव साथ धरौटीवापत् यस कार्यालयको नेपाल बैंक लिमिटेड पनौती शाखामा रहेको धरौटी खाता नं. ०९००३०००००३०००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नगदै रकम जम्मा गरेको रसिद वा वाणिज्य बैंकबाट जारी भएको सूचनाको अन्तिम म्यादले कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।
५. शिलबन्दी दरभाउपत्र पेश गर्ने प्रस्तावदाताले यस कार्यालयबाट सूचना प्रकाशित मितिले १५औं दिनको (मिति २०८१/०९/१६ गते) कार्यालय समयभित्रमा तोकिए बमोजिमको फारम खरिद गरी सूचना प्रकाशित मितिले १६औं दिनको (मिति २०८१/०९/१७ गते) १२:०० बजेभित्र पेश गरिसक्नु पर्नेछ । उल्लेखित अन्तिम मिति भन्दा अगावै पनि सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ ।
६. रितपूर्वक पेश भएको शिलबन्दी दरभाउपत्र मिति २०८१/०९/१७ गते दिनको २:०० बजे प्रस्तावदाताहरू वा आधिकारिक प्रतिनिधि उपस्थित भएमा निजहरू समेतको रोहबरमा यस कार्यलयमा खोलिनेछ । उक्त समयमा प्रस्तावदाता वा आधिकारिक प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
७. छनौट भएको प्रस्तावदाताले सम्झौता गरेको मितिले ६० दिनभित्रमा सम्पूर्ण कार्य सम्पन्न गरी सक्नुपर्नेछ ।
८. प्रस्तावदाताले कूल प्रस्तावित रकम अंक र अक्षर दुवैमा उल्लेख गरी निर्धारित स्थानमा प्रस्तावदाताको नाम, थर, सम्पर्क नं., इमेल ठेगाना र फर्मको छापसहित प्रस्तावदाताले सहीछाप गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ ।
९. प्रस्ताव गरिएको सिलबन्दी दरभाउपत्र बमोजिम खरिद गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार २ पुस ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एसिसी यू-१९ एसिया कप

पाकिस्तानलाई हराउँदै नेपाल सुपर चारमा

एसिसी यू-१९ एसिया कपको अन्तिम चार स्थान पक्का गर्ने क्रममा नेपालले पाकिस्तानलाई ६ विकेटले हरायो

नयाँ पत्रिका

नेपाली महिला टोलीले पहिलोपटक टेस्ट राष्ट्र पाकिस्तानविरुद्ध ऐतिहासिक जित निकालेको छ। नेपालले एसिसी यू-१९ एसिया कपमा पाकिस्तानलाई ६ विकेटले हराएको हो। नेपालको महिला क्रिकेट इतिहासमा पहिलोपटक कुनै पनि टेस्ट राष्ट्रविरुद्ध पहिलोपटक जित दर्ता गरेको हो। यसअघि नेपालको पुरुष युवा टोलीले पाकिस्तान, दक्षिण अफ्रिका, बंगलादेशजस्ता टेस्ट राष्ट्रमाथि जित निकालिसकेको छ।

पहिलो जितसँगै नेपाल समूह 'बी'बाट सुपर चार (सेमिफाइनल) मा पुगेको छ। यसअघि पाकिस्तान यसै समूहमा भारतसँग नौ विकेटले पराजित भएको थियो। अब नेपाल र भारतबिचको खेलले समूह विजेताको छिनोफानो हुनेछ। यो खेल मंगलबार हुनेछ। मलेसियाको बायोमासमा चलिरहेको यू-१९ एसिया कपको आफ्नो दोस्रो खेलमा सनसनी जित निकाल्दा नेपालकी कप्तान पूजा महतोले अलराउन्ड प्रदर्शन गरेकी थिइन्।

बायोमासको ब्याटिङ पिचमा पाकिस्तानले पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेट गुमाएर एक सय चार रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नेपालले १९ ओभरमा केवल चार विकेट गुमाएर ऐतिहासिक जित दर्ता गर्न सफल भयो। कप्तान पूजाले ब्याटिङमा ४७ बलमा ४७ रनको योगदान दिइन्। उनले सयको स्ट्राइकमा ब्याटिङ गर्दा तीन चौका प्रहार गरिन्। अलराउन्ड प्रदर्शन क्रममा उनले दुई विकेट हात पारिन्।



पाकिस्तानविरुद्ध विकेट लिएपछि नेपाली महिला खेलाडी खुसी मनाउँदै।

गतिलो साझेदारी

लक्ष्य पछ्याएको इनिङ्समा नेपालले ४.३ ओभरमा सावित्री धामीलाई गुमाएको थियो। सना प्रवीणा र सावित्राले पहिलो विकेटका लागि २३ रनको साझेदारी गरेका थिए। त्यसपछि सना र पूजाबिच दोसो विकेटका लागि पाँच रनको मात्र साझेदारी भयो। नेपालले सनाको विकेट इनिङ्सको ६.१ ओभरमा गुमाएको थियो। त्यसपछि सोनी पाख्रिनले १३ रनको योगदान दिइन्। सिमाना केसीले अविजित १२ र ओपनर सान प्रवीनले १० रन बनाए।

कप्तान पूजा र सिमनाले पाँचौं विकेटका लागि ३२ बलमा अविजित ३९ रनको साझेदारी गर्दै नेपालको जित पक्का पारे। सोनी र पुजाबिच नै तेस्रो विकेटका लागि ३१ रनको साझेदारी भएको थियो। सावित्रीले १६ बलमा आठ रन बनाइन्। नेपालको ब्याटिङमा ज्योत्स्नया मरासिनी डकआउट भइन्। पाकिस्तानको कमजोर फिल्डिङमा नेपालले १५ अतिरिक्त १५ रन पाएको थियो। पाकिस्तानका लागि फतिमा खान र क्वारातुलियनले समान एक विकेट लिए।

पाकिस्तानको मध्यम स्कोर

अनुभवी पाकिस्तानले नेपालविरुद्ध मध्यम स्कोर बनायो। पाकिस्तानका लागि ओपनर कोमल खानले ४३ बलमा सर्वाधिक ३८ रन बनाइन्। महम एनिसले अविजित १९, राभाली फरानले १३ र कप्तान जोफिसान अयाजले १२ रन बनाएका थिए। दुई बलमा खेलिरहेकी फिजा फिआजलाई कप्तान पूजाले एलबिडब्लू धरापमा पारेकी थिइन्। रिया शर्माले अरिसा अन्सारीलाई एक रनमा आउट गरिन्। पूजाले दुई विकेट लिन २७ रन खर्चिइन्। रचनाकुमारी चौधरी, रिया शर्मा र सिमाना केसीले समान एक विकेट लिए।

खेल संक्षेप

छात्रा फुटसलमा एभिएम प्रथम

काठमाडौं/ जेम्स विद्यालयको आयोजनामा चलिरहेको दोस्रो थन्डर बोल्ट्स कप खेलकुदअन्तर्गत १३ वर्षमुनिका छात्रा फुटसलमा एभिएम स्कुल पहिलो भएको छ। एभिएमले उपाधि भिडन्तमा छन्त्याललाई हराएको थियो। यसैगरी, १२ वर्षमुनि छात्र फुटबलको समूह चरणमा डिएभीले जेम्सलाई ४-० ले हरायो। लर्डस लाइट एकेडेमीले शिखर स्कुललाई ४-२ ले पाखा लगायो। नेपाल पुलिस स्कुलले सेन्ट जेभियर्स स्कुललाई ५-० ले र विनायक स्कुलले भिएस निकेतन स्कुललाई ४-० ले हराए।

फेरिल्यान्ड र ग्रिनल्यान्ड उपाधिनजिक

काठमाडौं/ फेरिल्यान्ड र ग्रिनल्यान्ड प्रथम जेबी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा सोमबार फाइनलमा प्रवेश गरेका छन्। फेरिल्यान्डले इडेन ब्रिज एकेडेमी (इबिए)लाई २५-१६ ले पराजित गऱ्यो। फेरिल्यान्डकी खुस्बु मगरले सात स्कोर गरिन्। ग्रिनल्यान्डले एन्जल्स हार्टमाथि ३३-२८ को जित निकालिन्। प्रतियोगिताको जुनियर पुरुषमा लालीगुराँस नेसनल एकेडेमी र भ्याली पब्लिक फाइनलमा पुगेका छन्।

साबिक विजेता गेटवे क्वार्टरफाइनलमा

काठमाडौं/ साबिक विजेता गेटवे एकेडेमी १७औँ फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। प्रतियोगितामा गेटवेले प्रारम्भलाई टाइब्रेकरमा ४-३ ले हराउँदै अन्तिम आठको स्थान पक्का गरेको हो। निर्धारित समयको खेल २-२ को बराबरीमा सकिएको थियो। हाइली क्रिएटिभ र एकलव्य पनि अन्तिम आठमा पुगेका छन्। हाइली क्रिएटिभले विद्या विकासलाई ३-१ ले हरायो। मूलपानी मैदानमा भएको खेलमा एकलव्यले शिक्षालयलाई २-१ ले हरायो।

फ्रिडमको दोहोरो जित

काठमाडौं/ फ्रिडम फाइटर क्लबको 'ए' र 'बी' टोलीले चौथो वडाध्यक्ष कप भेट्टान फुटबल प्रतियोगितामा सोमबार दोहोरो जित हात पारेको छ। फ्रिडमको 'ए'ले वाइवाई युनाइटेडलाई १०-१ को भारी गोलअन्तरले पराजित गऱ्यो। फ्रिडमका राजकुमार घिसिङले सर्वाधिक चार गोल गरेका थिए। फ्रिडम 'बी'ले सरस्वतीनगरलाई ३-० ले हरायो। अर्को खेलमा कपन भेट्टान र बौद्ध भेट्टान विजयी भएका छन्। कपनले बुढानीलकण्ठलाई २-० ले पाखा लगायो।

मातृभूमि र ज्ञान निकेतन च्याम्पियन

काठमाडौं/ आयोजक मातृभूमि र ज्ञान निकेतनले मातृभूमि अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन्। दोहोरो उपाधि जितेको मातृभूमि जुनियर पुरुष र सिनियर महिलामा पहिलो भयो। ज्ञान निकेतन सिनियर पुरुषमा च्याम्पियन बन्यो। जुनियर पुरुषको फाइनलमा मातृभूमिले ज्ञान निकेतनलाई ४८-३७ ले पराजित गऱ्यो। सिनियर महिलाको उपाधि भिडन्तमा मातृभूमिले इन्गोभेटिभलाई २०-१८ ले हरायो। सिनियर पुरुषको फाइनलमा ज्ञान निकेतनले बौद्ध इन्टरनेसनलले ५६-४८ ले पाखा लगायो।

नेपाल प्रिमियर लिग २०२४

प्लेअफ समीकरण पूरा



तस्बिर : ज्ञानेन्द्र कार्की/ नयाँ पत्रिका

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	७	६	१	१२	२.०८
जनकपुर	७	५	२	१०	०.१६
चितवन	७	४	३	८	०.६३
कर्णाली	७	४	३	८	-०.१८
काठमाडौं	७	४	३	८	-०.३२
विराटनगर	७	२	५	४	-०.७०
पोखरा	७	२	५	४	-१.३३
लुम्बिनी	७	१	६	२	-०.४९

खेल तालिका

चितवन र कर्णाली (एलिमेनेटर)
३ पुस, बिहान ९ बजे
सुदूरपश्चिम र जनकपुर (पहिलो प्लेअफ)
३ पुस, दिउँसो १ बजे
प्लेअफमा पराजित र एलिमिनेटरको विजेता
४ पुस, दिउँसो १२ बजे
फाइनल, ६ पुस

रमेश सुवेदी/नयाँ पत्रिका

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफ समीकरण पूरा भएको छ। प्लेअफमा सुदूरपश्चिम रोयल्स, जनकपुर बोल्ट्स, चितवन राइनोज तथा कर्णाली याक्सले स्थान बनाएका छन्। त्रिवि क्रिकेट मैदानमा सोमबार काठमाडौं गुर्खाजलाई नेट रनरेटमा भिनो अन्तरले पछि पार्दै कर्णाली प्लेअफ पुग्ने चोथो टोली बनेको हो। अंक तालिकामा सुदूरपश्चिम शीर्ष र जनकपुर दोस्रो स्थानमा रहेका छन्। चितवन तेस्रो र कर्णाली चौथो भएका छन्। प्रतियोगिताबाट काठमाडौं, विराटनगर किंग्स, पोखरा एभेन्जर्स र लुम्बिनी लायन्स समूह चरणबाटै बाहिरिएका छन्।

सुदूरपश्चिम रोयल्स (जित ६, हार १)

एनपिएलमा सुदूरपश्चिमको प्रदर्शन सानदार रह्यो। सुदूरपश्चिमले सातमध्ये ६ खेलमा जित निकाल्दा ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गऱ्यो। दीपेन्द्रसिंह ऐरी मार्की र मुख्य प्रशिक्षक जगत टमाटाको प्रशिक्षणमा टोली एक खेलमा पराजित भयो। सुदूरपचिमले विदेशी खेलाडीमा इंग्ल्यान्डका सेफ अली जैव र न्युजिल्यान्डका बलर स्कट कुगेलेइनले सानदार प्रदर्शन गरे। स्कटल्यान्डका अलराउन्डर ब्रान्डन म्याकमुलेनको प्रदर्शन पनि उच्च रह्यो। स्कट १५ विकेटका साथ धेरै विकेट लिने बलरको सूचीको शीर्ष स्थानमा छन्। सर्वाधिक रन बनाउने सूचीमा कप्तान दीपेन्द्रसिंह पाँचौं स्थानमा छन्। उनले १९८ रन बनाएका छन्।

जनकपुर बोल्ट्स (जित ५, हार २)

प्लेअफमा पहिलो स्थान बनाउने टोली जनकपुर हो। लगातार चार खेल जिती जनकपुरले प्लेअफको आशा बलियो बनाएको थियो। जनकपुरले विदेशी र नेपाली खेलाडीले सन्तुलित प्रदर्शन गरेका छन्। राष्ट्रिय टोलीका आसिफ सेख र अनिलकुमार शाहसँगै स्पिनर ललित राजवंशी र तीव्रगतिका बलर किशोर महतोले सुरुवाती चार खेलमा उत्कृष्ट प्रदर्शन गरेका थिए। प्लेअफमा पुग्दा ललितले १३ तथा किशोरले १० विकेट लिएका छन्। न्युजिल्यान्डका जिमी निसमले सानदर प्रदर्शन गरिरहेका छन्। जनकपुर पाँचौं खेलमा फर्ममा रहेको सुदूरपश्चिमसँग ७२ रनले पराजित भएको थियो।

चितवन राइनोज (जित ४, हार ३)

एनपिएलमा चितवनको प्रदर्शन उतारचढाव भइरह्यो। सुरुको लगातार दुई खेल जितेको चितवनले त्यसपछि तेस्रो खेल गुमाएको थियो। सुरुमा कमजोर मानिएको चितवनले बिस्तारै गति समायो। पाकिस्तानका पूर्वफास्टबलर सोहेल तनविरले १२ विकेट लिँदै चितवनको बलिङ आक्रमण बलियो भएको प्रस्तुत गरेका छन्। नेपालका रिजन ढकालले १३ विकेट नै लिँदै सोहेललाई साथ दिइरहेका छन्। इंग्ल्यान्डका रवि बोपारा र कप्तान कुशल मल्लले ब्याटिङमा आवश्यक परेको वेला विजयी इनिङ खेलेका छन्। बोपारा दुई सय ३३ रनसहित उच्च रनकर्ताको दौडको दोस्रो स्थानमा छन्।

कर्णाली याक्स (जित ४, हार ३)

कर्णालीले प्लेअफ स्थान एनपिएलकै अन्तिम खेलसम्म प्रतीक्षा गऱ्यो। सुदूरपश्चिमले १२.२ ओभरमा लक्ष्य पूरा नगर्दा कर्णाली रनरेटमा शीर्ष चारमा पुगेको हो। सुदूरपश्चिमले यस ओभरमा जित निकाल्दा काठमाडौंले कर्णालीलाई पछि पार्दै प्लेअफमा पुग्ने थियो। सुदूरपश्चिमले १५.२ ओभरमा चार विकेट गुमाएर १०५ रन बनाएपछि कर्णालीको भाग्य खुल्यो।

कर्णालीले एनपिएलमा इन्डियन प्रिमियर लिगमा आबद्ध शिखर धवनलाई भित्र्याउँदै सनसनी मचाएको थियो। सुरुको दुई खेल गुमाएको कर्णालीले लगातार चार जित निकाल्दा नै प्लेअफको आशा जीवित राखेको हो। भारतीय खेलाडी धवनले चार खेलमा १३६ रन बनाए। तेस्रो खेलबाट समावेश अस्ट्रेलियाका विलियम बासिस्टोले पाँच खेलमा पाँच खेलमा १२८ रन रन आठ विकेट लिएपछि कर्णालीले लगातार चार खेलमा जित निकालेको हो। ट्यालेन्ट हन्टबाट आएका विपिन शर्माले सात खेलमा नौ विकेट लिइसकेका छन्।

गोलरक्षकको गल्तीले बाहिरियो आर्मी

घरेलु फुटबलकै अनुभवी गोलरक्षक विकेश कुथूले १८औँ र २६औँ मिनेटमा सामान्य गल्तीका कारण उपाधि दाबेदार आर्मी क्वार्टरफाइनलमा सहलेससँग २-० ले स्तब्ध

झापामा चिरञ्जीवी घिमिरे

गोलरक्षक विकेश कुथूको गल्तीमा त्रिभुवन आर्मी फुटबल क्लब पहिलो झापा कपको क्वार्टरफाइनलबाटै बाहिरिएको छ। उपाधि दाबेदार मानिएको आर्मी सोमबार सिराहाको सलहेस फुटबल क्लबसँग २-० को अन्तरले स्तब्ध हुँदै अन्तिम आठबाट बाहिरिएको हो। कुथू नेपालको क्लबस्तरीय खेलमा अनुभवी र सफल गोलरक्षक हुन्। तर, डोमालाल राजवंशी रंगशालामा उनको प्रदर्शन स्तरीय हुन सकेन। उनले सहलेसविरुद्ध पहिलो हाफमा बारम्बार गल्ती गरे।

पहिलो रोजाइका गोलरक्षकको सामन्य गल्तीमा गोल व्यहोरेपछि प्रशिक्षक मेघराज केसीले उनलाई दोस्रो हाफमा मैदानबाट निकाले कुथूको स्थानमा अर्का गोलरक्षक समित श्रेष्ठले मौका पाए। आर्मीविरुद्ध सलहेसले खेलको १८औँ र २६औँ मिनेटमा गोल गरेको थियो। खेलको १८औँ मिनेटमा सलहेसका अभि लामाले अग्रता गोल गरे।



पोस्टभन्दा २७ यार्डबाट उनको फितलो प्रहार आर्मीका गोलरक्षक कुथूले राम्रोसँग जज गर्न सकेनन्। बल नियन्त्रणमा लिन कुथूले डाइभ गर्दा मैदानमा बल ड्रप भयो। २६औँ मिनेटमा कुथुले यस्तै असमान्य गल्ति गरे। सलहेसका आदित्य शाक्यले आर्मीका डिफेन्डरको गल्तीमा बल अघि बढाउँदा कुथू अनावश्यक बिट हुन पुगे।

खेल सकिएपछि भरतलाई रातो कार्ड

निकै प्रतिस्पर्धात्मक खेलमा फिफा रेफ्री श्याम दनुवारका केही निर्णयप्रति आर्मीका खेलाडीले चित्त बुझाएका थिएनन्। मैदानमा पनि उनीहरूले रेफ्रीमाथि असन्तुष्टि पोखिरहेका थिए। खेल सकिएपछि आर्मीका कप्तान भरत खवासले रातो कार्ड पाएका छन्। खेल सकेर मैदानबाट बाहिरिने क्रममा रेफ्री दनुवारलाई गाली गरेपछि उनले रातो कार्ड पाएका हुन्।

राशन खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

नेपाल सरकार
मानसिक अस्पताल
लगनखेल, ललितपुर

विद्युतीय बोलपत्र आह्वानका सूचना न. : MH/Ration/081/82/01

प्रथम पटक सूचना प्रकाशन मिति : **२०८१ पुष २ गते**

१. राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरूबाट २०८१ साल **चैत्र १** गते देखि २०८२ **पुष मसान्त** सम्मलाई करिब **५०** जना का लागि आवश्यकता अनुसारको राशन आपूर्तिगर्न **मानसिक अस्पताल, लगनखेल** बोलपत्र आहवान गर्दछ।

२. खरिद गरिने राशनका किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनछ।

३. बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np मार्फत मात्रै बोलपत्र सम्बन्धी कागजात डाउनलोड गर्न तथा बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्नु पूर्व बोलपत्र सम्बन्धी कागजात खरिद गर्न देहायको बैंक खातामा तोकिएको बोलपत्र सम्बन्धी कागजातको दस्तुर रकम जम्मा गरी सो को भौचर समेत बोलपत्र संगै विद्युतीय खरिद प्रणालीमा अपलोड गर्नुपर्नेछ।

कार्यालयको नाम	: मानसिक अस्पताल, लगनखेल, ललितपुर
कार्यालयको कोड नं	: ३७०००३४०२
राजस्व शिर्षक नं	: १४२२९
खाता नं	: ००१०१०००००००१००१००१
बैंकको नाम	: नेपाल बैंक लिमिटेड, गाबाहल शाखा, ललितपुर
बोलपत्र सम्बन्धी कागजातको दस्तुर	: रु ३००० (अक्षरमा रु तीन हजार मात्र)

४. बोलपत्र पेशगर्नु पूर्व बोलपत्रदाताहरूको बैठक मिति **२०८१ पुष २१ गते** १:०० बजे. मानसिक अस्पताल, लगनखेल, ललितपुरमा राखिएको हुनाले सबै सम्भावित बोलपत्रदाताहरूले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराईन्छ।

५. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मितिदेखि ९० दिनको हुनेछ।

६. बोलपत्र पेश गर्दा बोलपत्र साथ रु. १,१३,०००।– (एक लाख तेह्र हजार मात्र) बोलपत्र खोलिने मितिदेखि गणना हुनेगरी १२० दिन मान्य रहने गरी नेपाल राष्ट बैंकबाट "क" वर्गका इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा यस कार्यालयको **नेपाल बैंक लिमिटेड, गाबाहल शाखा, ललितपुर**मा रहेको हि नं. ०१८०१०००००२००३०००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ।

७. दाखिला भएका बोलपत्रहरू मिति **२०८१ माघ ३** गते बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा मानसिक अस्पताल, लगनखेलमा अपरान्ह १:०० बजे खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। पूर्व निधारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतका मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखिनै गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्न अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरू विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

९. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ।

१०. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. एक फर्म, संस्था वा कम्पनीका नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

१२. राशन आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य वृद्धि दिईने छैन।

१३. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार यस मानसिक अस्पताल, लगनखेल, ललितपुरमा सुरक्षित रहनेछ।

१४. सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१५. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस मानसिक अस्पताल, लगनखेल, ललितपुरमा सम्पर्क राख्न सकिनेछ। साथै यो सूचना विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np मा पनि हेर्न सकिने छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com